बागमती प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरीषद्को कार्यालय

## प्रदेश सुशासन केन्द्र

जावालाखेल, ललितपुर, नेपाल

# आवधिक योजना

(आ.व. २०८०/८१-२०८४/८५)

## अन्तिम प्रतिवेदन

"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"

# महालक्ष्मी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ललितपुर, बागमती प्रदेश, नेपाल

**प्राविधिक सहयोग:**

सस्टेनेबल डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर प्रा.लि.

प्लाटफर्म ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि.

(एस.डी.आर्.सी.-पि.ई.सी.सी. जे.भी.

काठमाण्डौं, नेपाल)

**सम्पर्क ठेगाना**

प्लाटफर्म ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि.

नयाँ बानेश्वर, काठमाण्डौं-१०, नेपाल

फोन नं.: +९७७-९८४३७०७१२७, ९८६०३७१२०३

ईमेल: platformgroup5@gmail.com

# विषयसूचि


१.१. पृष्ठभूमि ........ ४
१.२ आवधिक योजनाको उद्देश्य ........ ५
१.३ आवधिक योजना तर्जुमा पक्रिया ........ ६
२.१ पृष्ठभुमि ........ ९
२.२ प्रमुख समस्या तथा चुनौती ........ ९
२.३ प्रमुख सम्भावना तथा अवसर ........ १०
२.४ निर्देशक सिद्धान्तहरु ........ ११
२.५ सोच, लक्ष्य तथा उद्देश्य ........ १३
२.६ परिमाणात्मक लक्ष्य ........ १४
२.७ रणनीति तथा प्राथमिकता ........ १५
२.८ लगानी, स्रोत अनुमान र बाँडफाँट ........ १६
३.१ कृषि तथा पशुपन्छी ........ २२
३.२. सिंचाई ........ २६
३.३.पर्यटन, सँस्कृति तथा सम्पदा ........ २९
३.४. उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ती ........ ३३
३.५. श्रम, रोजगारी र सामाजिक सुरक्षा ........ ३६
४.१. स्वास्थ्य तथा पोषण ........ ३९
४.२. शिक्षा, विज्ञान तथा नवप्रवर्तन ........ ४३
४.३ महिला, बालबालिका तथा लक्षित वर्ग ........ ४७
४.४ युवा तथा खेलकुद ........ ५१
५.२ सडक तथा पुल ........ ६०
५.३. खानेपानी तथा सरसफाई ........ ६३
५.४. जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा ........ ६७
५.५.सूचना, सञ्चार तथा प्रविधी ........ ६९
६.१. वन तथा जैविक विविधता ........ ७३

६.२. भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........................................................................ ७६
६.३. वातावरण तथा फोहोरमैला व्यवस्थापन ........................................................................ ७९
६.४. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ........................................................ ८२
७.१. संस्थागत विकास तथा सुशासन ........................................................................ ८६
८.१. पृष्ठभूमी ........................................................................ ९३
८.२. संस्थागत व्यवस्था तथा मानव संसाधन योजना ........................................................................ ९३
८.३. विषयक्षेत्र अनुसार अनुमानित बजेट ........................................................................ ९७
८.४. स्रोत अनुमान तथा प्रक्षेपण ........................................................................ १०५
८.५. स्रोत परिचालन रणनीति ........................................................................ १०९
८.६. आवधिक योजना कार्यन्वयन ........................................................................ १११
८.७. अनुगमन तथा मूल्याङ्कन योजना ........................................................................ ११३
**सर्न्दभ सामाग्री ........................................................................ ११७**
**अनुसूची-१ कार्यक्रम खाका ........................................................................ ११८**
**अनुसूची-२ मिटिङ माईनुटस् ........................................................................ १४३**
**अनुसूची-३ फोटोग्राफ ........................................................................ १५०**
**अनुसूची-४ GIS नक्सा ........................................................................ १५५**

# परिच्छेद १: परिचय

## १.१. पृष्ठभूमि

नेपालको संविधानले प्रस्ताव गरेका मौलिक हकहरूको प्रत्याभुत गर्न, प्रवर्द्धन गर्न र उपभोग गर्ने वातावरण निर्माण गर्ने दायित्व नेपालका तिनै तहका सरकारहरूको हो । सामाजिक न्याय र समाजवादको सैद्धान्तिक आधारमा राज्यका संयन्त्र, सेवा तथा कार्यक्रमहरू निर्माण गर्न वान्छनिय भएकोले तिनै तहका सरकारहरूले योजनावद्ध गरिरहेका छन् । आर्थिक अधिकारलाई सबै अधिकारहरूको चालकको रुपमा ग्रहण गर्ने अन्तराष्ट्रिय मान्यता रहिआएको छ। सरकारले आर्थिक विकासलाई आमनागरिकको लगानी र उत्पादनको उपभोग तथा वितरणमा सामाजिक न्यायको सिद्धान्तलाई अवलम्बन गर्नुका साथै वातावरणमैत्री दिगो विकासलाई आधार मानेको छ । योजनाका अन्तर्निहित सार वस्तु स्वरुप दिगो विकास, न्यायपूर्ण र समानतामा आधारित विकासको प्रतिफल वितरण, निजी, सामाजिक सुरक्षा र आर्थिक विकासका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारी सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति केन्द्रिय सरकारले लिएको  छ। आर्थिक समृद्धिसंगै राष्ट्रले सामाजिक सुरक्षा बहनको क्षेत्र व्यापक बनाउने र त्यसका आधारमा विपन्न, गरिब, असाहय, वृद्ध, बालबालिका, पछाडि पारिएको वर्ग, क्षेत्र र लिङ्ग, लोपन्मुख जातजाती आदिमा राज्यले सामाजिक सुरक्षा सुविधामा वृद्धि गर्ने सोच राखेको छ । राज्यले उद्यमीहरूलाई लगानीको अवसर सिर्जना गर्ने, वित्तीय स्रोत जुटाइदिने र सबै प्रकारका सेवा, उत्पादन र व्यापार क्षेत्र परिचालन गरी सामाजिक रुपान्तरण गर्न खोजको अवस्था छ ।

स्थानीय सरकार  सञ्चालन ऐन, २०७४  अन्तर्गत गाउँ तथा नगरको आवधिक योजना निर्माण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने र दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुऱ्याउने गरी एकीकृत विकासको योजना तयार गर्न निर्देशन गरेको छ । आवधिक योजना निर्माण गर्दा सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिन अनुरोध गरेको छ। नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकिकरण, योजना कार्यन्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्न, संयूक्त लगानी वा सार्वजनिक, निजी र सहकारी कोषको  साझेदारीमा  योजना सञ्चालन तथा व्यवस्थापन गर्ने विषयमा  प्रेरित गर्दछ । योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजिवी, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ

नागरिक लगायतका अन्य सरोकारवालाहरूको अधिकतम सहभागितामा र नगरपालिका तथा नगरपालिकाले सङ्घीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजिकरण र सहयोग गर्न आग्रह गरेको छ ।

जनउत्तरदायित्व, पारदर्शिता, जवाफदेहिता, विधिको शासन, समावेशीकरण, सहज र शीघ्र सार्वजनिक कार्य शैलीबाट सुशासन सेवा प्रवाह गरी सुशासन कायम गर्न सम्भव छ । हरेक स्थानीय सरकारले सुशासनका यी विषयहरूलाई आफ्ना काम कारवाही र सेवाप्रवाहमा अवलम्बन गर्ने र त्यसको उपयुक्त अनुगमनको व्यवस्था गरिनु पर्दछ। हरेक स्थानीय सरकारले सुशासनका तत्वहरूलाई आफ्ना दैनिक काम कारवाही र योजनामा अवलम्बन गर्न त्यसको उपयुक्त अनुगमनको प्रणाली तयार पारी लागु गर्ने गरी बागमती प्रदेशले पहिलो आवधिक योजना निर्माण गरि स्थानीय तहहरूलाई विभिन्न स्थानीय कार्यसुचिहरू प्रदान गरेको छ। संविधानमा उल्लेखित अधिकार क्षेत्रहरूको बाँडफाँड र स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तिय आयोग ऐन र स्थानीय तहको योजना तर्जुमा कार्यविधि एवं दिग्दर्शनलाई यस आवधिक योजना भित्र अवलम्बन गर्न खोजिएको छ । पन्ध्रौं पञ्चवर्षिय योजना र बागमती प्रदेशको पहिलो आवधिक योजनामा प्रस्तुत भएका मार्ग चित्र तथा सूचकहरूलाई यस आवधिक योजनाले पछ्याउनु महालक्ष्मी नगरपालिकाको दायित्व हुन आउँछ ।

संघियताको सारभुत अवधारणाका रुपमा रहेको सन्निकटताको अवधारणा अनुरुप स्थानीय तहलाई एकल र साझा अधिकारहरूका सुचिहरूले राज्य सेवालाई स्पष्ट गरेको छ । संघीय, प्रादेशिक र स्थानीय तहका ऐन, नियम, नीति, कार्यक्रम, मापदण्ड, कार्यविधि र योजनाहरूले स्थानीय, प्रदेश, र संघ सरकारहरूको समन्वय, सहकार्य र साझा तथा एकल अधिकारहरूको कार्यान्वयनमा स्पष्ट गरेको छ। संघिय स्थानीय शासन पद्धतीलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने अधिकार तथा कर्तव्यहरूको प्रस्ताव संवैधानिक र कानुनी रुपमा गरेको छ। तीनवटा तहहरूको बीच हुने सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्ने र स्थानीय तहबाट प्रवाह हुने सेवाको गुणस्तरीयता, पारदर्शिता, उत्तरदायित्व र जनसहभागिता सुनिश्चित गर्नु रहेको छ ।

## १.२ आवधिक योजनाको उद्देश्य

स्थानीय तहको योजनाबद्ध विकास प्रयास र प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक योजनाको प्रमुख उद्देश्य रहेको छ । आवधिक योजना तर्जुमाका विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन् :

- दीर्घकालीन सोच उन्मुख रही समष्टिगत लक्ष्य, रणनीतिक कार्यक्रम तथा बजेट अनुमान सहितको विकासको रणनीतिक दस्तावेज तयार गर्ने,
- नगरपालिकाका विकासका साझेदार तथा सरोकारवालाहरूको सहभागितामा नगरपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासको मार्गचित्र तयार गर्ने,
- विषय क्षेत्रगत रणनीतिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तथा कार्यक्रम तयारी कार्यलाई निर्देशित गर्ने,

- आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन योजना, अनुगमन र समीक्षा सूचकहरूको खाका तयार पार्ने
- अन्य तहको सरकार, विकास साझेदार, समुदाय, सहकारी तथा निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि मार्ग प्रशस्त गर्ने ।

## १.३ आवधिक योजना तर्जुमा पक्रिया

### क. सन्दर्भ सामग्रीहरुको अध्ययन

आवधिक योजना निर्माण कार्यको प्रारम्भमा स्थानीय सरकार सञ्चानलसँग सम्बन्धित विभिन्न ऐन, कानुन, गत आ.व.को नीति, कार्यक्रम तथा योजना, प्रगति प्रतिवेदन आदिको अध्ययन गरियो । महालक्ष्मी नगरपालिकासँग सम्बन्धित अभिलेख, तथा उपलब्ध लेख रचना वा सम्बन्धित साहित्यहरुको डेस्क अध्ययन गरी यस नगरपालिकाको आर्थिक, सामाजिक, ऐतिहासिक, साँस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावित विविध पक्षको समीक्षा गरियो । यसका अतिरिक्त नगरपालिकाको समग्र सम्भावना तथा चुनौतीका क्षेत्रको विश्लेषण साथै नेपालको संविधान, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तिय आयोग अन्तर्गत ऐन, कानुन तथा निर्देशिका, प्रदेश सरकारका नीति तथा कार्यक्रम, राष्ट्रिय योजना आयोग अन्तर्गतका आवधिक योजना निर्माण निर्देशिका, नगरपालिकाको पार्श्वचित्र, घरधुरी सर्भेक्षणको प्रतिवेदन तथा अन्य सम्बन्धित स्रोत सामाग्रीहरुको अध्ययन गरियो । यी अध्ययनहरुको आधारमा महालक्ष्मी नगरपालिकाले अगिंकार गर्नुपर्ने नीति तथा कार्यक्रमहरुको विश्लेषण गरियो ।

### ख. अभिमुखीकरण तथा तयारी कार्यशाला

आवधिक योजना तर्जुमा सम्बन्धमा स्थानीय विकासका सरोकारवालामाझ समान बुझाइ कायम गर्न एक दिवसीय अभिमुखीकरण तथा तयारी कार्यशाला गोष्ठी आयोजना गरियो । कार्यशालामा नगरकार्यपालिकाका निर्वाचित जनप्रतिनिधिहरु, कार्यालयका कर्मचारी, विषयगत महाशाखा/शाखाका प्रमुख, लक्षित वर्ग सञ्जालका प्रतिनिधि, व्यवसायिक संघ/संस्थाका प्रतिनिधि, सहकारी, नागरिक समाज, स्थानीय प्रबुद्ध व्यक्ति, राजनितिक दलका स्थानीय प्रमुख/प्रतिनिधि तथा गैरसरकारी संस्थाका प्रतिनिधि लगायतका नगर विकासका सरोकारवालाहरुको सक्रिय सहभागिता सुनिश्चित गरियो । कार्यशालामा आवधिक योजना तर्जुमा ढाँचा, पक्रिया तथा जिम्मेवारी सम्बन्धी स्पष्टता र आवधिक योजना तर्जुमाको कार्ययोजना स्वीकृत गरियो ।

### ग. बहुसरोकारवालाहरु सँग प्रारम्भिक छलफल

तोकिए बमोजिमको ढाँचामा आवधिक योजना तर्जुमा गर्ने निर्णय बमोजिम स्थानीय तहको आयोजना तथा परामर्शदाता संस्थाको प्राविधिक सहयोगमा आवधिक योजना तर्जुमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरी योजना तर्जुमा कार्य औपचारिक रुपमा प्रारम्भ गरियो । प्रारम्भिक चरणमा नगरपालिकाको सहयोगमा नगरपालिका स्थित बहुसरोकारवालाहरुसँग आवधिक योजना निर्माणको सैद्धान्तिक पक्षलाई समेटेर छलफल

गरियो । नगरपालिकाका सरोकारवाला (निर्वाचित, जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार, संस्थाका प्रतिनिधि, शिक्षक, गैर सरकारी संस्थाहरुका प्रतिनिधि आदि) को सहभागितामा भएको उक्त छलफल संघिय संरचना अन्तर्गत स्थापित स्थानीय सरकारहरुकले अवलम्बन गर्नुपर्ने योजनाबद्ध विकासको आवश्यकताको बारेमा छलफल भयो । साथै आवधिक योजना निर्माणमा सबै समुदायको सम्मान, समतामुलक तथा समानुपातिक प्रतिनिधित्वका लागि पालिका स्तरीय समितिहरु गठन गरियो । जस अन्तर्गत नगरपालिकाका प्रमुखको अध्यक्षतामा मुल निर्देशक समितिको गठन निर्माण गरियो भने विषयगत समितिका अध्यक्षहरुको संयोजकत्वमा विषयगत समितिहरु गठन गरियो । यी समितिहरु गठनको मुख्य उद्देश्य भनेको कार्यशालामा आवधिक योजनाको अवधारणा, उद्देश्य, औचित्य तथा सम्बन्धीत विषयमा अभिमुखीकरण सहित विषय विज्ञ तथा विषयगत महाशाखा तथा शाखा प्रमुखहरुको सहजीकरण र समन्वयमा दीर्घकालिन सोच, नगर विकासको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, सम्भावना तथा समस्या विश्लेषण, अग्रणी क्षेत्रहरु, योजनाको नतिजा तालिका, नगर विकासका प्रमुख तथा रणनीतिक कार्यहरुको मस्यौदा तयार गर्नु रहेको थियो ।

### घ. वडा प्रतिनिधिहरुसँग छलफल

निर्वाचित जनप्रतिनिधिहरुको सहभागितामा सबै वडाका प्रतिनिधिहरुसँग छुट्टा छुट्टै बैठक गरी चेकलिष्टका आधारमा वडाबासीहरुले भोगिरहेको अवस्था, विकासको चाहना र सम्भावनाहरुको बारेमा छलफल गरी सूचनाहरु संकलन गरियो । यसैगरी नगरपालिकाको सामाजिक तथा प्राकृतिक अवस्थाको वस्तुस्थिती पहिचान गर्न सक्ने केहि प्रतिनिधिहरुको सहभागितामा लक्षित समुहसँग छलफल गरेर नगर बासीहरुको भावना र चाहनाहरु प्रतिनिधिमुलक रुपमा सूचना संकलन गरियो ।

### ङ. आधार रेखा सुचना तथा वस्तुस्थिति विश्लेषण

आवधिक योजनाको खाका तयार गर्नुपुर्व महालक्ष्मी नगरपालिकाको १० वटा वडामा गई वडाको वस्तुस्थिति, समस्या, सम्भावना लगायतका विषयमा जानकारी लिने कार्य भएको थियो । साथै आवधिक योजना तर्जुमा कार्यमा सहयोग गर्ने महत्वपूर्ण सूचनाको आधारको रुपमा रहेको नगरपालिकाको पार्श्वचित्र तयारी सम्पन्न भइसकेको थियो । वस्तुगत विवरणमा भौगोलिक तथा भौतिक अवस्थिति, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्था सहित विषयगत वस्तुस्थिति विवरण समावेश गरिएको छ । आवधिक योजना तर्जुमाको क्रममा प्रस्तुत गरिएको वस्तुगत विवरणमा प्राप्त सुझाव अनुसार थप उपयोगी हुनेगरी तयार गरिएको छ । आवधिक योजना तर्जुमा प्रक्रियामा वस्तुगत विवरणको विश्लेषण एवं सहभागितामूलक छलफल गरी सरोकारवालाको नक्शाङ्कन, भूमिका तथा योगदानको लेखोजोखा समेत गरिएको थियो ।

### च. आवधिक योजना तर्जुमा गोष्ठी

आवधिक योजना तयारी अभिमुखीकरण कार्यक्रम तथा वडास्तरीय तथा लक्षित समूह परामर्शबाट आएका सूचना तथा अपेक्षालाई विषय विज्ञहरुसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा नतिजामूलक योजनाको स्तरीय ढाँचामा विषयगत रुपमा लिपिबद्ध गरी वि.सं. २०७९ जेठ २४ र २५ गते योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । नगरपालिकाको नेतृत्व तथा विषयगत समितिहरुका संयोजक, नगर विकासका सरोकारवालाको सहभागिता र विषय विज्ञहरुको सहजीकरणमा सम्पन्न योजना तर्जुमा गोष्ठीमा नगर विकासको लक्ष्य, उद्देश्य निर्धारण सहित नतिजा खाकामा ढाल्ने कार्य सम्पन्न गरियो ।

यस क्रममा सबै विषय क्षेत्रगत विकास अवधारणा, नतिजा खाका, कार्यनीति, प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, आवश्यक श्रोत र अनुगमन तथा मूल्याङ्कन खाकामा सहमति गरिएको थियो । यस चरणमा विगतका कार्यशालाहरुबाट प्राप्त उपलब्धी तथा सूचनाहरु समेतको सहयोग मार्फत योजना तर्जुमा भएको छ । नगरपालिकाको समष्टिगत आर्थिक तथा सामाजिक विकासको लक्ष्य प्राप्त गर्न नगरपालिका तथा स्थानीय तहका सरोकारवालाहरुको स्रोत तथा क्षमता आधार मानी ५ वर्ष आवधिको योजना प्रारम्भिक मस्यौदा तयार गरियो । योजनालाई वार्षिक योजना (वार्षिक नीति, कार्यक्रम तथा बजेट) मार्फत कार्यान्वयन गर्ने र नियमित अनुगमन, नतिजामूलक अनुगमन तथा आवधिक समीक्षा तथा मूल्याङ्कन गरी नतिजाको मापन तथा सिकाईको प्रारुप समेत तयार गरियो ।

### छ. सूचना/तथ्याङ्क प्रशोधन, व्यवस्थापन, विश्लेषण तथा योजना दस्तावेज तयारी

योजना तर्जुमाका विभिन्न चरणहरुबाट प्राप्त विवरण, सुझाव एवम् निचोडका आधारमा आवधिक योजना दस्तावेजको मस्यौदा तयार गरियो । साथै योजनामा योजनाविद् तथा विषय विज्ञहरुको सुझाव लिई योजना तर्जुमा प्राविधिक टोलीद्वारा आवधिक योजना दस्तावेज लेखन तथा दस्तावेज नतिजामूलक योजनाको ढाँचामा स्थानीय तहका अधिकार क्षेत्रका सबै विषय एवं प्राविधिक पक्षहरुलाई तार्किक र वस्तुनिष्ठ रुपमा प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ ।

### ज. योजना प्रमाणिकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारी

माथि उल्लेखित अध्ययनका सम्पूर्ण क्रियाकलापहरु पुरा गरी आवधिक योजना सम्बन्धी प्रारम्भिक खाका तयार पारियो । तयार पारिएको प्रारम्भिक खाकाको प्रमाणीकरणका लागि महालक्ष्मी नगरपालिकाका सम्बन्धित सरोकारवालाहरुको सहभागितामा प्रतिवेदन प्रमाणीकरण गोष्ठीको आयोजना गरियो । प्रमाणीकरण गोष्ठीमा नगरपालिकाको आवधिक योजनामा समावेश हुने सम्पुर्ण विषयवस्तु तथा अध्ययनको सम्पुर्ण प्रारुप प्रस्तुत गरि सरोकारवालाबाट प्राप्त सुझावलाई संग्रहित गरियो । यसरी कार्यशालाबाट प्राप्त सुझाव तथा पृष्ठपोषणलाई समावेश गरि महालक्ष्मी नगरपालिकाको आवधिक योजनाको अन्तिम दस्तावेज तयार गरिएको छ ।

# परिच्छेद २: सोच तथा विकासको अवधारणा

## २.१ पृष्ठभुमि

नेपालको विभिन्न क्षेत्रबाट सुविधाको लागि बसाईसराई गरी मुख्य शहर नजिक बस्नाले उपशहरहरुको विकास नेपालमा तिव्र गतिमा भईरहेको छ। त्यसै सिलसिलामा भएका नगरहरुमध्य महालक्ष्मी पनि एक हो। शहरी जनसंख्यामा हुन गएको वृद्धिले उपलब्ध सेवाहरुमा चुनौती थपिदिन्छ। सेवामा वृद्धिका लागि खर्च बढाउनुपर्ने हुन्छ। त्यसै अनुसार योजना बनाई लागु गर्नुपर्ने हुन्छ। यस नगरपालिकामा रहेको उच्च जनसंख्या वृद्धिदर सँगै सेवा सुविधामा पुगेको कमिले समस्या निम्त्याई रहेको पुष्ट देखिन्छ। तसर्थ नगरपालिकाले नगर कस्तो बनाउने सोच राखेको छ र त्यस सोच पुरा गर्ने उद्देश्य र रणनीति, कार्यक्रमहरु संचालन भए नभएको अवस्था के हो, अवसर के के रहन्छन्, सबल पक्ष के के छन्, सबै समेटेर भविष्यका योजना बनाउनुपर्ने हुन्छ। यहि सिलसिलामा यस आवधिक योजनाले सबल पक्ष, दुर्बल पक्ष, अवसर, र चुनौतीहरुको विश्लेषण गर्दै सोच निर्धारण गरी योजनाहरुलाई मार्ग प्रशस्त गरेको छ।

## २.२ प्रमुख समस्या तथा चुनौती

नगरपालिकाको समग्र विकास सम्बन्धी विकास योजनाको मुख्यआधार भनेको जनस्तरबाट महसुस गरिएका विकासको विभिन्न क्षेत्रहरुमा देखिएका सबल पक्षहरु जसले योजना कार्यन्वयनमा खेल्ने भुमिका तथा यसमा देखिएका कमजोरीहरुलाई न्युनिकरण गर्न, समस्याहरुलाई समग्र विश्लेषण गरेर पालिकाको निम्ती गर्न सकिने सम्भावनाहरुलाई नियोजित सम्बोधन गर्नु हो। यो योजना तर्जुमाका क्रममा स्थानीय समुदाय, बुद्धिजीवीहरु तथा सरोकारवालाहरुबाट प्रस्तुत भएका समग्र समस्या तथा चुनौतीहरुलाई देहायका उपशिर्षकमा प्रस्तुत गरिएको छ।

**क) समस्याहरु (Weakness)**

- अव्यवस्थित शहरीकरण
- न्यून पूर्वाधार सेवा (खानेपानी, सरसफाई, यातायात)
- साँस्कृतिक सम्पदा मासिदै जानु
- खुला क्षेत्र नभएको (१, २, ३, ४ वडामा)
- प्राविधिक शिक्षा तथा जनशक्तिको कमी
- प्रशासनिक भवनको अभाव

**ख) चुनौतीहरु (Threats)**

- खोलानालाहरु दुषित हुने
- अव्यवस्थित बसोबासको व्यवस्थापन
- भूउपयोग योजना कार्यान्वयन गर्न
- सुरक्षाको दृष्टिले आपराधिक घटना बढेर जाने

## २.३ प्रमुख सम्भावना तथा अवसर

यो योजना तर्जुमाका क्रममा स्थानीय समुदाय, वुद्धिजीवीहरु तथा सरोकारवालहरुबाट प्रस्तुत भएका समग्र सम्भावना तथा अवसरहरुलाई देहायका उपशिर्षकमा प्रस्तुत गरिएको छ ।

**क) सम्भावनाहरु/बलियो पक्ष (Strengths)**

- उपयुक्त हावापानी र भूगोल भएकोले चाँडो विकास गर्न सकिने सम्भावना
- राजधानी नजिक भएकोले राम्रो पक्ष सिक्ने र नराम्रो पक्षलाई सुधार गर्ने अवसर भएको
- नगरपालिका भित्र ऐतिहासिक धार्मिक र साँस्कृतिक धरोहर रहेकोले पर्यटक वृद्धि गर्न सकिने सम्भावना
- उब्जाउ हुने जमिन भएकोले हरित नगरपालिका बनाउन सकिने ।
- शैक्षिक संस्थाहरु तथा साक्षरता दर उच्च भएकोले जनचेतना उच्च भएको ।
- मनोरम प्राकृतिक दृष्य भएकोले पर्यटकलाई आकर्षण गर्ने सम्भावना ।
- विकासका पूर्वाधारका लागि ऐन कानुन नीति नियम बनाएकोले सुशासन वृद्धि हुने सम्भावना ।
- कपडा बुन्ने कारखानाहरु प्रशस्त रहेकोले रोजगारी तथा आर्थिक वृद्धि गर्न सकिने ।
- नयाँ निर्वाचित जनप्रतिनिधिहरु प्रतिबद्ध भएकोले समयको उच्चतम प्रयोग गर्न सकिने ।

**ख) अवसरहरु (Opportunities)**

- योजनाबद्ध वस्ती विकासका लागि प्रशस्त जमिन (७, ८, ९, १०) वडामा भएकोले वस्ती विकास गर्न सकिने ।
- पूर्वाधार विकासमा अरु छिमेकी स्थानीय तहहरु सँग समन्वय गर्ने अवसर रहेको ।
- कृषिमा आधुनिक औजार, र व्यवसायिकरण गरी उत्पादन बढाउन सकिने अवसर ।
- छिमेकी नगरपालिकामा समेत प्रशस्त जनसंख्या वृद्धिदर रहेकोले पालिकालाई शैक्षिक हबको रुपमा विकास गर्न सकिने ।

## २.४ निर्देशक सिद्धान्तहरु

यस महालक्ष्मी नगरपालिकाको पञ्चवर्षिय आवधिक योजनामा उल्लेखित उद्देश्यहरु प्राप्त गर्न निम्न अनुसार निर्देशक सिद्धान्तहरु निर्धारण गरिएको छ ।

### २.४.१. दिगो विकासको सिद्धान्तः

यस आवधिक योजनाले लक्षित उपलब्धीहरुलाई आर्थिक सामाजिक, तथा वातावरणीय रुपमा सन्तुलित राख्दै स्थानिय श्रोत र साधनहरुको आत्मनिर्भरतामा आधारित विकास कार्यक्रमहरुलाई दिगोपना प्रदान गर्ने तर्फ जोड दिईएको छ ।

### २.४.२. उद्यमशिलता तथा व्यवसायिक कृषिजन्य उद्योग स्थापनाको सिद्धान्तः

नगरपालिकाको वर्तमान मौलिक प्रविधिमा आधारित उत्पादन स्थितिलाई प्रतिस्पर्धात्मक बजार प्रणालीमा जोड्न स्थानीय कृषक र समुदायलाई उद्यमशिलता विकास तालिमले कृषिमा आधारित उद्यमशिलता विकास तर्फ यस आवधिक योजनाले जोड दिएको छ ।

### २.४.३. भौतिक पूर्वाधार तथा वातावरणीय सन्तुलीत विकासको सिद्धान्तः

यस आवधिक योजनाले सडक यातायात, मोटेरेबल पुल, खानेपानी, विद्युत, संचार लगायतका भौतिक पूर्वाधार विकास सम्बन्धि उपलब्धीहरुलाई यहाँको महालक्ष्मी संरक्षण क्षेत्र तथा यहाँका प्राकृतिक सम्पदाहरुलाई नकारात्मक असर नपुऱ्याउने गरि एक आपसमा पुरक निकायका रुपमा अगाडी बढाउन जोड दिइएको छ ।

### २.४.४. स्थानिय श्रोतको समुचित व्यवस्थापन सिद्धान्तः

नगरपालिकाको विकासलाई दिगो र आत्मनिर्भरतामा आधारित बनाउन यहाँका स्थानीय श्रोत साधनहरुको पहिचान, धार्मिक/साँस्कृतिक पर्यटन विकास, त्यसका समस्या, कारण तथा समाधानका उपायलाई सम्बोधन गर्न प्रयास गरिएको छ। अझ विशेष गरि महालक्ष्मी नगरपालिकाको आन्तरिक आयलाई वृद्धि गर्दै नतिजामुखि विकासका लागि आयमुखि र व्यवसायिक बनाउन समुचित व्यवस्थापनको सिद्धान्त अगाडि सारिएको छ ।

### २.४.५. रोजगार प्रवर्द्धन तथा कृषि पशुपालन विकासको सिद्धान्तः

नगरपालिकाको आर्थिक विकासको मुख्य आधारको रुपमा रहेको खेती, जडिबुटि, पर्यटन, कृषि तथा पशुपालन क्षेत्रलाई सशक्त तथा रोजगारमूलक बनाउन मानविय श्रोत विकास, प्रचार प्रसार तथा व्यवसायिक विकासका माध्यमबाट अगाडि बढाउने सिद्धान्तलाई अगिंकार गरिएको छ ।

### २.४.६. साझेदारी तथा सहभागितात्मक विकासको सिद्धान्त

विकासको विभिन्न तह र कार्यक्रमहरु संचालन गर्न स्थानीय तह, प्रदेश तथा संघिय सरकार, विभिन्न गैरसरकारी संस्थाहरु, सहकारी, निजी अंग, विकास साझेदारहरु सँग समन्वय तथा संजाल स्थापना गरी योजनाबद्ध रुपमा अगाडी बढ्ने सिद्धान्तलाई जोड दिएको छ । स्थानिय सरकारको

रुपमा रहेको महालक्ष्मी नगरपालिकाको स्वीकृति पश्चात मात्र विकास योजनाहरु संचालन गर्न प्रोत्साहन गरिएको छ ।

### २.४.७. मानव संसाधन तथा संस्थागत विकासको सिद्धान्त

नगरपालिका विकासका लागि विविध क्षेत्रहरुमा दक्ष मानविय संसाधन तथा सशक्त संस्थागत क्षमता आवश्यक पर्दछ । यसका लागि उपलब्ध मानवीय श्रोतलाई पुँजी निर्माण पद्धती निर्माण गरी प्रभावकारी तथा क्षमतावान बनाउने सिद्धान्तलाई अगाडि सारिएको छ । पालिकामा कृयाशिल सरकारी गैरसरकारी क्षेत्र लगायत सहकारी र निजी क्षेत्रको साझेदारीलाई प्रोत्साहन गरिएको छ ।

### २.४.८. लैङ्गीक तथा सामाजिक विकासको सिद्धान्त

नगरपालिका विकासका सबै क्षेत्रहरुमा हुने कार्यक्रम तथा आयोजनामा महिला, दलित, आदिबासी, जनजाति तथा विपन्न वर्गको मानिसहरुको समावेशी सहभागितालाई यस आवधिक योजनाले प्रोत्साहन गर्नेछ । सेवा र सुविधाबाट पछाडी परेका वर्ग तथा समुदायको सहभागिता भूमिका तथा क्षमताको अभिवृद्धि गरि समाजिक न्यायमा आधारित सम विकास गर्न लक्षित वर्ग समुदायको आर्थिक, सामाजिक, राजनैतिक, साँस्कृतिक तथा संस्थागत क्षमता सशक्तिकरण गर्ने सिद्धान्तलाई जोड दिइएको छ ।

### २.४.९. सुशासन पारदर्शी तथा जनकेन्द्रित विकासको सिद्धान्तः

नगरपालिकाका हरेक तहमा गरिने क्रियाकलापहरुलाई चुस्त, दुरुस्त पारदर्शी तथा जनमुखी रुपमा योजना दस्तावेजमा उल्लेखित कार्यक्रमहरु कार्यान्वयन गर्न स्थानिय समुदायको भूमिका, अधिकार, सहभागिता एवम् पूर्ण जवाफदेहिता लाई आधार मान्ने सिद्धान्तलाई यस आवधिक योजनाले अभिन्न अंगको रुपमा आत्मसात गरेको छ । यसका लागि तथ्याङ्क प्रणाली अद्यावधिक गरि विकास योजना कार्यान्यवयन सँगै अनुगमन तथा मूल्याङ्कनलाई सशक्त रुपमा लगिनेछ ।

### २.४.१०. गैरसाकारी, सामुदायिक तथा निजी संस्थाहरुको क्षमता सशक्तिकरण तथा मूलप्रवाहीकरणको सिद्धान्तः

यस पालिका विकास गतिविधिमा सरोकार राख्ने स्थानीय सामुदायिक, गैरसरकारी, सहकारी तथा निजी संस्थाहरुलाई सक्रियता र मुलप्रवाहिकरणका लागि तिनिहरुको क्षमता अभिवृद्धि, साझेदारी तथा समावेशीकरणलाई अगाडि बढाउन क्षमता विस्तारका कार्यक्रमहरु प्रस्ताव गरिएको छ ।

## २.५ सोच, लक्ष्य तथा उद्देश्य

यस आवधिक योजनालाई पालिका विकासमा मार्ग निर्देशकका रुपमा अगाडि बढाउनका लागि यसको दिर्घकालिन सोच/परिकल्पना, लक्ष्य निर्धारण गरिएको छ :

### २.५.१ नगरपालिकाको दीर्घकालीन सोच

**"स्वच्छ, सफा, समृद्ध, सुन्दर-महालक्ष्मी नगर"**

### २.५.२ लक्ष्य

महालक्ष्मी नगरपालिकाले बढ्दो शहरीकरण लाई व्यवस्थापन गर्दै स्वच्छ, सफा, हरित, समृद्ध र सुन्दर महालक्ष्मी नगरपालिका बनाउने लक्ष्य लिएको छ।

### २.५.३ उद्देश्य

महालक्ष्मी नगरपालिकाको समष्टिगत उद्देश्यहरु देहाय बमोजिमका रहेका छन् :

- उत्पादन, रोजगारी र आयमा दीगो वृद्धि गर्नु।
- नगरपालिकालाई साँस्कृतिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नु।
- सभ्य, स्वस्थ र स्वावलम्बी जनशक्तिको विकास गर्नु।
- बसोबास, बजार, भौतिक सुविधा तथा अन्तर आवद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउनु।
- वनको दीगो व्यवस्थापन, गुणस्तर अभिवृद्धि र जैविक विविधता संरक्षण गर्नु।
- दीगो फाहोरमैला व्यवस्थापन एवम् वातावरणीय स्वच्छताको अवस्था हासिल गर्नु।
- समुदायलाई विपद् उत्थानशील र पूर्वाधारलाई विपद् प्रतिरोधी बनाउनु।
- सेवा प्रवाह तथा विकास उपलब्धीलाई समावेशी, सहज प्रभावकारी र जवाफदेही बनाउनु।

## २.६ परिमाणात्मक लक्ष्य

योजनाको समष्टिगत परिमाणात्मक लक्ष्य तालिका १ मा दिईएको छ।

**तालिका १ : परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | एकाई | आधार वर्षको अवस्था | | | योजनाको लक्ष्य |
|---|---|---|---|---|---|---|
| | | | नेपाल | प्रदेश | पालिका | पालिका |
| क) | समष्टिगत गन्तव्य तथा सूचक | | | | | |
| १ | मानव विकास सूचकाङ्क | सूचकांक | ०.५७१ | ०.६४१ | ०.६३६ | ०.६६ |
| २ | औसत आयु | वर्ष | | ७२ | | ७२.५ |
| ३ | ग्राहस्थ प्रतिव्यक्ति आम्दानी | युएस्डलर | | | | |
| ४ | साक्षरता दर | प्रतिशत | | ६९ | | ९० |
| ५ | बेरोजगारी दर | प्रतिशत | | | | |
| ६ | निरपेक्ष गरिबीको रेखामुनीको जनसंख्या | प्रतिशत | १७.१ | १२.२ | | ५ |
| ख) | विषय क्षेत्रगत गन्तव्य र सूचक | | | | | |
| १ | प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जि. | ११७.५ | १११.७ | | ५५ |
| २ | काठको उत्पादन (लाखमा) | घ.मि. | ११४ | | | |
| ३ | कुल उद्योग व्यवसाय | संख्या | | | | |
| ४ | अपाङ्गताको अवस्था | प्रतिशत | | | १.०३ | १ |
| ५ | पर्यटन आगमन (हजारमा) | संख्या | | | | |
| ६ | वैदेशिक रोजगारी रहेको घरपरिवार | प्रतिशत | | | | |
| ७ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ८८ | | ९६.६७ | ९९ |
| ८ | नवीकरणीय उर्जा उपयोगको अनुपात | प्रतिशत | ७ | | | १५ |
| ९ | विद्युत उत्पादन क्षमता | मे.वा. | | | | |
| १० | सिँचित क्षेत्रफल | प्रतिशत | | ४३ | | ५० |
| ११ | उपलब्ध सडक लम्बाई | कि.मि. | ७८९० | | | |
| १२ | माटोको जोडाइवाला ढुङ्गा/ईट्टाको गारो भएको घरमा बस्ने परिवारको विवरण | प्रतिशत | ४० | | २९.९५ | १० |
| १३ | स्थानीय तहमा इमेल र इन्टरनेटको अवस्था | प्रतिशत | ६५.९ | ७१.२ | १० | ९५ |
| १४ | युवा जनशक्तिको अवस्था(१५-३९ वर्ष) | प्रतिशत | | | ५०.२६ | ६० |
| १५ | विद्यालय (सामुदायिक र संस्थागत) | संख्या | | | १४/३७ | १४/३० |
| १६ | आधारभूत तह (१-८) खुद भर्ना दर | प्रतिशत | ९३ | ९४.८ | ९०.३४ | ९२ |
| १७ | माध्यामिक तह (९-१२) खुद भर्ना दर | प्रतिशत | ४६ | ४८.२ | | ५५.२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | उच्च शैक्षिक उपलब्धि (स्नातक) | जना | | | ७.११ | ११.२ |
| १९ | सुरक्षित सुत्केरी गराउने गर्भवती महिला | प्रतिशत | | ७०.७ | | ९० |
| २० | बाल विवाह भएको जनसंख्या | जना | | | | |
| २१ | पाइपको पानी प्रयोग गर्ने परिवार | प्रतिशत | ८९ | | ४२.८१ | ७०.२ |
| २२ | साधारण शौचालय भएका परिवार | प्रतिशत | | ६४ | १५.३२ | ९८ |
| २३ | बैंक तथा वित्तीय संस्थाको शाखा | संख्या | | | १३ | १५ |
| २४ | घर/जग्गाको एकल स्वामित्व भएका महिला | प्रतिशत | १६.७ | १६.८ | १४.२१/ २१.९६ | २०.२ |
| २५ | शौचालय नभएको परिवार | प्रतिशत | ४८.२ | ६६.० | ०.६७ | ०.०१ |

## २.७ रणनीति तथा प्राथमिकता

### २.७.१. रणनीतिहरु

महालक्ष्मी नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य प्राप्त गर्न देहायअनुसारका प्रमुख रणनीतिहरु अवलम्बन गरिनेछः

- तुलनात्मक लाभका कृषि, पशुपंक्षी, तथा वनजन्य उत्पादनको व्यावसायीकरण, विविधीकरण तथा औद्योगीकरण गर्ने
- साँस्कृतिक पर्यापर्यटनको प्रवर्द्धन गर्ने
- गुणस्तरीय तथा व्यवसायिक शिक्षा र स्तरीकृत स्वास्थ्य सेवा, सुदृढ सरसफाइ तथा स्वच्छ खानेपानी सुविधाको सुनिश्चित गर्ने
- सामाजिक न्याय, समावेशीकरण, संरक्षण तथा सामाजिक सुरक्षामा सहज पहुँच स्थापित गर्ने
- दिगो तथा उत्पादनशील पूर्वाधार निर्माण, सहज यातायात, सुरक्षित आवास, उन्नत सञ्चार सूचना र स्वच्छ ऊर्जाको विकास, विस्तार र स्तरोन्नति गर्ने
- विकास प्रक्रिया तथा उपलब्धीलाई योजनावद्ध, दिगो, नतिजामुखी र विपद् उत्थानशील बनाउने
- योजना चक्रका सबै हिस्सामा अन्तर सरकारी, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजसँगको समन्वय, साझेदारी र सहकार्यलाई प्राथमिकता दिने
- जनमुखी सेवा प्रवाह, कार्यसम्पादन क्षमता र जवाफदेहिता अभिवृद्धि गर्ने

- आन्तरिक राजस्व सदृढीकरण, स्रोत परिचालन र वित्तीय अनुशासन प्रवर्द्धन गर्ने

### २.७.२. प्राथमिकता

यस दीर्घकालीन सोच तथा लक्ष्य, सम्भावना तथा अवसर एवम् सरोकारवालाहरूसँगको छलफलका आधारमा यस नगरपालिकाको प्रमुख प्राथमिकता प्राप्त क्षेत्र देहायअनुसार पहिचान गरिएको छ ।

- बढ्दो शहरीकरणलाई व्यवस्थीत गर्नु,
- पूर्वाधार विकास मार्फत विकासका सम्भावनालाई फराकिलो पार्नु,
- दिगो विकासका सिद्धान्तहरु अवलम्बन गर्दै लक्ष्यहरु हासिल गर्नु,
- प्रतिफलमूलक र उत्पादनमुलक कार्यक्रम मार्फत सामाजिक समता कायम गर्नु,
- पर्यटन प्रवर्द्धन, पूर्वाधार विकास तथा प्रचारप्रसार,
- दिगो तथा उत्पादनशील पूर्वाधार, सहज यातायात, सुरक्षित आवास,
- व्यावसायिक शिक्षा र स्तरीकृत स्वास्थ्य सेवा, सुदृढ सरसफाइ तथा स्वच्छ खानेपानी,
- योजनावद्ध, दिगो, नतिजामुखी विकास र विपद् उत्थानशीलता,
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण,
- आन्तरिक श्रोतको अधिकतम परिचालन तथा व्यवस्थापन गर्नु,
- स्रोत व्यवस्थापन तथा वित्तीय अनुशासन,

## २.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

### २.८.१ वित्तीय व्यवस्थापन

### २.८.१.१ सार्वजनिक स्रोत परिचालनको आधार

महालक्ष्मी नगरपालिकाको आवधिक योजनाको दीर्घकालिन सोच अनुसारको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि पहिचान गरिएका कार्यक्रमहरुको प्राथमिकिकरण गरी सोको लागि आवश्यक स्रोतहरुको व्यवस्थापन गर्न सम्भाव्य स्रोतहरुको आँकलन र नयाँ स्रोतहरुको पहिचान गरी परिचालन तथा उपयोग गरिनेछ ।

#### क) वित्तिय हस्तान्तरण

नेपालको संविधान र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनद्धारा व्यवस्था गरिए बमोजिम यस नगरपालिकालाई संघ र प्रदेशहरुबाट देहाय बमोजिमका वित्तिय स्रोतहरु हस्तान्तरण हुनेछ ।

- ✓ संघीय सरकारद्धारा वार्षिक रुपमा उपलब्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाडँफाँट
- ✓ प्रदेश सरकारद्धारा वार्षिक रुपमा उपलब्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँट

- ✓ वैदेशिक अनुदानतर्फ अन्तराष्ट्रिय विकास सहायता नीति, २०७६ बमोजिम संघीय अर्थ मन्त्रालयको संयोजनमा प्राप्त हुने रकम ।

**ख) आन्तरिक आय**

- ✓ स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय तहले प्राप्त गर्ने कर तथा गैरकरका रकमहरु ।

**ग) अन्य**

- ✓ नगरपालिकाको बजेट संरचना बाहिर संघद्धारा प्रत्यायोजित कार्यक्रमअन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम
- ✓ निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट प्रवाहित हुने रकम
- ✓ संघीय तथा प्रदेश तहबाट कार्यक्रमसहित प्राप्त हुने रकम

## २.८.१.२ कुल वित्तिय लगानी

महालक्ष्मी नगरपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका निमित्त आवधिक योजना अन्तर्गतका कार्यक्रमहरु सञ्चालनका लागि कूल रु. ७२१ करोड वित्तीय लगानी हुने अनुमान छ । सार्वजनिक क्षेत्र अन्तर्गत रु. ६४८ करोड लगानी हुने अनुमान गरिएको छ भने न्यून हुन आउने रु. ७२ करोड निजी, सहकारी तथा गै.स.स. बाट हुने अनुमान गरिएको छ । नगरपालिकास्तरमा भएको छलफल तथा उपलब्ध विवरणका आधारमा आवधिक योजना अवधिमा सार्वजनिक, सहकारी, निजीर गैरसरकारी (राष्ट्रिय र अन्तर्राष्ट्रिय) क्षेत्रबाट परिचालन हुने कूल रु. ७२१  करोड लगानी विवरण तल तालिका दिइएको छ ।

**तालिका २ : आवधिक योजनामा बहुक्षेत्रगन अनुमानित लागत**

| क्र.सं. | श्रोत | रकम (रु. करोडमा) | प्रतिशत |
|---|---|---|---|
| १ | सार्वजनिक क्षेत्र | ६८४ करोड | ९० |
| २ | निजी क्षेत्र | ७२ करोड | १० |
| ३ | गैर सरकारी/ अन्तराष्ट्रि गै.स.स. | | |
| ४ | कूल जम्मा | ७२१ करोड | |

यसरी लागतको ठूलो हिस्सा सार्वजनिक क्षेत्रले ९० प्रतिशत छ भने निजी क्षेत्र र गैर सरकारी /अन्तराट्रिय गै.स.स.लाई समेत समाहित गरेर कार्यक्रमको साझेदारीको रूपमा लिइएको छ । आवधिक योजनामा बिभिन्न योजनाहरुको लक्ष्य प्राप्तिको लागि आवश्यक पर्ने ६८४ करोड भने न.पा.ले प्रदेश सरकार तथा संघीय सरकारका साथै अरु साझदारी संघ /संस्था बाट जम्मा गर्न सक्नेछ ।

### २.८.१.३ लगानीका क्षेत्रहरु

महालक्ष्मी नगरपालिकाको पछिल्ला वर्षहरुको बजेट विश्लेषण गर्दा खर्च शिर्षकहरु मध्ये सबै भन्दा धेरै अर्थात करिव ३१.३६ प्रतिशत पूर्वाधार विकास तर्फ, ११.९ प्रतिशत आर्थिक विकास तर्फ, १९.२४ प्रतिशत सामाजिक विकास तर्फ, त्यसैगरी १२.७१ प्रतिशत संस्थागत विकास र सुशाशनमा संआधा क्षेत्रमा खर्च भएको देखिन्छ ।




चित्र : प्रतिशतको आधारमा विषयगत खर्चको विवरण

### २.८.२ सार्वजनिक खर्च र खर्च बेहोर्ने श्रोतहरु

महालक्ष्मी नगरपालिकाको प्रथम आवधिक योजना अन्तर्गत प्रक्षेपित खर्च जुटाउन अन्तर सरकारी वित्तीय हस्तान्तरणका साथै आन्तरिक राजस्वका स्रोतहरू पनि परिचालन गर्नुपर्नेछ। हाल आन्तरिक राजस्वका स्रोतहरूको सीमितताको कारणले संघ र प्रदेशबाट प्राप्त हुने विभिन्न अनुदान लगायतका रकमहरू माथि निर्भर रहनुपर्ने स्थिति विद्यमान रहेको छ । लगभग ९० प्रतिशत रकम संघीय सरकार र प्रदेश सरकारबाट अनुदान र राजस्व बाँडफाँडबाट प्राप्त हुने यस महालक्ष्मी नगरपालिकाले स्थायी रूपमा अन्य श्रोतहरूको पहिचान गर्न पर्ने अवस्था देखिन्छ ।

## तालिका ३ : सार्वजनिक खर्च

| सि.न | क्षेत्र | अनुमानीत लागत | श्रोत | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | जनसहभागीता नगद, सार्वजनिक निजी साझेदरी | |
| | | | ५ % | ७५ % | १० % | १० % | |
| १ | आर्थिक विकास क्षेत्र | ७९५०४११२९ | ३९७५२०५६.५ | ५९६२८०८४६.८ | ७९५०४११२.९ | ७९५०४११२.९ | ७९५०४११२९ |
| २ | सामाजिक विकास क्षेत्र | २६५५२९११२९ | १३२७६४५५६ | १९९१४६८३४७ | २६५५२९११३ | २६५५२९११२.९ | २६५५२९११२९ |
| ३ | पूर्वाधार विकास क्षेत्र | ३१८५५५७२५८ | १५९२७७८६३ | २३८९१६७९४४ | ३१८५५५७२६ | ३१८५५५७२५.८ | ३१८५५५७२५८ |
| ४ | वातावरण तथा विपद व्यवस्थापन क्षेत्र | ४७१८७६१२९ | २३५९३८०६.५ | ३५३९०७०९६.८ | ४७१८७६१२.९ | ४७१८७६१२.९ | ४७१८७६१२९ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १०३००००००० | ५१५०००० | ७७२५०००० | १०३००००० | १०३००००० | १०३०००००० |
| | **जम्मा** | **७२१०७६५६४५** | **३६०५३८२८२** | **५४०८०७४२३४** | **७२१०७६५६५** | **७२१०७६५६५** | **७२१०७६५६४५** |

### बहुपक्षीय स्रोतहरूको परिचालन

यस नगरपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका निमित्त आवधिक योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालनका लागि सह–वित्तीयकरण एवं सहकार्यको रणनीतिलाई अवलम्बन गर्दै सार्वजनिक, सहकारी नीजी क्षेत्र र गैर-सरकारी/अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरू लगायतबाट पूरक स्रोतहरू परिचालन गरिनेछन् । आवधिक योजनाले परिलक्षित गरेका आर्थिक तथा सामाजिक विकासका कार्यक्रमहरूका लागि सबै क्षेत्रहरूबाट सम्भाव्य स्रोतहरूको परिचालन गरिनेछ । सार्वजनिक क्षेत्र, सहकारी क्षेत्र, निजी क्षेत्र तथा र गैर-सरकारी/अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरू समेत सहभिगता गराएर जान पर्ने अवस्था रहेको छ ।

## तालिका ४ : महालक्ष्मी नगरपालिकाको सार्वजनिक खर्च र खर्च बेहोर्ने श्रोतहरु

| सि.न | आम्दानी विवरण | पाँच वर्षको प्रस्ताव | | | | | कुल |
|---|---|---|---|---|---|---|---|
| | | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | जम्मा |
| १ | वित्तिय समानिकरण अनुदान (संघ) | २०७२४०००० | २२७९६४००० | २५०७६०४०० | २७५८३६४४० | ३०३४२००८४ | १२६५२२०९२४ |
| २ | राजश्व बाँडफाँड (संघ) | ८८०५७२०० | ९६८६२९२० | १०६५४९२१२ | ११७२०४१३३.२ | १२८९२४५४६.५ | ५३७५९८०११.७ |
| ३ | वित्तिय समानिकरण अनुदान (प्रदेश) | १८१७६४०० | १९९९४०४० | २१९९३४४४ | २४१९२७८८.४ | २६६१२०६७.२४ | ११०९६८७३९.६ |
| ४ | राजश्व बाँडफाँड (प्रदेश) | ३०२८१४७२७.९ | ३३३०९६२००.७ | ३६६४०५८२०.७ | ४०३०४६४०२.८ | ४४३३५१०४३.१ | १८४८७१४१९५ |
| ५ | सर्शत अनुदान (संघ) | २३७७२०००० | २४९६०६००० | २६२०८६३०० | २७५१९०६१५ | २८८९५०१४५.८ | १३१३५५३०६१ |
| ६ | आन्तरिक आम्दानी (राजश्व) | १११८४४९५०० | ११७४३७१९७५ | १२३३०९०५७४ | १२९४७४५१०२ | १३५९४८२३५८ | ६१८०१३९५०९ |
| ७ | सघंबाट प्राप्त समपुरक अनुदान | ४४९९०००० | ४९४८९००० | ५४४३७९०० | ५९८८१६९० | ६५८६९८५९ | २७४६६८४४९ |
| ८ | प्रदेशबाट प्राप्त समपुरक अनुदान | ३२७४८१०० | ३६०२२९१० | ३९६२५२०१ | ४३५८७७२१.१ | ४७९४६४९३.२१ | १९९९३०४२५.३ |
| ९ | सर्शत अनुदान (प्रदेश) | १८३५१९०० | १९२६९४९५ | २०२३२९६९.७५ | २१२४४६१८.२४ | २२३०६८४९.१५ | १०१४०५८३२.१ |
| १० | संघबाट विशेष अनुदान | १२६५०००० | १३९१५००० | १५३०६५०० | १६८३७१५० | १८५२०८६५ | ७७२२९५१५ |
| ११ | प्रदेशबाट विशेष अनुदान | ३६२२५०० | ३८०३६२५ | ३९९३८०६.२५ | ४१९३४९६.५६३ | ४४०३१७१.३९१ | २००१६५९९.२ |
| १२ | वचत (अल्या रकम) | | | | | | ० |
| १३ | अन्य क्षेत्र (जनसहभागीता समेत) | ४६४३६२५० | ४८७५८०६२.५ | ५११९५९६५.६३ | ५३७५५७६३.९१ | ५६४४३५५२.१ | २५६५८९५९४.१ |
| | **जम्मा** | **२१३१२५६५७८** | **२२७३१५३२२८** | **२४२५६७८०९३** | **२५८९७१५९२२** | **२७६६२३१०३४** | **१२१८६०३४८५५** |

## २.८.३ सार्वजनिक खर्चको बाँडफाँट

**तालिका ५ : सार्वजनिक खर्चको बाडँफाँट**

| सि.न | व्यय | पाँच वर्षको प्रस्ताव | | | | | कुल |
|---|---|---|---|---|---|---|---|
| | | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | जम्मा |
| १ | चालु खर्च | ६६८५७५२०० | ८०२२९०२४० | ९६२७४८२८८ | ११५५२९७९४६ | १३८६३५७५३५ | ४९७५२६९२०८ |
| २ | पुजींगत खर्च | १४६२६८१३७८ | १४७०८६२९८८ | १४६२९२९८०५ | १४३४४१७९७६ | १३७९८७३४९९ | ७२१०७६५६४६ |

# परिच्छेद ३ : आर्थिक क्षेत्र

## ३.१ कृषि तथा पशुपन्छी

### ३.१.१ पृष्ठभुमी

महालक्ष्मी नगरपालिका काठमाण्डौं उपत्यका भित्रको एक नगरपालिका हो। काठमाण्डौं उपत्यकाको बनोट ताल सुकेर बनेको हुनाले माटो उब्जाउमय छ। यहाँ फाँटमा धान, मकै, गहुँ, जस्ता खाद्यान्न, मौसमी फलफलु, तरकारीका लागि उपयुक्त हावापानी रहेको पाईन्छ। हाल काठमाण्डौं उपत्यकाको जनघनत्व बढ्दै गएको हुनाले नगरपालिकाको पश्चिमी भागमा खाली जमिन रहेको देखिन्छ भने पूर्वतर्फको क्षेत्रमा बस्ती नबसेको जमिन देख्न सकिन्छ। तर सिँचाई सुविधाको अपर्यप्तताले आकाशे खेतीमा भरपर्नुपर्ने हुन्छ। नजिकको ठूलो बजार, बढ्दै गरेको वस्ती भएकोले कृषि तथा पशुपालनमा जति वस्तु उत्पादन गरे पनि सजिलै विक्रि वितरण हुने भएका कारणले यहाँ कृषिका लागि उपयुक्त देखिन्छ । तर हाल कृषि पेशामा युवाहरुको रुची बढ्न थालेकोले कृषि व्यवसायीकरणमा समेत उन्मुख रहेको देखिन्छ ।

धेरै मूल्य प्राप्त हुने लसुन, च्याउ त्यसैगरी टनेल खेती मार्फत थोपा सिँचाई पनि सुरु भएको देखिन्छ । गाई भैंसी दुधका लागि बाख्रापालन, कुखुरापालन मासुका लागि पनि यहाँ पशुपंक्षी पालन, ठाउँठाउँमा माछापालन, मौरीपालन, जस्ता कृषि कार्य भईरहेका छन्। सिँचाईको सुविधा उपलब्ध गराउन सके मौसमी तथा बेमौसमी बालीहरुको उत्पादन र उत्पादकत्व बढ्ने थियो। लोठसल्ला, अम्रिसो, तेजपत्ता, निगाँलेबाँस, टिमुर, उत्तिस जस्ता वनमा आधारित विरुवाको खेती पनि यस पालिकामा भईरहेको छ। यस पालिकाले कृषिपर्यटनको पनि विकास गर्न सकिन्छ।

### ३.१.२ समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • कृषि तथा पशुपालन सम्बन्धि कार्यविधि नबनेको ।<br>• वडा नं. १-४ सम्म शहरीकरणका कारण कृषि तथा पशुपालन विस्थापित हुँदै गएको ।<br>• जमिन खण्डीकरण भएको । | • जमिन खण्डीकरण, उत्पादन लागत बढ्नु, कृषि तथा पशु पालनमा रोग व्याधीको चुनौती रहेको ।<br>• बाढी पहिरोको कारण कृषि भूमि बचाउन चुनौती रहेको (वडा नं. ५, ६, ७, ८, ९ र १० मा) ।<br>• समयमा मलखाद, उन्नत बिउ विजनको उपलब्धतामा कमी<br>• व्यवस्थीत भरपर्दो बजार व्यवस्थापनको अभाव । |

### ३.१.३ सम्भावना र अवसर

| सम्भावना | अवसरहरु |
|---|---|
| • वडा नं. ६, ८, ९ र १० मा कृषि तथा पशुपालनको अत्याधिक सम्भावना भएको ।<br>• दुध, फुल, मासु तथा तरकारी उत्पादन गर्न सकिने ।<br>• तरकारी तथा दुध संकलन केन्द्र स्थापना गर्न सकिने ।<br>• डेरी तथा गोलभेडा प्रसोधन गर्न सकिने । | • काठमाण्डौं लगायत ठूला बजारहरु नजिकै भएको ।<br>• कृषि पर्यटनको विकास गर्न सकिने अवसर रहेको छ ।<br>• केही वडाहरुमा शहरीकरण अत्याधिक नभईसकेकोले व्यवस्थित योजना लागु गर्न सकिने अवसर रहेको । |

### ३.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

कृषि तथा पशुपालनमा स्वरोजगार वृद्धि गरि व्यवसायी कृषकहरु वृद्धि गर्ने ।

**उद्देश्य**

१. व्यावसायिक कृषि, पशुपंक्षीजन्य उत्पादन र औद्योगीकिकरणमा वृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः व्यावसायिक कृषि, पशुपंक्षीजन्य उत्पादन र औद्योगीकिकरणमा वृद्धि गर्नु ।** | |
| १.१ः नगरपालिका स्तरमा कृषि तथा पशुपंक्षी क्षेत्रको व्यवसायिक सेवा अभिवृद्धि गर्ने । | १. नगरपालिकाभित्र पालिकास्तरीय कृषि विकास समिति गठन गरी कृषि विकासको नीति, कार्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन कार्यलाई व्यवस्थित गरी व्यवसायिक सेवामा अभिवृद्धि गरिनेछ ।<br>२. साना किसानहरूलाई आफ्नो जीविकोपार्जनका लागि मात्र कृषि उत्पादन गर्नु भन्दा पनि बजारमुखी उत्पादनमा प्रोत्साहन गरिनेछ ।<br>३. कृषि पकेट प्याकेज कार्यक्रम सञ्चालन मार्फत् कृषिमा व्यवसायीकरण गर्ने कार्यलाई जोड दिइने छ । वडागत रुपमा कृषि, पशुपंक्षी, माछा, लगायतका पकेट क्षेत्रहरू पहिचान तथा निर्धारण गरी आवश्यक सहयोग एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>४. कृषि प्राविधिकहरुको व्यवस्था गरिनेछ । ।<br>५. कृषि तथा पशुपालन पकेट क्षेत्रहरूमा कृषि तथा पशुजन्य उत्पादन, संकलन तथा प्रशोधन केन्द्रको विकास गरिनेछ ।<br>६. व्यवसायिक कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ । |

| | |
|---|---|
| | ७. पशु विकास पकेट क्षेत्रहरूको सार्वजनिक तथा निजी जग्गामा भुईघाँस तथा डालेघाँसको ब्लक स्थापना गरिनेछ। ।<br>८. सबै वडाका युवा, लक्षित वर्ग र कृषकहरूको सहभागितामा कृषि उद्यम सिर्जना र विकास सम्बन्धी तालिम सञ्चालन गरिने छ।<br>९. वडा नं. १ देखि ५ सम्म कौशी खेती तथा करेशाबारी बनाउन प्रोत्साहन गरिनेछ।<br>१०. बधशालाहरुको निर्माण गरी मासु तथा अण्डा जन्य उत्पादनको लागि प्रोत्साहन गर्ने<br>११. नियमित घरदैलो गरी पशु स्वास्थ्य सेवा सहज र भरपर्दो बनाइने छ। |
| १.२ः कृषि व्यवसायलाई विशिष्टीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने। | १. कृषि, पशुपन्छी, माछा लगायत औद्योगिक वस्तु उत्पादन र प्रशोधन उद्योगहरूको स्थापना, स्तरोन्नति र प्रवर्द्धन गरिने छ।<br>२. तरकारी, फलफूल, मसलाबाली, दुध उत्पादन पकेट क्षेत्रलाई लक्षित गरी कृषि तथा पशुपन्छीजन्य उपजहरूको संकलन, प्रशोधन र चिस्यान केन्द्रको विकास र विस्तार गरिनेछ।<br>३. एक वहुउद्देश्यीय कृषि नर्सरीको स्थापना गरी बिरुवाको उपलब्धतालाई सहज गराइनेछ। |
| १.३ः दक्ष जनशक्तिको व्यवस्थापन मार्फत प्रभावकारी सेवा प्रवाह गर्ने। | १. कृषि तथा पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्न स्थानीय स्तरमा तालिम प्राप्त प्राविधिक जनशक्ति उत्पादन गर्दै जाने नीति लिइने छ।<br>२. पशुपालनको लागि प्राविधिक जनशक्तिको विकास र परिचालनको लागि एक वडा एक पशु स्वास्थ्य प्राविधिकहरूलाई निरन्तरता दिइने छ। |
| १.४ः कृषकलाई कृषि यान्त्रिकरणमा सहयोग गर्ने। | १. कृषकलाई अत्यावश्यक यन्त्र, उपकरण उपलब्ध गराइनेछ।<br>२. संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्रसँग समन्वय गरी कृषि औजार तथा यन्त्रहरूको उपलब्ध गराउने व्यवस्था गरिनेछ।<br>३. कृषकहरूका लागि श्रममा आधारित उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरणका प्रविधि हस्तान्तरणको व्यवस्था गरिनेछ। |

### प्रमुख कार्यक्रम तथा आयोजना

महालक्ष्मी नगरपालिकाको कृषि तथा पशुपालन क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनुसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ। कृषि तथा पशुपालन क्षेत्र तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ३.१.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

नगरपालिकाको दीर्घकालीन सोच उन्मुख हुँदै नगरपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपव्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ।

- कृषि  नीति तयार भएको हुनेछ ।
- कृषि उत्पादकत्वमा वृद्धि भएको हुनेछ ।
- कृषकको क्षमता अभिवृद्धि भई कृषि पेशा महत्वपुर्ण व्यवसायको रुपमा स्थापित भएको हुनेछ ।
- पशुपालन आर्थिक विकासको एक सशक्त व्यवसायको रुपमा रहनेछ ।

**तालिका ६ : कृषि तथा पशुपंक्षी क्षेत्रको नतिजा खाका**

| सि.नं. | सूचक | एकाई | आधार वर्षको अवस्था | आवधिक योजनाको अन्त्यको स्थिति | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|
| १ | कृषि उद्यम गर्ने व्यक्ति | संख्या | - | ११०० | |
| २ | पकेट क्षेत्रको घोषणा | संख्या | - | १० | |

### ३.१.६ अनुमान तथा जोखिम पक्ष

- अव्यवस्थित र अनियन्त्रित वस्ती विस्तारले खेतीयोग्य जमिन नहुने ।
- श्रमिकको अपर्याप्तताले कृषि पेशा नै जोखिममा हुन सक्ने ।
- अव्यवस्थीत शहरीकरणको कारण कृषि भूमीको नाश भईरहेको ।

## ३.२. सिंचाई

### ३.२.१ पृष्ठभूमि

समग्र नगरपालिकाको कृषि उत्पादन बढाउनको लागि सिँचाईको ठूलो महत्व रहन्छ । महालक्ष्मी नगरपालिकाका सिद्धिपुर लामाटार लुभु जस्ता क्षेत्रहरु धेरै अगाडि देखि नै कृषिमा आधारित क्षेत्रहरु हुन् । परम्परागत सिँचाईकुलोहरु हालसम्म पनि देख्न सकिन्छ । जनसंख्या वृद्धि सँगै विभिन्न पेशा तर्फ युवा वर्गको आकर्षणले खेती कृषि पछि परेतापनि समय परिवर्तन सँगै आएका प्रविधि कृषिमा पनि प्रयोग भई रहेको छ । सिँचाईका लागि पम्पसेट मार्फत, थोपा सिँचाई, स्प्रिकंलर आदि विधि उपयोग भई रहेका छन् । नमुनाका रुपमा यहाँ भएका परम्परागत सिँचाई प्रणाली (राज कुलो) १० वटा रहेका छन् । झण्डै २ हजार मानिस यि राजकुलोबाट लाभान्वीत भएका छन् । ।

### ३.२.२ समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • राजकुलोहरु अतिक्रमण हुँदै गरेको<br>• पानीको मुहान सक्दै गएको ।<br>• पानीका मुहानहरु प्रदुषण हुँदै गरेको ।<br>• कुलोहरुको मर्मत सम्भार नभएको | • अव्यवस्थित शहरीकरण ।<br>• पानीको श्रोत भासिने चुनौती रहेको ।<br>• आफ्नो नगरपालिका भित्र पानीको मुहान नहुनु । |

### ३.२.३ सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • गोदावरी खोला बाट, चापाखर्क, मुलपानी बाट कुलो मर्मत संभार गरी पानी ल्याउन सकिने ।<br>• वडा नं ९ र १० मा ड्याम बनाएर सिँचाई सुविधा उपलब्ध गराउने । | • प्लाष्टिक पोखरी निर्माण गरी सिँचाई गर्न सकिने ।<br>• थोपा सिँचाई प्रविधि विस्तार गर्न सकिने ।<br>• इनार तथा साना मुहानहरुको सदुपयोग गर्न सकिने । |

### ३.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सिंचाई प्रणालीको विकास र जलस्रोतको व्यवस्थापनबाट कृषिजन्य उत्पादनमा वृद्धि गर्ने

**उद्देश्य**

१. परम्परागत सिंचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिंचाइ स्रोतको पहिचान गर्नु ।

२. कृषियोग्य जमिनमा सिंचाइको पहुँच वृद्धि गर्न दिगो सिंचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु

**रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः परम्परागत सिंचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिंचाइ स्रोतको पहिचान गर्नु ।** | |
| **१.१ः** परम्परागत सिंचाइ संरचनामा सुधार र व्यवस्थापनबाट खाद्य असुरक्षित क्षेत्रहरूलाई प्राथमिकतामा राखी सिंचाइको पहुँच बृद्धि गर्ने । | १. परम्परागत सिंचाइका परम्परागत स्रोतहरूको विवरण तयार पारिनेछ।<br>२. परम्परागत स्रोतहरूको क्षमताको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ।<br>३. यस्ता स्रोतहरूको संरक्षण गर्ने कार्यको थालनी गरिनेछ । |
| **१.२ः** आधारभूत सिंचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरी सिंचाइको पहुँच बृद्धि गर्ने । | १. सिंचाइका वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ ।<br>२. पहिचान गरिएका स्रोतहरूको विज्ञ सम्मिलित टोलीबाट सम्भ्याव्यता अध्ययन गरिनेछ ।<br>३. संरचना निर्माणकोलागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ।<br>४. सिंचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार गरी प्राथमिकताको सूची तयार गरिनेछ ।<br>५. प्राथमिकताको आधारमा वैकल्पिक सिंचाइ संरचनाको निर्माण गरिनेछ ।<br>६. सिंचाइ आयोजनाहरूको मर्मत सम्भारको लागि कृषक तथा समुदायको क्षमता बृद्धि गरिनेछ ।<br>७. सिंचाइको आवश्यक रेखदेख, अनुगमन र सञ्चालनकोलागि जनशक्तिको व्यवस्था गरिनेछ । |

**प्रमुख कार्यक्रम**

महालक्ष्मी नगरपालिकाको सिँचाई क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ। सिँचाई क्षेत्र तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ३.२.५ अपेक्षित तथा नतिजा खाका

नगरपालिकाको दीर्घकालीन सोच उन्मुख हुँदै नगरपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपब्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

१. परम्परागत सिँचाइ संरचनामा सुधार भई नयाँ वैकल्पिक सिँचाई स्रोतको पहिचान भएको हुनेछ ।

२. कृषियोग्य जमिनमा सिँचाइको पहुँच वृद्धि भई दिगो सिँचाई प्रणालीको विकास तथा व्यवस्थापन भएको हुनेछ ।

३. किसानहरुले थोपा सिँचाई, स्प्रीकंलर (Sprinkler) र सुख्खा पोखरीहरुको प्रयोग गरी सिँचाई गरेका हुनेछन् ।

४. प्लाष्टिक पोखरी निर्माण गरी सिँचाई सुविधा उपलब्ध भएको हुनेछ ।

**तालिका ७ : सिँचाई क्षेत्रको अपेक्षित उपलब्धि**

| सि.नं. | सूचक | एकाई | आधार वर्षको अवस्था | आवधिक योजनाको अन्त्यको स्थिति | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|
| १ | नहर/कुलो निर्माण | कि.मि | - | १८ | |
| २ | पोखरी निर्माण | संख्या | - | १२ | |

### ३.२.६ अनुमान तथा जोखिम पक्ष

- अव्यवस्थित शहरीकरण र वस्ती विकास ।
- परम्परागत राजकुलोहरुको अस्तित्व बचाउनु ।
- राजकुलोहरुको अतिक्रमण नियन्त्रण गर्नु ।
- शहरीकरणले ग्राउण्ड वाटर टेबल घटाउन सक्ने जोखिम रहेको ।

## ३.३.पर्यटन, सँस्कृति तथा सम्पदा

### ३.३.१ पृष्ठभुमी

१७ औं शताब्दीमा बनेको लुभुको महालभ्मी मन्दिरबाट यस नगरपाीलकाको नाम महालक्ष्मी नगरपालिका रहेको हो । यो नगरपालिका पर्यटन व्यवसायका लागि अति सम्भावना बोकेको देखिन्छ । यहाँ महालक्ष्मी मन्दिरका साथै सोमलिङ्गेश्वर महादेव मन्दिर, श्रृंगीऋषि, गुफा, सचिदानन्द आश्रम लगायत धेरै धार्मिक क्षेत्र, प्रष्ट हिमाल देखिने र मनोरम दृष्यावलोकनका लागि प्राकृतिक भ्यूटावर, लाकुरी भञ्ज्याङ्ग क्षेत्र, चरा र पुतलीहरु अध्ययन गर्ने बोटानिकल क्षेत्र, त्यसैगरी सिद्धिपुर लाकुरी भञ्ज्याङको होम स्टे, परम्परागत वस्ती, साँस्कृतिक सम्पदा आदि यस पालिकाका महत्वपूर्ण पर्यटकीय क्षेत्र हुन । पर्यापर्यटनको विकास गर्नेहो भने यस नगरपालिकाको महत्वपुर्ण आम्दानिको श्रोत पर्यटन व्यवसाय पनि हुनेछ । धार्मिक, साँस्कृतिक र प्राकृतिक श्रोतको उपयोग गर्दै ति संरचनालाई जर्गेना गर्दै महालक्ष्मी नगरपालिकाको विकासको खाका कोर्ने काम पनि नगरपालिकाको नै रहेको छ । पुरातात्वीक र नेवारी सँस्कृति झल्काउने शहरहरु जोगाउने चुनौती टड्कारो रुपमा देखापरेको छ ।

### ३.३.२ समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • प्राकृतिक श्रोत साधनहरुको संरक्षणमा कमी ।<br>• प्रचार प्रसारको अभाव ।<br>• जीर्ण सम्पदाहरुको संरक्षण नहुनु ।<br>• पदमार्गहरुको पहिचान, प्रवर्द्धन नहुनु ।<br>• प्रचार प्रसारको अभाव छ ।<br>• पर्यटनमा बजेट व्यवस्थापन नहुनु ।<br>• स्थानीय व्यवसायीहरु अग्रसर नहुनु । | • आधुनिकिकरणको कारण मौलिकता जोगाउनु ।<br>• धर्म, संस्कृती, सम्पदाको बारेमा पुस्ता हस्तान्तरण गर्नु ।<br>• पर्यटकको संख्या वृद्धी गर्नु ।<br>• पर्यटन जनशक्ति विकास गर्नु ।<br>• युवालाई पर्यटन व्यवसायमा आकर्षित गर्नु । |

### ३.३.३ सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • मौलिक कलात्मक भवन निर्माण गर्न सकिने ।<br>• विभिन्न पर्व तथा जात्राहरुलाई विस्तार गर्न सकिने ।<br>• लुभु तथा सिद्धिपुर साँस्कृतिक पर्यटकीय शहर बनाउन सकिने ।<br>• लाकुरी भञ्ज्याङमा पिकनिक स्पट विस्तार गर्न सकिने ।<br>• साइकल ट्र्याक व्यवस्था गर्न सकिने ।<br>• ग्वार्को देखि माने दोभान सम्म बाह्य पर्यटकका लागि साइकल लेन व्यवस्था गर्न सकिने ।<br>• कोषेली घर स्थापना गर्न सकिने । | • पुरानो मौलिकता झलकिने बस्ती तथा घरहरुलाई होस्टको रुपमा विकास गर्न सकिने अवसर रहेको ।<br>• काठमाण्डौंको भिडभाड बाट नजिकैको दुरिमा शान्त होटेल, रेस्टेराँ आदि व्यवसाय गर्न सकिने ।<br>• काठमाण्डौंको मनोरम दृष्यावलोकन जस्ता गतिविधिहरु सञ्चालन गर्न सकिने । |

### ३.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

यस नगरपालिकाको पर्यटन, संस्कृती तथा सम्पदा विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- कला, संस्कृतीलाई संरक्षण, सम्वर्द्धन गर्दै, आर्थिक समृद्धि ल्याउने ।

**उद्देश्य**

१. आन्तरिक एवम् बाह्य पर्यटकको आगमनमा वृद्धि गर्नु ।

२. स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा संवर्द्धन एवम् पर्यटकीय सेवा सुविधाको स्तर वृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः आन्तरिक एवम् बाह्य पर्यटकको आगमनमा वृद्धि गर्नु ।** | |
| १.१ः पर्यटकीय स्थलको पहिचान, नक्साङ्कन, विकास र प्रर्वद्धन गर्ने । | १. नगरपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सो अनुसारको प्राथमिकता आधारमा पर्यटन क्षेत्रको पूर्वाधार विकास र सेवा सुविधा अभिवृद्धि लगायत कार्यहरु चरणबद्ध रुपमा कार्यान्वयन गरिनेछ ।<br>२. पर्यटकीय स्थल र सम्पदाको संरक्षण, संवर्द्धन गरी पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गरिनेछ ।<br>३. निजी क्षेत्र र समुदायसँग साझेदारीमा पर्यटन विकास कार्यहरु सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | ४. वेबसाइट, युट्युब, फेसबुक, ट्वीटर आदि जस्ता सामाजिक सञ्जालको प्रयोग गरी आवश्यक प्रचार प्रसार गरिनेछ । |
| **१.२ः** पर्यटकीय सम्पदा र सेवाको विशिष्टिकरण गर्ने । | १. स्थानीय संस्कृति एवम् रितीरिवाजको प्रवर्द्धन सहित होम स्टे कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. कृषि तथा पशुपालन पकेट क्षेत्र जस्ता एकीकृत कृषि फर्म सकित कृषि पर्यटनको समेत विकास र विस्तार गरिनेछ ।<br>३. प्राकृतिक, दृश्यावलोकन, धार्मिक, साँस्कृतिक कृषिमा आधारित दिगो पर्यटनको विकास गरिनेछ ।<br>४. निजी क्षेत्रसँग साझेदारी गरी नगरपालिकाको सम्भाव्य पर्यटकीय स्थलहरुमा पर्यटकीय पूर्वाधार लगायत सेवा सुविधा सहित पर्यटन विकास गरिनेछ । |
| **१.३ः** पर्यटनको विकासको माध्यमद्धारा दिगो रोजगारी सिर्जना र आय वृद्धि गरिनेछ । | १. पर्यटन विकास विशेष गरी युवा, महिला र लक्षित वर्गमा रोजगारी सृजना र आय वृद्धि गरिनेछ ।<br>२. पर्यटन क्षेत्रबाट प्राप्त आयको लक्षित समुदायसम्म पुऱ्याउन विकासका कार्यक्रमलाई लक्षित वर्ग र समुदायमा प्राथमिकता दिई सञ्चालन गरिनेछ । |
| **उद्देश्य २ः स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा संवर्द्धन एवम् पर्यटकीय सेवा सुविधाको स्तर वृद्धि गर्नु ।** | |
| २.१ः स्थानीय कला तथा संस्कृतिको संरक्षण गरी व्यवसायिकता तर्फ आकर्षित गर्ने । | १. स्थानीय कला तथा संस्कृतिको जगेर्ना गर्न कला तथा संस्कृति संवर्द्धन केन्द्रको स्थापना स्थानीय स्तरमा गरिनेछ ।<br>२. मातृभाषाको जगेर्ना गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३. भाषिक साहित्यिक कार्यक्रम सञ्चालन तथा पुस्तक प्रकाशन गरिनेछ ।<br>४. पर्यटकलाई ध्यानमा राखी साँस्कृतिक जात्राहरू नियमित रुपमा आयोजना गरिनेछ ।<br>५. पर्यटन सूचना केन्द्रहरूको स्थापना गरिनेछ ।<br>६. होम स्टे प्रवर्द्धनलाई विशेष जोड दिइनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना**

महालक्ष्मी नगरपालिकाको पर्यटन, सँस्कृति तथा सम्पदा क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । पर्यटन, सँस्कृति तथा सम्पदा क्षेत्र तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### ३.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

१. महालक्ष्मी नगरपालिका भ्रमण गर्न आउने आन्तरिक एवम् बाह्य पर्यटकको आगमनमा वृद्धि भएको हुनेछ ।

२. स्थानीय कला, संस्कृतिको संरक्षण भई पर्यटकीय सेवा सुविधाको विस्तार हुनेछ ।

३. साँस्कृतिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास भएको हुनेछ ।

४. पालिकाको सेवा क्षेत्रको विस्तार, विविधिकरण भई रोजगारी सिर्जना एवम् आयमा वृद्धि भएको हुनेछ ।

**तालिका ८ : पर्यटन क्षेत्रको अपेक्षित उपलब्धि**

| सि.नं. | सूचक | एकाई | आधार वर्षको अवस्था | आवधिक योजनाको अन्त्यको स्थिति | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|
| १ | पर्यटन पदमार्ग निर्माण | कि.मि | - | १४ | |
| २ | होमस्टे | संख्या | - | १२ | |
| ३ | जातिय भाषा/पहिचान भेष भुषा | संख्या | - | १ | |
| ४ | महालक्ष्मी नगरपालिका भित्रका सम्पदाको प्रचार प्रसार | संख्या | - | ५० | |

### ३.३.६. अनुमान तथा जोखिम पक्ष

- आगन्तुक पर्यटकहरुको नयाँपन सँगै मौलिकता जोगाउने जोखिम ।
- पर्यटनले ल्याउन सक्ने विकृतिको सामना गर्नुपर्ने ।
- आन्तरिक तथा बाह्य पर्यटकको सुरक्षा प्रतिबद्धता गर्नु ।

## ३.४. उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ती

### ३.४.१. पृष्ठभूमि

आय, उत्पादन रोजगारीको सिर्जनामा उद्योग, व्यापार, व्यवसायको महत्वपूर्ण स्थान रहीआएको छ । यस नगरपालिकामा पनि राष्ट्रिय आर्थिक सर्वेक्षण २०१८ अनुसार ४०५८ वटा उद्योग रहेका छन् । ती मध्य कृषि, वन, मत्स्य उद्योग १९ वटा उत्पादनमूलक ७१५ वटा खनिज, ग्यास, पानि, विद्युत र निर्माणमा १८ वटा, होलसेल तथा खुद्रा व्यापार २१२८ वटा, यातायात, भण्डारण, सूचना संचारका १४ वटा, होटेल रेष्टुरेण्ट ६८४ वटा, विमा वित्तीय संस्था ५४ वटा, शिक्ष ९२ वटा, स्वास्थ्य र सामाजिक सेवा ३३ वटा, पेशागत, मनोरञ्जन कला र अन्य ३०१ गरी जम्मा ४०५८ वटा रहेको छन् । वस्तु तथा सेवाको उत्पादन, रोजगारी सिर्जना, आय वृद्धि गर्ने प्रमुख माध्यम उद्योग व्यापार व्यवासाय नै हो ।

यस नगरपालिकामा मौलिक नेवारी कपडा बनाउने कारखाना, भगवानको मूर्ती बनाउने, ढलौट उद्योग लगायतका परम्परागत कारखानाहरु रहेका छन् । साथै आधुनिक उद्योगहरु, बेकरी, दुग्ध, इट्टा, पानी आदि पनि रहेको छन् । लुभु जहाँ १०० भन्दा बढी कपडा उद्योगहरु रहेका छन् । लुभुलाई नेपालको दोश्रो पाल्पा पनि भनिन्छ किनकि यहाँ ढाका कपडा बुन्ने उद्योगहरु पनि छन् । नेपालको लुभुलाई बेलायतको म्यान्चेष्टर, भारतको अहमदावाद सँग तुलना पनि गरिन्छ । भविष्यमा लुभु कपडा उद्योगको हब पनि हुन सक्छ । १२५० जना भन्दा बढी रोजगारी कपडा उद्योगमा मात्र अहिले रहेको छ ।

### ३.४.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • लुभु तथा साना नगरमा व्यवस्थित बजारको समस्या रहेको ।<br>• घरेलु उद्योगका लागि चाहिने कच्चा पदार्थको अभाव ।<br>• दक्ष जनशक्तिको अभाव ।<br>• आधुनिक प्रविधि सँग प्रतिस्पर्धा गर्न नसक्नु । | • पूर्वाधारको कमिले गर्दा उद्योग स्थापनामा चुनौती<br>• बाहिरी बजार सँग प्रतिस्पर्धामा उत्रन कठीन<br>• शहरीकरणको र औद्योगिकरणको कारण निम्तने प्रदुषण नियन्त्रण गर्न ।<br>• हस्तकलाका सामाग्रीहरुको बजार व्यवस्थापन गर्न । |

### ३.४.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • हस्तकलाका सामाग्री उत्पादन गर्न सकिने ।<br>• साना तथा मझौला उद्योगहरु प्रवर्द्धन गर्न सकिने ।<br>• जनशक्ति व्यवस्थापनको लागि तालिमको व्यवस्थापन गर्न सकिन्छ । | • साना साना घरेलु हस्तकलाका सामाग्री उत्पादन गर्न सकिने ।<br>• स्थानीय जनशक्ति परिचालन गर्न सकिने ।<br>• हस्तकला मार्फत पर्यटन प्रवर्द्धन गर्न सकिने ।<br>• आर्थिक आयमा वृद्धि गर्न सकिने । |

### ३.४.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

हस्तकला तथा घरेलु उद्योगलाई रोजगारीको आधार बनाउने ।

**उद्देश्य**

१. नगरपालिका भित्रको आपूर्ती प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।

२. स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालन गर्नु ।

३. वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः नगरपालिका भित्रको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।** | |
| १.१ः अत्यावस्यक सामाग्रीहरूको सहज आपूर्तिको सुनिश्चितता गर्ने । | १. सुपथ मुल्य पसलहरू सञ्चालनको व्यवस्था गरिनेछ ।<br>२. सुपथ मुल्य पसल सञ्चालनकालागि सहज कर्जा तथा नियमित अनुगमनको व्यवस्था मिलाइनेछ ।<br>३. नगरपालिका भित्रको सम्पुर्ण आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उच्चस्तरीय बजार अनुगमनको संयन्त्र परिचालित गरिनेछ। |
| **उद्देश्य २ः स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन गर्नु ।** | |
| २.१ः स्थानीय स्रोतमा आधारित कच्चा पदार्थको प्रशोधन गर्न तथा उद्योग सञ्चालन गर्न सहजिकरण एवम् प्रोत्साहन गर्ने । | १. स्थानीय कच्चा पदार्थमा आधारित व्यवसाय तथा उद्योग सञ्चालन गरिनेछ ।<br>२. स्थानीय रुपमा उपलब्ध हुने कच्चा पदार्थको प्रशोधन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।<br>३. निजी-सहकारी लगानी मैत्री वातावरण निर्माण गर्न आवश्यक संस्थागत संयन्त्र बनाई क्रियाशील गरिनेछ । |

| | |
|---|---|
| | ४. उद्योगी, व्यवसायी एवम् लगानीकर्तालाई उद्योग दर्तादिखि स्थापना सम्मका सेवाहरू सहज उपलब्ध गराइनेछ । |
| **उद्देश्य ४ः वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।** | |
| ४.१ः तुलनात्मक लाभका वस्तु तथा सेवाहरूको पहिचान गरी निर्यातयोग्य हुने वस्तु तथा सेवाको उत्पादकत्वमा बृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने । | १. तुलनात्मक लाभका वस्तुहरूको उत्पादन र उत्पादकत्व बढाउन सम्वन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ ।<br>२. कला सँस्कतिको सँरक्षण गरी सिप विकास गरिनेछ ।<br>३. साना,घरेलु तथा मझौला उद्योगहरूलाई उत्पादन तथा आपूर्ति सञ्जालमा आवद्ध गर्दै माग वमोजिमका वस्तु तथा सेवाहरूको उत्पादनलाई प्राथमिकता दिइनेछ । |

## प्रमुख कार्यक्रम तथा आयोजना

महालक्ष्मी नगरपालिकाको उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ती क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ती क्षेत्र तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

## ३.४.५.अपेक्षित उपलव्धि  तथा नतिजा खाका

- स्थानीय कला, संस्कृतिको जर्गेणा भई साना तथा लघु उद्योग सञ्चालन भएको हुनेछन् ।
- मौलिक कलात्मक सिप हस्तान्तरण भएको हुनेछ ।
- हस्तकला मार्फत रोजगारी सिर्जना भएको हुनेछ ।

**तालिका ९ : उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ती अपेक्षित उपलव्धि**

| सि.नं. | सूचक | एकाई | आधार वर्षको अवस्था | आवधिक योजनाको अन्त्यको स्थिति | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|
| १ | सिप विकास/उद्यम विकास तलिम/उद्यमी अध्ययन भ्रमण | संख्या | - | १० | |
| २ | नीति निर्देशिका तयारी | संख्या | - | २० | |
| ३ | उद्यमी/व्यवसायी | संख्या | - | २००० | |
| ५ | दुग्ध प्रशोधन/दुग्ध संकलन केन्द्र स्थापना | संख्या | - | ४ | |

## ३.४.६.अनुमान तथा जोखिम पक्ष

- युवाहरु पलायन हुँदा स्थानीय सिप हस्तान्तरण हुन कठिन ।
- परम्परागत उद्योगहरु विस्थापित हनु सक्ने ।

## ३.५. श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ३.५.१. पृष्ठभूमि

महालक्ष्मी नगरपालिमा उद्योग, व्यापार र व्यवसाय भएको हुँदा श्रमीकले रोजगारी पाएका छन् । नेपालको विभिन्न जातिहरुको आ-आफ्नै मौलिक सँस्कृति छन् । त्यस मध्य महालक्ष्मी नगरपालिकाको लुभुमा परम्परागत नेवारी कपडा, ढाका जस्ता कपडा बुन्ने कारखाना र धातुबाट मूर्तीहरु बनाउने गरिएको छ । ती सामानहरु विदेशी बजारमा समेत बिक्रि हुन्छन् । जसको माग धेरै पनि छ । यो व्यवसायलाई पालिकाले संरक्षण र संवर्द्धन गर्दै रोजगारी बढाउने तर्फ ध्यान दिनु उपयुक्त देखिन्छ । श्रमिकले आफ्नै नगरटोलमा रोजगारी पाए विदेश पलायन हुन नपर्ने र त्यसले सामाजिक सुरक्षामा प्रभाव पार्ने देखिन्छ ।

### ३.५.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • कृषि पेशा प्रति विकर्षण रहेको ।<br>• ब्रेन ड्रेन र मसल ड्रेनको समस्या रहेको ।<br>• श्रमको सम्मान नगर्ने प्रवृत्ति रहेको ।<br>• स्वरोजगार नहुने प्रवृत्ति रहेको । | • पेशा प्रतिको सम्मानको भावना जागृत गराउन चुनौती रहेको ।<br>• पेशा परिवर्तन रोक्न ।<br>• परम्परागत ढंगबाट श्रम सञ्चालन भईरहेको । |

### ३.५.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • शिक्षित जनशक्ति रहेको ।<br>• कृषि रोजगारीको सम्भावना रहेको ।<br>• नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न संघ संस्थाहरुले स्थानियलाई रोजगारी दिन सक्ने सम्भावना रहेको । | • प्राविधिक शिक्षालय रहेकोले तालिम दिएर रोजगार वृद्धि गर्न सकिने ।<br>• पालिका भित्रका विभिन्न संघ संस्था भएको सम्बन्धी विषय सहयोग लिन सकिने । |

### उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

रोजगार वृद्धि गरी आयआर्जन बढाउने ।

**उद्देश्य**

१. स्थानीय युवा रोजगारी अभिवृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः** युवालाई लक्षित गरी उत्पादन र रोजगारीमा वृद्धि गर्ने । | |
| **१.१ः** युवालाई लक्षित गरी उत्पादन र रोजगारीमा वृद्धि गर्ने । | १. बेरोजगार युवालाई प्राथमिकता दिई व्यवसायीक कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा आधारित उद्यम, व्यवसाय र आयोजना संचालन गरिनेछ ।<br>२. वैदेशिक रोजगारीबाट फर्केका र जान लागेका युवालाई उद्योग व्यवसाय संचालनको लागि उद्यमशिलता, सीप विकास तालिम, परामर्श सेवा र सहयोगको कार्यक्रम संचालन गरिनेछ ।<br>३. सङ्घ तथा प्रदेशले ल्याएको रोजगार मूलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिने छ ।<br>४. आन्तरिक रोजगारी सृजना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिइने छ ।<br>५. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरूलाई प्रोत्साहित गरिने छ ।<br>६. नगरपालिकामा रहेको बैङ्क तथा वित्तय संस्थाहरूसँग समन्वय गरी सस्तो ब्याजदरमा ऋणको व्यवस्था गरी युवाहरूका लागि उद्यमशील कार्यक्रम सञ्चालन गरिने छ |

**प्रमुख कार्यक्रम तथा आयोजना**

महालक्ष्मी नगरपालिकाको श्रम, रोजगारी र सामाजिक सुरक्षा क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । श्रम, रोजगारी र सामाजिक सुरक्षा क्षेत्र तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### ३.५.५. अपेक्षित उपलब्धिहरु

नगरपालिकाको दीर्घकालीन सोच उन्मुख हुँदै नगरपालिका विकासको समष्टीगत लक्ष्य तथा उद्देश्य अनुरुपको अपेक्षित उपलब्धिहरुको तर्कबद्ध खाका तल प्रस्तुत गरिएको छ ।

- श्रम सिल्पीमा परिवर्तन भएको हुनेछ ।
- युवा स्वरोजगारी वृद्धि भएको हुनेछ ।
- नवप्रवर्तन रोजगारहरु उपलब्ध भएको हुनेछ ।

**तालिका ९: श्रम, रोजगारी र सामाजिक सुरक्षा क्षेत्रका अपेक्षित उपलब्धिहरु**

| सि.नं. | सूचक | एकाई | आधार वर्षको अवस्था | आवधिक योजनाको अन्त्यको स्थिति | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|
| १ | न.पा. स्तरीय श्रम तथा रोजगार सूचना एवम प्रशिक्षण केन्द्र स्थापना | संख्या | - | १ | |
| २ | उद्यमी संख्या | संख्या | - | २००० | |
| ३ | रोजगार श्रमीक संख्या | संख्या | - | १०००० | |
| ४ | महिला उद्यमी संख्या | संख्या | - | ८०० | |
| ५ | लघु उद्यमी संख्या | संख्या | - | १५०० | |

### ३.५.६. अनुमान तथा जोखिम पक्ष

- आफ्नै ठाँउमा रोजगारी नभए श्रमिक तथा युवा जनशक्ति विदेशिने जोखिम रहन्छ ।
- रोजगारीको कमीले सक्रिय जनसंख्या घट्दो रहने जोखिम हुन सक्छ ।

## ४.१. स्वास्थ्य तथा पोषण

### ४.१.१. पृष्ठभूमि

स्वास्थ्य सेवा, प्राप्त गर्नु हरेक नागरिकको अधिकार हो । संवैधानिक अधिकार पुरा गर्नु सरकारको कर्तव्य भित्र आउँछ । यस नगरपालिकामा स्वास्थ्य चौकी देखि अस्पताल सुविधा उपलब्ध छन् । साथै इमाडोलमा अवस्थित किस्ट अस्पतालमा २४ घण्टा सेवादिने इमर्जेन्सी सुविधा समेत उपलब्ध छ । वडा नं. ९ मा कुनै पनि सुविधा नभए पनि वडा नं. ८ लुभुमा पोलिक्लिनिक तथा विशेषज्ञ अस्पतालको सेवा सुविधा पनि लिन सकिने अवसर यस नगरपालिका वासी लाई छ । पोषण अपुग हुन सक्ने अवस्थालाई ध्यानमा राखी गर्भवतीहरुको लागि भिटामिन, आईरन क्याप्सुल र बाल बालिकाको लागि भिटामिन ए तथा पोलियो औषधी सरकारद्धारा वितरित भई रहेको छ । साथै महिला स्वास्थ्य स्वयम्सेवकहरुले राम्रो सेवा पुऱ्याइरहेको देखिन्छ ।

### ४.१.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • लक्षित जनसंख्या भन्दा बढी जनसंख्या हुनु ।<br>• सरकारी स्वास्थ्य सेवा बारे जनताको विश्वासमा कमी ।<br>• संक्रामक र विषाणु रहीत फोहोरको छुट्टा छुट्टै व्यवस्थापन गर्न नसकेको ।<br>• सबै स्वास्थ्य संस्थामा पर्याप्त भौतिक पूर्वाधार नभएको ।<br>• २४ घण्टा प्रभावकारी रुपमा एम्बुलेन्स संचालन नभएको<br>• विरामी भर्ना गर्न सकिने सेवा नभएको । | • तिव्र आप्रवासनको कारणले स्वास्थ्य सूचकहरुमा उल्लेख्य सुधार गर्न ।<br>• जनघनत्वका कारण सरुवा रोगको आउट ब्रेक भएमा नियन्त्रण गर्न समस्या पर्न सक्ने ।<br>• स्थानीय स्वास्थ्य संस्थाहरुलाई दक्ष जनशक्ति र उपकरण सहितको सेवा सञ्चालन गर्न ।<br>• |

### ४.१.३. सम्भावना तथा अवसरहरु

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • एक स्थानीय तह एक अस्पताल र नगर अस्पताल सञ्चालन गर्न सकिने ।<br>• बर्थिङ सेन्टर लाई विस्तार गर्न सकिने ।<br>• राष्ट्रिय स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी लागु गर्न सकिने ।<br>• सामाजिक सञ्जाल तथा सुचना प्रविधि प्रयोग गरेर सेवा तथा सुविधाको जानकारी दिन सकिने ।<br>• आमा सुरक्षा कार्यक्रमलाई तथा बा आमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन सकिने ।<br>• सार्वजनिक सम्पत्तीको पहिचान गरी स्वास्थ्य पूर्वाधारको क्षेत्रमा उपयोग गर्न सकिने । | • बढ्दो सहरी जनसंख्या<br>• प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था भएको ।<br>• प्राथमिक स्वास्थ्य केन्द्रमा चौविसै घण्टा चिकित्सकिय सेवा, बर्थिङ सेन्टर<br>• नजिकको दुरीमा विशिष्ट स्वास्थ्य सेवा उपभोग गर्न सकिने अवसर रहेको ।<br>• बा आमा कार्यक्रम तथा आमा सुरक्षाा लागु भएको, सुविधा भएको हुँदा अनुभवी दक्ष स्वास्थ्यकर्मी भएको ।<br>• जन प्रतिनिधीहरु र स्वास्थ्यकर्मीहरु दुर दृष्टि र सकारात्मक सोच र उत्साहित भएका |

### ४.१.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**
सबै नागरिकलाई आधारभूत गुणस्तरीय स्वास्थ्य सेवाहरू उपलब्ध गराउने ।

**उद्देश्य**

१. नगरपालिकाका सबै नागरिकहरुको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।

२. थप लगानीको वातावरण सिर्जना गरी स्वास्थ्य सेवा सुधारका लागि स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः नगरपालिकाका सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।** | |
| **१.१ः** गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गर्ने । | १. आवश्यक एम्बुलेन्स, औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ । |

| | |
|---|---|
| | २. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ ।<br>३. सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. स्वास्थ्यको सहज पहुँचकालागि आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।<br>५. स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही एवम् जनउत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ ।<br>६. ल्याब सेवा सञ्चालनकालागि आवश्यक पहल अघि बढाइनेछ । |
| **१.२**: नगरपालिका मातहतका स्वास्थ्य संस्थाहरूमा तोकिएका सङ्ख्यामा स्वीकृत जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहको क्षमता र पहुँच विस्तार गर्ने । | १. पालिका भित्रका स्वास्थ्य संस्थाहरूमा स्वीकृत कुल दरबन्दीको सङ्ख्या यकिन गरी आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।<br>२. दरबन्दी अनुसार माग भई प्राप्त जनशक्ति वा पालिकाको निजी स्रोतबाट नियुक्त गरिएका स्वास्थ्यकर्मीहरूलाई पालिकाको मातहतमा आवश्यक तालिमको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २: थप लगानी वातावरण सिर्जना गरी स्वास्थ्य सेवा सुधारका लागि स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु।** | |
| **२.१**: स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुने लगानीलाई व्यवस्थित गर्ने । | १. निजी र गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्यसम्बन्धी व्यवसायिक सघ-संस्थाहरूबीच स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढावा दिइनेछ ।<br>२. स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना**

महालक्ष्मी नगरपालिकाको स्वास्थ्य तथा पोषण क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ। स्वास्थ्य तथा पोषण तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ४.१.५. अपेक्षित उपलब्धिहरु तथा नतिजा खाका

- सबै नागरिकहरुको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि भएको हुनेछ।
- अस्पतालमा विशेषज्ञ टोली बाट सेवा उपलब्ध भएको हुनेछ।
- बालबालिकाको खोप लगाउनेको दरमा उल्लेखनिय वृद्धि भएको हुनेछ।

- सबै बालबालिकाहरुको जन्म सुरक्षित रुपमा जन्म केन्द्रमा भएको हुनेछ र मातृ तथा बाल मृत्युदरमा  कमी भएको हुनेछ ।
- नगरपालिकाबासीहरुले नियमित रुपमा स्वास्थ्य जाँच गराएको हुनेछन ।
- प्रजनन स्वास्थ्यमा सुधार भएको हुनेछ ।

**तालिका १० : स्वास्थ्य क्षेत्रका अपेक्षित उपलब्धिहरु**

| सि.नं. | सूचक | एकाई | आधार वर्षको अवस्था | आवधिक योजनाको अन्त्यको स्थिति | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|
| १ | २४ घण्टे प्रसुती सेवा सञ्चालन | वार्ड संख्या | - | १० | वडा सबै |
| २ | स्वास्थ्य चौकीहरुमा पूर्ण दरबन्दी | संख्या | - | १० | वडा सबै |
| ३ | निशुल्क वितरीत ३४ थरीका औषधीहरु वितरण | वडा संख्या | - | १० | वडा सबै |
| ४ | २४ घण्टे प्रसुती सेवा प्रदान गर्ने संस्था | संख्या | - | १० | वडा सबै |

### ४.१.६. अनुमान तथा जोखिम पक्ष

- जनसंख्याको अत्याधिक चाप हुन सक्ने ।
- महामारी जस्ता संक्रामक रोग चाँडै फैलने सम्भावना ।
- बढ्दो सहरिकरणको कारण फास्ट फुडको उपयोगले हुने खाद्य पोषणमा ह्रास आउन सक्ने ।

## ४.२. शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ४.२.१ पृष्ठभूमि

गुणस्तीय र माध्यामिक शिक्षा निशुल्क प्राप्त गर्नु नागरिकको मौलिक र संवैधानिक अधिकार हो । यस सवालमा महालक्ष्मी नगरपालिकामा नाम चलेको शैक्षिक संस्थाहरु रहेका छन् । हरेक वर्ष स्थापना भईरहेको शैक्षिक संस्थाहरु नगरपालिकाको सकारात्मक पक्षका रुपमा लिन सकिन्छ । सरकारले गरेको लगानी अनुसार सामुदायिक विद्यालय शिक्षा निजी विद्यालयका तुलनामा कमजोर रहनु विचारनीय छ । नगरपालिका पार्श्वचित्र लाई आधार मान्दा यहाँ ६७ वटा शैक्षिक संस्थाहरु रहेका छन् । ति शैक्षिक संस्थाहरु ग्वार्को लुभु सडकको नजिकै अर्थात किनारमा रहेको छन् । यसरी हेर्दा नगरपालिकाको शैक्षिक अवस्था सन्तोष जनक रहेको देखिन्छ । यस नगरपालिकामा मेडिकल कलेज पनि रहेको छ भने यस नगरपालिकामा प्राविधिक जनशक्ति तयार गर्ने प्राविधिक शिक्षालयको खाँचो रहेको देखिन्छ ।

### ४.२.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • न्युनतम दरबन्दी तथा विषयगत शिक्षकको अभाव<br>• खेलमैदान तथा भौतिक सुविधाको अभाव<br>• बालमैत्री कक्षा व्यवस्थापन हुन नसकेको ।<br>• आन्तरिक आयस्रोतको अभाव ।<br>• प्राविधिक शिक्षाको पहुँच कमी हुनु । | • स्थानीय बालबालिकाको भर्नादर बढाउनु ।<br>• विद्यालयको आन्तरिक सक्षमता (जस्तै: सिकाई उपलब्धि, उत्तीर्ण, दोहोर्‍याउने र छाड्न) वृद्धि गर्नु ।<br>• समुदायको अपनत्व बढाउनु ।<br>• विषयगत शिक्षक व्यवस्थापन गर्नु ।<br>• शिक्षालाई संसकार र उद्यमशीलता सँग जोड्नु । |

### ४.२.३. सम्भावना तथा अवसर

| सम्भावना | अवसरहरु |
|---|---|
| • प्रविधिमैत्री विद्यालय निर्माण गर्ने<br>• उचित शिक्षक व्यवस्थापन गर्ने<br>• प्र.अ., शिक्षक तथा विद्यार्थीहरुको नेतृत्व तथा क्षमता अभिवृद्धि गर्ने । | • समुदायको सहभागिता तथा अपनत्व वृद्धि गर्ने ।<br>• शिक्षामा बढ्दो लगानी<br>• खुद भर्नादर वृद्धि गर्ने अवसर रहेको ।<br>• स्थानीय पाठ्यक्रम मार्फत स्थानीय सिप, कला, भाषा तथा संस्कृतिको प्रवर्द्धन गर्ने । |

## ४.२.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

प्रविधिमैत्री, जीवनोपयोगी तथा प्राविधिक शिक्षाको सुनिश्चितता गरि गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

### उद्देश्य

- गुणस्तरीय, प्राविधिक तथा व्यवसायिक शिक्षाका अवसर तयार गर्नु ।
- नवप्रवर्तन प्रोत्साहन गर्नु ।

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः गुणस्तरीय, प्राविधिक तथा व्यवसायिक शिक्षाका अवसर तयार गर्नु** | |
| **१.१ः** विद्यालय शिक्षामा सबैको पहुँच तथा गुणस्तर अभिवृद्धि गर्न आवश्यक आधारहरु तयार गर्ने । | १. विद्यालयको भवन, बसाइँ व्यवस्थापन, सिकाई सामाग्री, शौचालय, खानेपानी, खेल मैदानलाई बालमैत्री तथा अपाङ्गमैत्री संरचना आधारभूत मापदण्ड बमोजिम तयार गरिनेछ ।<br>२. विद्यालयमा विद्युतीय पुस्तकालय तथा विज्ञान प्रयोगशालको स्थापना तथा सञ्चालनलाई विस्तार गर्दै लगिनेछ ।<br>३. शिक्षक तथा प्रारम्भिक बाल विकास सहजकर्ताको पदपुर्तिलाई व्यवस्थित, मर्यादित र प्रतिस्पर्धात्मक गराइ समय सापेक्ष क्षमता विकास तथा प्रोत्साहनका अवसर उपलब्ध गराइनेछ ।<br>४. विद्यालयका विभिन्न गतिविधिहरुमा अभिभावकहरुको सहभागित वृद्धि गरि समुदायको सहभागित र अपनत्वको भावना विकास गर्ने ।<br>५. विद्यालयमा खेलकुदलाई प्रवर्द्धन गर्न प्रर्याप्त मात्रामा खेलकुदका सामाग्री व्यवस्था गरिनुका साथै बालबालिकाहरुको प्रतिभा पहिचान र प्रोत्साहनका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन र पुरस्कारको प्रबन्ध गरिनेछ ।<br>६. सामुदायिक विद्यालयमा न्युनतम दरबन्दी तथा विषयगत शिक्षकको व्यवस्थापन गर्ने<br>७. नगर प्रमुख छात्रवृत्ति कोषको स्थापना गरी प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँच सुनिश्चितता गर्ने । |

| | |
|---|---|
| १.२. विद्यालय शिक्षालाई जीवनउपयोगी बनाउन प्राविधिक तथा व्यवसायिक शिक्षाको प्रवर्द्धन गर्ने । | १. प्राविधिक विद्यालय सञ्चालनका लागि आवश्यक पूर्वाधार, जनशक्ति तथा सामग्रीको यथोचित व्यवस्था गरिनेछ ।<br>२. स्थानीय पाठ्यक्रमलाई जीवनउपयोगी विषयवस्तुहरु समेटी तयार गरिनेछ ।<br>३. विद्यालयमा कषि, प्रविधि तथा कानून सम्बन्धी व्यवहारिक ज्ञान हस्नान्तरणको प्रयोगात्मक अभ्यास गराइनेछ ।<br>४. शिक्षक तथा कर्मचारीको प्रविधि सम्बन्धी क्षमता अभिवृद्धि गरी क्रमशः प्रविधि मैत्री विद्यालय निर्माण गर्ने<br>५. कक्षाा १ देखि ८ सम्मका स्थानीय पाठ्यपुस्तकहरु निर्माण गरी स्थानिय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने । |
| १.३ः विद्युतीय सूचना प्रविधिक विस्तार तथा डिजिटल प्रविधिको उपयोगलाई गुणात्मक तथा व्यवस्थित गर्ने | १. आधुनिक विद्युतीय सूचना प्रविधिको पहुँच तथा शिक्षण सिकाई प्रकृया यथोचित उपयोगलाई प्रभावकारी गरिनेछ ।<br>२. दैनिक सूचना प्रवाह, अनुगमन तथा मूल्याङ्कन र अभिलेख व्यवस्थापनमा सूचना तथा संचार प्रविधि प्रयोग गरिनेछ ।<br>३. शिक्षक तथा विद्यार्थीलाई इन्टरनेटको माध्यमबाट अध्ययन, खोज तथा क्षमता विकासका लागि सुशिक्षित तथा अभ्यस्त गराइने छ ।<br>४. विद्यालयहरुमा सुविधा सम्पन्न सूचना संचार प्रविधिको उपयोग (ICT) ल्याव तथा विद्युतीय पुस्तकालय स्थापना गर्दै लगिनेछ ।<br>५. ई-हाजिरी र सिसि क्यामेरा जडान गरी विद्यालयहरुको सुरक्षा अनुगमन गर्ने प्रणालीलाई मजबुत बनाईनेछ ।<br>६. शिक्षण सिकाईलाई प्रभावकारी डिजिटल पाठ्य सामग्रीको व्यवस्था गरी पठनपाठनको प्रबन्ध मिलाइनेछ । |
| १.४ विद्यालयको संस्थागत सक्षमता अभिवृद्धि गर्ने । | १. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अविभावकसँगको गठनलाई नियमित गरी विद्यालयमा शैक्षिक व्यवस्थापनको वातावरण तयार गरिनेछ ।<br>२. सामुदायिक शिक्षामा अभिभावकको सहभागिता बढाउन अभिभावक शिक्षा संचालन गरिनेछ ।<br>३. विद्यालयमा बालक्लब र वातावरण तथा सरसफाई क्लब जस्ता सृजनात्मक गतिविधिमार्फत बाल सहभागिता अभिवृद्धिको प्रयासलाई संस्थागत गरिनेछ । |

| उद्देश्य १: नवप्रवर्तन लाई प्रात्साहन गर्नु | |
| --- | --- |
| | १. नवप्रवर्तन साहयता अभियान सञ्चालन गर्नु । <br> २. नवप्रवर्तन सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गर्नु । |

**प्रमुख कार्यक्रम तथा आयोजना**

महालक्ष्मी नगरपालिकाको शिक्षा, विज्ञान तथा नवप्रवर्तन क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । शिक्षा, विज्ञान तथा नवप्रवर्तन तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### ४.२.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

१. पूर्ण साक्षर नगरपालिका भएको हुनेछ

२. प्राविधिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ ।

३. विद्यालयको शैक्षिक गुणस्तरमा आमुल सकारात्मक परिवर्तन भएको हुनेछ ।

४. शिक्षण सिकाई प्रकृयामा प्रविधीको सदुपयोग भएको हुनेछ ।

५. सबै विद्यालयमा शिक्षण सिकाइमा विद्युतीय सूचना प्रविधिको उपयोग भएको हुनेछ ।

**तालिका ११ : शिक्षा क्षेत्रका अपेक्षित उपलब्धिहरु**

| सि.नं. | सूचक | एकाई | आधार वर्षको अवस्था | आवधिक योजनाको अन्त्यको स्थिति | पुष्ट्याईको आधार |
| --- | --- | --- | --- | --- | --- |
| १ | सामुदायिक अध्ययन केन्द्र तथा पुस्तकालय सञ्चालन | संख्या | - | २ | |
| २ | दक्ष शिक्षकको दरबन्दी पुरा विद्यालय | संख्या | - | १४ | |
| ३ | विद्यालयहरु प्रविधिमैत्री भएको विद्यालय (कक्षा ६ भन्दा माथि) | संख्या | - | १० | |
| ४ | खेल मैदान कम्पाउण्ड व्यवस्थित भएको विद्यालय | संख्या | - | १२ | |

### ४.२.६. अनुमान तथा जोखिम पक्ष

- शिक्षालाई नगरपालिकाले विशेष प्राथमिकता दिएको हुनेछ ।
- विद्यार्थीहरु नगरपालिकाको विद्यालयमा नै अध्ययनरत हुनेछन् ।
- विद्यालय नियमित संचालन भएको हुनेछ ।
- महामारी, प्राकृतिक प्रकोपबाट विद्यालय टाढा रहनेछ ।

## ४.३ महिला, बालबालिका तथा लक्षित वर्ग

### ४.३.१ पृष्ठभुमि

महालक्ष्मी नगरपालिका जात, जाति, जन जाति, लैङ्गिक, आर्थिक रुपले समावेशी नगरपालिकामा पर्दछ। राजधानी शहरको हावापानी, माटो, जातिय सभिश्रण आदिका कारणले पालिकाको सोचाईमा समावेशी व्यवहार नै पाईन्छ। तर बालबालिकाको लागि छुट्टै व्यवस्था भएको देखिएन। बाल मैत्री स्थानीय शासन नगरपालिकाले लागु गर्न सुरु गरे बाल सहभागिता वृद्धि हुनाका साथै सामाजिक सुरक्षाका धेरै क्षेत्रमा काम गर्न सजिलो हुने थियो भने सिमान्तकृत जनसंख्याको लागि छुट्टै योजना बनाई काम गर्नुपर्ने देखिन्छ। बालबालिकाका लागि शैक्षिक संस्था, स्वास्थ्य संस्थाहरु भए पनि बाल उद्यान जस्ता मनोरञ्जनको लागि खुला ठाउँहरुको कमी देखिन्छ। ।

### ४.३.२ समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • महिलाहरु एक नहुनु।<br>• चेतनाको कमी हुनु।<br>• महिलाहरु घर भित्र सिमित रहनु।<br>• बालमैत्री स्थानीय शासन लागु नहुनु।<br>• लक्षित वर्गहरुको संरक्षणमा कमी हुनु।<br>• क्षमता विकास तथा चेतना अभिवृद्धिका कार्यक्रम नहुनु। | • बालबालिकाहरुलाई खुला क्षेत्रको व्यवस्था गर्नु।<br>• बालबालिकाहरुलाई मौलिक सिप हस्तान्तरण गर्नु।<br>• महिलालाई उद्यमी तथा स्वाबलम्बी बनाउनु।<br>• लक्षित वर्गहरुलाई समेटेर कार्यक्रम ल्याउनु। |

### ४.३.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • सिप मुलक कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ।<br>• महिला समुहहरु गठन गर्न सकिने।<br>• बालबालिकालाई खेल तथा अतिरिक्त क्रियाकलापमा सहभागि गराउन सकिने।<br>• अपाङ्गमैत्री पूर्वाधार निर्माण गर्न सकिने।<br>• बाल उद्यानहरुको निर्माण गर्न सकिने। | • सहरी क्षेत्र भएकोले अन्यत्र गएर सिकाउने अवसर।<br>• महिलाहरुलाई रोजगार दिलाउन सकिने।<br>• लक्षित वर्गको क्षमता विकास गराउने अवसर रहेको।<br>• जेष्ठ नागरिकहरुको अनुभव र संस्कारलाई पुस्ता हस्तान्तरण गर्न सकिने। |

### ४.३.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

महिला, बालबालिका तथा लक्षित वर्गलाई विकासको मुलाधारमा समावेश गराउने ।

**उद्देश्य**

१. महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम गर्नु ।

२. बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री स्थानीय शासन लागु गरि बालमैत्री वातावरण सिर्जना गर्नु ।

३. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु

४. अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः महिलाको हक र अधिकारको संरक्षण र लैङ्गिक समता कायम गर्नु ।** | |
| **१.१** पालिका मातहतका सबै निकायहरूमा लैङ्गिक समानता बृद्धि गर्ने । | १. पालिकाका नीति निर्माण र कार्यान्वयनमा महिलाको समान सहभागिता तथा प्रतिनिधित्वमा बढोत्तरी गरिनेछ ।<br>२. लैङ्गिक समानता प्राप्तिको लागि पुरुषको समेत सक्रिय सहभागितामा वृद्धि गरिनेछ । |
| **१.२** लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रम कार्यान्वयन गर्ने । | १. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद नियन्त्रणको कानुनी उपचार प्रणालीलाई पहुँच योग्य बनाइनेछ ।<br>२. स्थानीय तहमा हिंसा प्रभावित महिलाहरूको लागि पुनर्स्थापना तथा सुरक्षा गृह स्थापना तथा सञ्चालन का साथै पालिकामा राहतकोषको सञ्चालन गरिने छ। |
| **उद्देश्य२ :बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सृजना गर्नु ।** | |
| **२.१** विभेद, हिंसा, उत्पीडन, शोषणबाट बालबालिकालाई उचित संरक्षण गर्ने । | १. बालबालिका विरुद्ध हुने हिंसा, यौनदुर्व्यवहार, बालश्रम, बलात्कार, बेचविखनजस्ता अपराध विरुद्ध सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२. हिंसा प्रभावित बालबालिकाको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि बाल हेल्पलाइन सेवाको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | ३. अनाथ, असहाय, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा बालकोषको स्थापना गरिनेछ । |
| २.२ बालबालिकाको सहभागिता वृद्धि गर्ने । | १. बालबालिकाको प्रोफाइल तयार गरिनेछ ।<br>२. बाल क्लब तथा बाल सञ्जालको गठन, विस्तार तथा परिचालन गरी बालबालिकाको सहभागिता बढाइनेछ ।<br>३. स्थानीय नीति निर्माण तहमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ ।<br>४. बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बाल सहभागितामा बृद्धि गरिनेछ । |
| २ :३. बालमैत्री वातावरणको विकास गर्ने । | १. बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि प्रत्येक वडामा बाल उद्यान निर्माण गरिनेछ ।<br>२. बालमैत्री स्थानीय शासनका माध्यमबाट बाल अधिकार सूचकहरू पूरा गर्न बालमैत्री पालिका घोषणा गरिनेछ । |
| **उद्देश्य ३ : ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु ।** | |
| **३.१ः** ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना गर्ने । | १. आफ्ना आमाबाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको प्रवर्द्धन गरिनेछ ।<br>२. आवश्यकता अनुसार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा आश्रमको व्यवस्था गरिनेछ । |
| **३.**२ः ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गरी सहभागितामा वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नुका साथै अन्तरपुस्ता हस्तान्तरण गरिनेछ । |
| **३.३ः** ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा सेवालाई वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकलाई सम्मान स्वरुप सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ ।<br>२. ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुर्याएको योगदानको आधारमा सम्मान गरिनेछ । |
| **उद्देश्य ४ : अपाङ्गता भएका व्यक्तीका लागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवन यापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु ।** | |
| **४.१ः** अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा पहुँच बढाउने । | १. भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्गमैत्री बनाई सहज हुने वातावरण निर्माण गरिनेछ । |

| | |
|---|---|
| | २. शिक्षण सिकाइ पद्धति अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ ।<br>३. अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गरिनेछ । |
| ४.२: अपाङ्ग व्यक्तिहरूप्रति गरिने हिंसाको न्यूनीकरण गर्ने । | १. अपाङ्ग व्यक्तिहरूप्रति गरिने विभेद र हिंसा निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. अपाङ्गता भएका व्यक्तिको सहभागितामा वृद्धिका लागि आवस्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । |

**प्रमुख कार्यक्रमहरु**

महालक्ष्मी नगरपालिकाको महिला, बालबालिका तथा लक्षित वर्ग क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । महिला, बालबालिका तथा लक्षित वर्ग तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### ४.३.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

१. महिला सशक्तिकरणका मार्फत सामाजिक विभेदहरु न्यून भई महिला सहभागिता वृद्धि भएको हुनेछ ।
२. बालमैत्री पालिका घोषणा भएको हुनेछ ।
३. अपाङ्गता भएका व्यक्तिहरुको आत्मसम्मान र सहभागितामा वृद्धि भएको हुनेछ
४. ज्येष्ठ नागरिकका अनुभव तथा ज्ञानहरुको सदुपयोग भएको हुनेछ ।

**तालिका १२ : लक्षित वर्ग कार्यक्रम क्षेत्रका अपेक्षित उपलब्धिहरु**

| सि.नं. | सूचक | एकाई | आधार वर्षको अवस्था | आवधिक योजनाको अन्त्यको स्थिति | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|
| १ | बाल उद्यान | संख्या | - | ४ | |
| २ | जेष्ठ नागरिक मिलन केन्द्र | संख्या | - | १ | |
| ३ | महिला तथा आमा समुह भवन | संख्या | - | २ | |

### ४.३.६. अनुमान तथा जोखिम पक्ष

- बढ्दो शहरीकरणको कारण महिला यौनजन्य हिंसा हुन सक्ने ।
- लक्षित वर्गको उचित सम्मान हुन नसक्नु ।
- महिला, महिला बीच झगडाको वातावरण सिर्जना हुन सक्ने ।
- बाल हिंसा तथा बाल श्रमको जोखिम ।

## ४.४ युवा तथा खेलकुद

### ४.४.१ पृष्ठभूमि

देश विकासमा स्वस्थ युवाको भुमिका महत्वपूर्ण छ । युवा स्वस्थ रहन खेलकुदको आवश्यकता पर्दछ । यस पालिकामा खेल मैदान सिमित विद्यालयहरुमा मात्र सिमित रहेको छ । सरकारले “स्वास्थयका लागि खेल, राष्ट्रको लागि खेलाडी” भन्ने नारा लाई आम्मसात गरेतापनि यस पालिकामा खेल मैदानको विकास भने हुन सकेको देखिँदैन । खेल मैदानको अभावले गर्दा पालिका भित्र हुने खेलकुद गतिविधिहरु कमी छन् । यस पालिकामा प्रशस्तै राष्ट्रिय स्तरका खेलाडीहरु भएतापनि खेल पूर्वाधारमा लगानी गरेको देखिँदैन । इनडोर खेलका रुपमा फुटसल, तथा निजी पौडी पोखरी र फिटनेस क्लब भने व्यवसायिक रुपमा खोलिएको देखिन्छ । पालिकाको आफ्नो भौगोलिक क्षेत्रभित्र उपुक्त स्थानमा सम्भाव्यता अध्ययन गरी खेलमैदान ( रंगशाला) तथा कभर्डहल हरु व्यापक तयार गर्नुपर्ने देखिन्छ । युवाहरुले खेल लाई मनोरञ्जनका साधन र शरीर स्वस्थ राख्ने माध्यमका रुपमा लिने गर्दछन् । शारिरिक तथा मानसिक स्वास्थ्य स्वस्थ राख्न खेलकुद एक शसक्त माध्यम हो । जसले युवा पलायन रोक्न सक्छ ।

### ४.४.२ समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • युवा उद्यमशिलता नहुनु ।<br>• युवा पलायनलाई रोक्न नसक्नु ।<br>• व्यवस्थित खेलकुद मैदान नहुनु ।<br>• विभिन्न खेलका खेलाडी तथा प्रशिक्षक परिचालन नहुनु ।<br>• युवाहरुलाई आर्थिक सामाजिक र राजनैतिक क्षेत्रमा पहुँच नहुनु । | • खेलकुद क्षेत्रको भौतिक पूर्वाधार तयार गर्नु<br>• युवाहरुलाई स्वरोजगार बनाउन<br>• युवाहरुलाई सामाजिक, राजनैतिक तथा विकासको गतिविधिमा अग्रसर गराउनु<br>• दक्ष तथा शिक्षित युवाहरुलाई विदेश पलायन हुनबाट रोक्नु । |

### ४.४.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|

| | |
|---|---|
| • सार्वजनिक जग्गाको सदुपयोग गरि खेलकुदको लागि खेल मैदान तयार गर्ने र बहुउद्देश्यीय कभर्डहल निर्माण गर्न सकिने ।<br>• राष्ट्र निर्माण गर्न दक्ष र शिक्षित युवा वर्गहरुलाई परिचालन गर्न सकिने ।<br>• युवाहरुलाई प्राविधिक शिक्षा प्रदान गरि देशमा स्वरोजगार प्रदान गर्न सकिने ।<br>• युवाहरुलाई सामाजिक गतिविधिमा सक्रिय बनाउन सकिने | • दक्ष खेलाडीहरु उत्पादन गरी नगरपालिकाको स्तर राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडि तथा प्रशिक्षक तयार गर्ने अवसर रहेको ।<br>• युवाहरुलाई विभिन्न क्षेत्रमा तालिम दिई दक्ष बनाई रोजगारीमा अग्रसर गराउने अवसर रहेको ।<br>• युवा जनशक्तिलाई उत्पादनशिल क्षेत्रमा लगाई आर्थिक उन्नती हाँसिल गर्न सकिने अवसर रहेको । |

### ४.४.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

युवाहरुलाई सामाजिक, आर्थिक तथा खेल क्षेत्रमा सहभागि गराई समग्र विकासको कार्यमा समावेश गराउने ।

**उद्देश्य**

१. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।

२. खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।** | |
| **१.१:** विकासमा युवा सहभागिता बढाउने । | १. विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. नगरपालिकाको नीति-कार्यक्रम निर्माण तथा अनुगमन-मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ । |
| **१.२:** युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने । | १। रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, साझेदारीका वित्तीय संस्थाहरू मार्फत् सहुलियत व्याजदरमा ऋण उपलब्ध गराइनेछ । |
| **१.३:** युवा केन्द्रित प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका | १. युवामा उद्यमशीलता विकासका लागि स्वदेश तथा विदेशको बजारको माग अनुरूप व्यवसायिक तथा प्राविधिक तालिम उपलव्ध गराइनेछ। |

| | |
|---|---|
| अवसरहरू विस्तार गरी उद्यमशील बनाउने । | २. वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ ।<br>३. परम्परागत पेशा र व्यवसायको जगेर्ना, आधुनिकीकरण, र व्यवसायीकरण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ । |
| **१.४ः** युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने । | १. सिर्जनात्मक अन्वेषण र नवप्रवर्तन कार्य गरी राष्ट्रको गौरव वढाउन योगदान दिन युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>२. विकास वा खेलकुद सम्बन्धी विभिन्न क्लवहरूको स्थापना तथा प्रभावकारी सञ्चालन मार्फत युवाहरूको नेतृत्व र व्यक्तित्वको विकास गरिनेछ ।<br>३. युवाहरूलाई परिवार र समाजप्रति जिम्मेवारी गराइनेछ ।<br>४. युवाहरूलाई लागु पदार्थ दुर्व्यसन तथा नियन्त्रण सम्बन्धी चेतना मुलक कार्यक्रम तयारी तथा सञ्चालनमा सहभागी गराइनेछ ।<br>५. वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागितालाई प्राथमिकता दिइनेछ ।<br>६. विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँचका लागि प्रत्येक वार्डमा सूचना प्रविधि सम्पन्न युवा सूचना केन्द्रको स्थापना गरिनेछ। |
| **उद्देश्य २ः खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु ।** | |
| **२.१ः** खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण गर्ने । | १. नगरपालिकामा कम्तिमा एउटा न्युनतम सुविधा सम्पन्न वहुउद्देश्यीय खेलकुद रङ्गशाला निर्माण गरिनेछ ।<br>२. सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार निर्माण र सुदृढ गरिनेछ ।<br>३. प्रत्येक वडामा कम्तिमा एउटा न्युनतम सुविधा सम्पन्न कभर्डहल तथा आवश्यक खेल सामग्रीको व्यवस्था गरिने छ। |
| **२.२ः** खेल सम्बद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने । | १. खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सहयोग र सहकार्य गरिनेछ ।<br>२. खेलकुद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानका लागि विज्ञता हाँसिल गरेका विदेशी खेलाडीसँग ज्ञान र सीपको आदानप्रदान गर्न आवश्यक समझदारीको व्यवस्था मिलाइनेछ। |
| **२.३ः** योग तथा ध्यानका साथै मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृतिजन्य खेलकुद विकास गर्ने । | १. योग तथा ध्यान मार्फत युवाहरूमा सकारात्मक विकासका लागि योग तथा ध्यानका प्रशिक्षक तयार गरिने छ ।<br>२. पालिकामा कम्तिमा एउटा योग तथा ध्यान प्रशिक्षण केन्द्र स्थापना तथा सुसञ्चालन गरिनेछ ।<br>३. मनोरञ्जनात्मक तथा संस्कृतिजन्य खेललाई प्रोत्साहन गरिनेछ । |

| | |
|---|---|
| | ४. लोपोन्मुख रैथाने (Indigenous) खेल उत्थान तथा विकासका लागि आवश्यक व्यवस्था गरिनेछ । |
| **२.४:** प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने । | १. राष्ट्र र प्रदेशको गौरव राख्ने सफल खेलाडीहरूलाई सम्मान एवम् पुरस्कार दिइनेछ ।<br>२. स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान खेलाडीको पहिचान, विकास, सम्मान तथा प्रोत्साहन गरिनेछ ।<br>३. विद्यालय तथा पालिका तहमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।<br>४. खेलकुदमा युवाहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजनाहरु**

महालक्ष्मी नगरपालिकाको युवा तथा खेलकुद क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । युवा तथा खेलकुद तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### ४.४.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

१. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि भएको हुनेछ ।

२. खेलकुद पूर्वाधारको विकासबाट युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाइएको हुनेछ ।

३. प्रत्येक वार्डमा बहुउद्देश्यीय कभर्डहल निर्माण भएको हुनेछ ।

४. खेदकुदमा महिलाहरुको उल्लेखनिय सहभागितामा वृद्धी भएको हुनेछ ।

**तालिका १३ : लक्षित वर्ग कार्यक्रम क्षेत्रका अपेक्षित उपलब्धिहरु**

| सि.नं. | सूचक | एकाई | आधार वर्षको अवस्था | आवधिक योजनाको अन्त्यको स्थिति | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|
| १ | पालिका स्तरीय खेलकुद मैदान | संख्या | - | १ | |
| २ | विद्यालय स्तरीय खेलकुद मैदान | संख्या | - | १० | |
| ३ | कभर्डहल निर्माण | संख्या | - | १० | |
| ४ | खेलकुद प्रतियोगिता पालिका स्तरीय | पटक | - | ३ | |

### ४.४.६. अनुमान तथा जोखिम पक्ष

- युवा पलायन हुन सक्ने ।
- युवा जनशक्तिले मौलिक संस्कृतिलाई विस्तारै  बिर्सने ।

## ५.१. वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ५.१.१. पृष्ठभूमि

महालक्ष्मी नगरपालिका भित्र लुभु र सिद्धिपुर मल्लकालीन वस्तीहरु हुन् जहाँ जोडिएर बनेका पुराना घरहरु रहेको छन् । सानो क्षेत्रफलमा धेरै घरहरु छन् । अन्यत्र भने छरिएर रहेको बस्ती पाईन्छ । पछिल्लो समयको अत्याधिक जनसंख्या वृद्धिले इमाडोल क्षेत्रमा व्यापक विकास भएको देख्न सकिन्छ । सार्वजनिक राजकुलोहरु बाटोमा परिणत भएका छन् । सडकको छेउछाउमा ठूला व्यापारिक भवनहरु बनेका छन् । यस पालिकाको ७७.२३% घरहरु आवशका लागि मात्र, १६.१७ % घरहरु आवाश र व्यापारिक प्रयोजनको हिसाबले, ३% घरहरु व्यापारिक हिसाबले मात्र बनाईएका छन् । सामुदायिक भवनहरु नगन्य मात्रामा बनेको देखिन्छ ।

### ५.१.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • अव्यस्थित वस्ती विकास<br>• अव्यवस्थित तथा मापदण्ड विपरित निर्मित सेफ्टी ट्याङक ।<br>• मापदण्ड विपरित भवन निर्माण हुनु ।<br>• खुल्ला सार्वजनिक स्थलको अभाव<br>• भूउपयोग योजनाबद्ध नहुनु ।<br>• अव्यवस्थित सहरीकरण<br>• भवन निर्माण मापदण्ड सम्बन्धि जनचेतनाको कमी<br>• अव्यवस्थित जग्गा प्लटिङ्ग<br>• भवन निर्माण मापदण्ड तथा कार्यविधि पूर्ण रुपमा पालना गर्न नसकेको । | • शहर उन्मुख बस्ती विकास गराउन ।<br>• भवन निर्माण मापदण्ड लागु गर्न ।<br>• प्राकृतिक प्रकोपको जोखिम न्युनिकरण गर्न ।<br>• सामुदायिक निर्माणको अवधारणा कार्यान्वयन गर्न ।<br>• चिहान घरहरु व्यवस्थित गर्न ।<br>• खुला ठाउँमा सार्वजनिक भवनहरु बनाउन चुनौती रहेको । |

### ५.१.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • उपत्यकाको नजिकको नगरपालिका भएको कारण रेसिडेन्स हबको रुपमा विस्तार गर्न सकिने ।<br>• खालि जग्गाहरुमा व्यवस्थित, वस्ती विकास योजनाहरु सञ्चालन गर्न सकिने ।<br>• सहरोन्मुख बस्तीहरुलाई योजनाबद्ध ढंगले विकास गर्न सकिने ।<br>• व्यवसायिक भवन, सभाहल, प्रदर्शनी केन्द्र आदिको विकास गरि आर्थिक लाभ लिन सक्ने सम्भावना रहेको छ । | • राजधानी देखि नजिकैको दुरिमा रहेको नगरपालिका ।<br>• भवन निर्माण मापदण्ड बनिसकेकोले उचित कार्यान्वयन गर्न सकिने ।<br>• मौलिक डिजाईन अनुसार भवनहरु निर्माण गर्न सकिने अवसर रहेको ।<br>• विद्युतीय नक्सा पास प्रणाली लागु गर्न सकिने । |

### ५.१.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

शान्त, सफा, स्वच्छ नगरपालिका निर्माण गर्ने ।

**उद्देश्य**

१. व्यवस्थित तथा योजनाबद्ध वस्ती विकास गर्ने ।

२. भवन निर्माण मापदण्डलाई कडाईका साथ लागु गर्ने ।

३. परम्परागत महत्व बोकेका वस्तीहरुको संरक्षण गर्ने ।

४. सार्वजनिक जग्गाहरुको लगत संकलन गरी पार्क, बाल उद्यान, मनोरञ्जन स्थल, व्यायाम क्षेत्र आदिको निर्माण गर्ने ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः व्यवस्थित योजनावद्ध वस्ती विकास गर्ने ।** | |
| **१.१ः** अव्यवस्थित सहरीकरणलाई नियन्त्रण गर्ने नीति निर्माण गर्ने । | १. भूउपयोग नीति र बस्ती विकास योजना तयार गरी लागु गरिनेछ ।<br>२. दीर्घकालिन भूउपयोग नक्सा तयार गरिनेछ ।<br>३. बसाँईसराई बाट हुने अप्राकृतिक जनसंख्या वृद्धि लाई नियन्त्रण गर्ने नीति तयार गरिनेछ । |

| | |
|---|---|
| **१.२ः** भूउपयोग क्षेत्र र भौतिक विकास गुरुयोजनाको आधारमा सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित गर्ने । | १. सडकको मापदण्ड, वर्गीकरण, नामाकरण, प्राथमिकीकरण र साँकेतीकरण सहित यातायात गुरुयोजना निर्माण सडक निर्माण तथा भवन र सञ्चालन गर्ने ।<br>२. भू—उपयोग क्षेत्र अनुसार भौतिक निर्माणको योजना तर्जुमाको आधारमा सडक तथा अन्य पूर्वाधार विस्तार, विकास र स्तरोन्नति गरिनेछ ।<br>३. भवन निर्माण सम्बन्धी मापदण्डलाई प्रभावकारी रुपमा लागू गर्न तालिम तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. भूउपयोग क्षेत्र अनुसार निर्धारण गरिएको कृषि क्षेत्रलाई वेचविखन र प्लटिङ लगायत जग्गा विकासका लागि उपयोग गर्ने जग्गाको वेचविखनमा रोक लगाउन आवश्यक कानूनी व्यवस्था गरिनेछ र कृषि कार्यमा प्रयोग गर्नेलाई प्रोत्साहन तथा सहुलियतको व्यवस्था गरिनेछ ।<br>५. सडक तथा टोल बस्तीमा प्रतिक्षालय वा चौतारो निर्माण कार्य संचालन गरिनेछ ।<br>६. नगरपालिका क्षेत्रभित्र रहेको सार्वजनिक जग्गाको लगत संकलन, नक्शाकंन, अभिलेखकरण गरी कानून अनुसार उत्पादन तथा आयमूलक क्षेत्रमा परिचालनको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २ः परम्परागत महत्वका बस्तीहरुको संरक्षण गरिनेछ।** | |
| **२.१ः** स्थानीय मौलिक कला सिप झल्कने डिजाई प्रयोग गरि बस्ती विकासमा प्रोत्साहन दिइनेछ। | १. सरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी उपयुक्त भवन डिजाइन तथा निर्माण गरिनेछ ।<br>२. नगरपालिकामा निर्माण हुने भवनहरूको डिजाइनमा एकरूपता ल्याउन भवन निर्माण मापदण्ड बनाई लागु गरिनेछ ।<br>३. स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती निजी भवन निर्माण गर्न निजी क्षेत्र तथा समुदायलाई प्राविधिक सहयोग गरिनेछ । |
| **२.२ः** भवन डिजाइन, निर्माण तथा सुपरीवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने । | १. सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माण बारे जनचेतना बृद्धि गर्न समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. स्थानीय रूपमा उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई अधिकतम प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>३. एकीकृत सेवा प्रदायक बहुपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरी एकीकृत जनसेवा प्रदान गरिनेछ । |

**प्रमुख कार्यक्रमहरु**

महालक्ष्मी नगरपालिकाको वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ। वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ५.१.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

- नगरपालिकाको प्रत्येक वडामा योजनाबद्ध र भौतिक पूर्वाधारयुक्त सुरक्षित तथा व्यवस्थित वस्ती विकास भएको हुनेछ।
- वडाको प्रमुख वस्तीहरुमा एक पोखरी, एक मनोरञ्जन पार्क तथा उद्यान र एक खुला स्थानको व्यवस्था भएको हुनेछ।
- एकिकृत आवार तथा वस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाह भएको हुनेछ।
- स्थानीय निर्माण सामाग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित भवनहरु निर्माण भएको हुनेछन्।
- सुरक्षित आवासमा बसोबास गर्नेको संख्या बढ्नेछ।
- भवन निर्माण मापदण्ड तयार भई कार्यान्वयन भएको हुनेछ।

**तालिका १४ : लक्षित वर्ग कार्यक्रम क्षेत्रका अपेक्षित उपलब्धिहरु**

| सि.नं. | सूचक | एकाई | आधार वर्षको अवस्था | आवधिक योजनाको अन्त्यको स्थिति | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|
| १ | नगरपालिका प्रशासनिक भवन | संख्या | - | १ | |
| २ | सभाहल तथा व्यापारिक भवन | संख्या | - | १ | |
| ३ | सामुदायिक भवन | संख्या | - | ४ | |
| ४ | तालिम केन्द्र | संख्या | - | १ | |
| ५ | सार्वजनिक शौचालय | संख्या | - | ३३ | |

### ५.१.६. अनुमान तथा जोखिम पक्ष

- दक्ष जनशक्तिको अभावले निर्माण कार्यको गुणस्तरीयता परीक्षण।
- आधुनिक निर्माण सामाग्रीले परामपरागत निर्माण सामाग्रीलाई निरुत्साहित गर्नु।
- भवन निर्माण मापदण्ड अनुरुप भवन बनाउन जनता आर्थिक रुपले सबल नहुनु।
- प्राकृतिक प्रकोपको जोखिम निर्धारण गर्न नसक्नु।

## ५.२ सडक तथा पुल

### ५.२.१. पृष्ठभूमि

काठमाण्डौं उपत्यका भित्रको, ललितपुर महानगरपालिका सँग जोडिएको चक्रपथ नजिकै बाट पालिका सुरुहुने भएकोले यस नगरपालिकामा ग्वार्को देखि लुभु सम्म मुख्य सडक रहेको छ। शाखा सडक संजालहरु समेत रहेको कारण वडा नं. १, २, ३, ४ अति घना बस्तीमा परिणत भएको छ। यस पालिकामा २८३.२ कि.मि. सडक रहेकोमा ३३.५ कि.मि. पिच सडक, ९४.२ कि.मि. ग्राभेल र १३५.३ कि.मि. धुले र १६० मिटर इट्टा बिच्छ्याईएको सडक रहेको छ। रत्नपार्क, लगनखेल आदि ठाउँबाट नियमित यातायातको सुविधा रहेको पाईन्छ। राजकुलोहरु नियमित सडकमा परिणत हुनाले परम्परागत राजकुलोहरु समस्याले ग्रसित छन्। सहरी सडकहरुको निर्माण अवधारणा आउन सके महालक्ष्मी नगरपालिकाको बढ्दो जनसंख्यालाई धान्न सक्ने अवस्था निर्माण हुन सक्छ।

### ५.२.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • सडकको मापदण्ड नतोकिएको।<br>• भईरहेका सडक तथा पुलको सबै अभिलेख सुरक्षित नहुनु।<br>• व्यवस्थित बसपार्क तथा पार्किङ्गको उचित प्रबन्ध नहुनु।<br>• बढ्दो यातायातको चाप र सडक क्षमता वृद्धि हुन नसक्दा ट्राफिकको समस्या दिनानुदिन भोग्नु परेको।<br>• सडक यातायात गुरुयोजना तयार नभएको। | • सडकको वैज्ञानिक वर्गीकरण गर्न।<br>• अव्यवीस्थत भवन तथा वस्तीका कारणले मापदण्ड अनुसार सडक निर्माण गर्न नसक्नु।<br>• सडकका लागि जग्गा अधिगृहण गर्न नसक्नु।<br>• पर्याप्त आर्थिक स्रोत व्यवस्थापन गर्न। |

### ५.२.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| ● देशकै राजधानी सँग जोडिएको सडकहरुको एकरुपता ल्याउन सकिने ।<br>● मानिसको जीवनस्तरमा अभिवृद्धि ल्याउने ।<br>● औद्योगिक विकासको अवागमनमा सहजता हुन सक्ने । | ● सडक सँगै हरियाली प्रवर्द्धन गर्न सके हरित महालक्ष्मी नगरपालिकाको अवधारणा पूर्णता दिन सकिने ।<br>● सडक सँगै साइकल लेनको विकास गरी साइकल मैत्री सडक बनाउन सकिने अवसर ।<br>● आन्तरिक तथा बाह्य पर्यटन विकास<br>● कृषि उपजहरुको सहज बजारीकरण आदि । |

### ५.२.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

हरित गुणस्तरीय सडक निर्माण गरी अवागमनका लागि सडकको पहुँच वृद्धि गर्ने ।।

**उद्देश्य**

१. हरित गुणस्तरिय यातायात पूर्वाधारको विकास, बिस्तार र व्यवस्थापन गरि सामाजिक आर्थिक अवसरहरूमा न.पा.का नागरिकहरूको पहुँच वृद्धी गर्नु ।

२. यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः हरित गुणस्तरिय यातायात पूर्वाधारको विकास, विस्तार र व्यवस्थापन गरि सामाजिक आर्थिक अवसरहरूमा पहुँच वृद्धी गर्नु ।** | |
| **१.१ः** योजनाको दीर्घकालीन उपयोगकोलागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतकोलागि कोषको व्यवस्था गर्ने । | १. नेपाल सरकारले निर्धारण गरेका न्यूनतम मापदण्ड निर्धारण गरी सोको पालना गरी सडकको गुणस्तर कायम गरिनेछ ।<br>२. पुल निर्माण कार्यहरूको गुणस्तर कायम गर्न अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।<br>३. योजनाको दीर्घकालीन उपयोगकोलागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतको लागि कोषको व्यवस्था गरिनेछ । |
| **१.२ः** नगरपालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, | १. व्यवसायिक गतिविधिलाई गतिशील बनाउन सडकको निर्माण तथा स्तरवृद्धि गरिनेछ । |

| | |
|---|---|
| समावेशी, गतिशील बनाउन योगदान पुऱ्याउन सक्ने रणनीतिक सडक सञ्जाल सुदृढ गर्ने । | २. नगरपालिकाको रणनीतिक सडक सञ्जालको निर्माणमा तीब्रता दिइनेछ ।<br>३. सडकमा हुने ढल निकासको योजनाबद्ध विकास गर्ने । |
| **१.३:** हरित सडक निर्माणा गर्ने । | १. सडक छेउछाउमा वृक्षारोपण गरी हरित सडक नर्माण गर्ने । |
| **उद्देश्य २: यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना गर्नु ।** | |
| **२.१:** प्रमुख बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरी यातायात पहुँच बढाउन सडक विस्तार गर्ने । | १. योजनाहरूको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुमान गरेर मात्र वातावरणमैत्री पूर्वाधारको निर्माण गरिनेछ ।<br>२. स्थानीय तहको श्रोत, श्रम एवम् सीपलाई केन्द्रबिन्दुमा राखिनेछ ।<br>३. सम्पूर्ण पूर्वाधार योजनाहरूलाई आधुनिक सूचना प्रणाली अनुसार अद्यावधिक गर्दै नियमितरूपमा कार्यान्वयन गर्दै लगिनेछ ।<br>४. प्रमुख बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने पूर्वाधार विकासका निर्माणमा व्यापक जनसहभागिता बढाइनेछ ।<br>५. योजनाहरूलाई निर्धारित समयमा नै सम्पन्न गर्न योजनाको प्रकृति अनुरूप आवश्यक स्रोत तथा वस्तु र गुणस्तरको आधारमा वर्गीकरण गरी सोही अनुरूप व्यवस्था मिलाइनेछ ।<br>६. आधुनिक तथा व्यवस्थित बसपार्क निर्माणको अवधारणालाइ अघि बढाइनेछ<br>७. यातायातको अवागमनलाइ एकिकृत र चुस्त बनाइने छ । |

**प्रमुख कार्यक्रमहरु**

महालक्ष्मी नगरपालिकाको सडक तथा पुल क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ। सडक तथा पुल तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ५.२.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

- नगरपालिकाको यातायात गुरुयोजना तयार भएको हुनेछ।

- सडक मापदण्ड र सडक क्षेत्र (Right of way) निर्धारण भएको हुनेछ ।
- आधुनिक तथा व्यवस्थित बसपार्क निर्माण गरिएको हुनेछ ।
- सडक अपाङ्गमैत्री भएको हुनेछ ।
- सडकहरुमा साइकल लेनको व्यवस्था भएको हुनेछ ।
- प्रमुख पर्यटकीय स्थलसम्म सर्वयाम सडकले जोडिएको हुनेछ ।
- स्थानीय स्रोत साधन, श्रम एवम् सीपहरुको भरपुर प्रयोग भएको हुनेछ ।
- यातायात सुविधाको उपलब्धता सरल भएको हुनेछ ।
- सडक निर्माणबाट हुने प्राकृतिक जोखिम बायो इन्जिनियरिङ प्रविधिबाट न्युनिकरण भएको हुनेछ ।

**तालिका १५ : सडक तथा पुल क्षेत्रका नतिजा खाका**

| सि.नं. | सूचक | एकाई | आधार वर्षको अवस्था | आवधिक योजनाको अन्त्यको स्थिति | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|
| १ | सडक निर्माण | कि.मि. | - | ४७ | |
| २ | पक्की पुल | संख्या | - | १० | |

### ५.२.६. अनुमान तथा जोखिम पक्ष

- उच्च सहरीकरणको कारण ठूला सडक निर्माण गर्न नसकिने ।
- परम्परागत बस्तीहरुमा सडक विस्तार गर्न ।
- सडकको मर्मत सम्भार ।

## ५.३. खानेपानी तथा सरसफाई

### ५.३.१. पृष्ठभूमि

घनावस्ती, अव्यवस्थित वस्ती विकासका कारणले यस पालिकामा खानेपानी तथा सरसफाई समस्या उत्पन्न भएको छ । वस्ती अनुसार खानेपानी सुविधा पुर्‍याउन सकिएको छैन । त्यसैगरी ढलनिकासको व्यवस्था पनि योजनाबद्ध हिसाबले अघि बढाउन नसक्दा खुला ढल, खोलामा फाहोर मिसाउने आदि प्रवृत्ति व्याप्त देखिन्छ । महालक्ष्मी नगरपालिकाका अधिकाशं बासिन्दा पिउने पानीको लागि जारको पानिमा निर्भर रहेको देखिन्छ ।

पानी नै जीवन हो तसर्थ पालिकाले भरपर्दो श्रोत व्यवस्थापन गरि नियमित स्वच्छ सफा पानि घरघरमा धाराबाट पुर्‍याउन सके मात्र सोच अनुसारको स्वच्छ, सफा, समृद्ध र सुन्दर महालक्ष्मी नगरपालिकाको परिकल्पना गर्न सकिन्छ ।

### ५.३.२. समस्या  तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| ● वस्ती विस्तारमा वृद्धि ।<br>● श्रोतको कमी ।<br>● पानीको उपयोग गर्ने बानीमा परिवर्तन ।<br>● वातावरणको कारण खोला सुक्ने क्रममा वृद्धि ।<br>● खोला नाला प्रदुषण हुने । | ● वातावरण विनास कम गरी पानीको श्रोतमा वृद्धि गर्न सकिने ।<br>● पानीको पुनः प्रयोग गरी पानीको खपत गर्न सकिने ।<br>● घरेलु फोहोर व्यवस्थित गर्ने । |

### ५.३.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| ● वर्षातको पानीलाई जमिनमा पुनर्भरण गरी पानीको श्रोत बढाउन सकिने ।<br>● खोलाको प्रदुषण नियन्त्रण गर्ने सम्भावना रहेको ।<br>● फोहोरलाई व्यवस्थापन गरी स्वच्छ, सफा शहर बनाउन सकिने ।<br>● लाकुरे भञ्ज्याङ्ग र लामाटार क्षेत्रबाट बग्ने खोलाको पानी प्रयोगमा ल्याउन सक्ने । | ● वृक्षारोपण गरी वातावरणीय प्रभाव कम गर्ने ।<br>● फोहोरलाई मोहोरमा रुपान्तरीत गर्ने अवसर रहेको ।<br>● उपलब्ध श्रोतहरुलाई व्यवस्थित गरी एकिकृत रुपमा पानी वितरण गर्न सकिने । |

### ५.३.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

शुद्ध खानेपानीको सुनिश्चितता गर्ने ।

**उद्देश्य**

१. स्वच्छ खानेपानीमा सहज पहुँच तथा सरसफाईको प्रवर्द्धन गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः स्वच्छ खानेपानीमा सहज पहुँच तथा सरसफाईको प्रवर्द्धन गर्नु ।** | |
| १.१ः स्वच्छ खानेपानीमा सबैको सहज पहुँच स्थापना गर्ने । | १. खानेपानीका मूल तथा वैकल्पिक श्रोतहरुको पहिचान गरी दिगो रुपमा उपयोग गरिनेछ ।<br>२. सबै वडाहरुलाई स्वच्छ खानेपानीयुक्त वडा घोषणा गरिनेछ । |

| | |
|---|---|
| | ३. स्वच्छ तथा सुरक्षित खानेपानीको उपलब्धता सुनिश्चित गर्न नियमित खानेपानीको गुणस्तर परीक्षण तथा शुद्धिकरणका लागि आवश्यक प्रबन्ध मिलाईनेछ ।<br>४. संचालनमा रहेका खानेपानी आयोजनाको निरन्तरता, संरक्षण र मर्मतसंभारको लागि उपभोक्तासँग सहकार्य गरिनेछ ।<br>५. खानेपानीको गुणस्तर परिक्षण तथा सुधारलाई नियमित कार्ययोजना बनाई लागु गरिनेछ । |
| **१.२:** सामुदायिक तथा व्यक्तिगत तहमा सरसफाई तथा स्वस्थ जीवन शैलीको प्रवर्द्धन गर्ने । | १. खानेपानी सरसफाई तथा स्वच्छता योजना तयार गरी कार्यन्वयनमा ल्याइनेछ ।<br>२. फोहोरमैला व्यवस्थापन गर्न सेनिटरी ल्याण्डफिल साईटको निर्माण व्यवस्थापन, बाटो सरसफाई, प्लाष्टिकजन्य वस्तुको प्रयोगमा न्युनीकरण तथा निषेध गर्न समुदायसँग सहकार्य, समन्वय र पारस्परिक सहयोगका आधारमा कार्यक्रमहरु संचालन गरिनेछ ।<br>३. बजार क्षेत्रहरुमा सार्वजनिक शौचालय र हात धुने ठाउँको प्रबन्ध मिलाईनेछ ।<br>४. जनस्वास्थ्य तथा पूर्ण सरसफाई कार्यक्रम एकीकृत गरी संचानल गरिनेछ ।<br>५. सरसफाई प्रवर्द्धन गर्न बाल क्लब, युवा क्लब। आमा/महिला समुह आदिलाई सचेत गराई परिचालन गरिनेछ । |

**प्रमुख कार्यक्रमहरु**

महालक्ष्मी नगरपालिकाको खानेपानी तथा सरसफाई क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । खानेपानी तथा सरसफाई तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

## ५.३.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

१. खानेपानी, सरसफाई तथा स्वच्छता योजना निर्माण भई कार्यान्वयन भएको हुनेछ ।

२. सबै घरमा स्वच्छ खानेपानीको उपलब्धता भएको हुनेछ ।

३. खानेपानीको नियमित जाँच गरि उपभोग भएको हुनेछ ।

४. खानेपानीको श्रोतहरुको पहिचान भएको हुनेछ ।

५. सबै घरमा र सार्वजानीक स्थलहरुमा शौचालय भएको हुनेछ ।

६. फोहरमैला व्यवस्थापन भएर फोहरमैलाको पुन: प्रयोग भएको हुनेछ ।

**तालिका १६ : खानेपानी तथा सरसफाई क्षेत्रका नतिजा खाका**

| सि.नं. | सूचक | एकाई | आधार वर्षको अवस्था | आवधिक योजनाको अन्त्यको स्थिति | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|
| १ | शुद्ध खानेपानी उपभोग गर्ने जनसंख्या | प्रतिशत | - | ९९.५ | |
| २ | शौचालयको प्रयोग गर्ने जनसंख्या | प्रतिशत | - | ९९.५ | |
| ३ | सार्वजनिक शौचालयको निर्माण | संख्या | - | ३३ | |
| ४ | ल्याण्डफिल साईटको निर्माण | संख्या | - | १ | |

### ५.३.६. अनुमान तथा जोखिम पक्ष

- सार्वजनिक शौचालयको प्रयोग तथा संरक्षण व्यवस्थित रुपमा गर्न ।
- सरसफाईको चेतनास्तर वृद्धि गर्न ।
- उपभोक्ता समितिलाई आवश्यकता अनुसार परिचालन गर्न ।
- खानेपानीको श्रोत पहिचान गरी पर्याप्त खानेपानी प्रवाह गर्न ।

## ५.४. जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा

### ५.४.१.पृष्ठभूमि

जलश्रोतको अभाव भएता पनि राष्ट्रिय प्रशारण लाईनको पहुँच भएका कारण सबै घरधुरी विद्युत पहुँचमा रहेको पाईन्छ । वैकल्पिक उर्जा प्रर्वद्धनको लागि विभिन्न सरोकारवालाहरु सँग समन्वय गरी वैकल्पिक उर्जाको प्रयोगमा वृद्धि गर्नु जरुरी देखिन्छ ।

### ५.४.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • वैकल्पिक उर्जा प्रर्वद्धन नहुनु ।<br>• वैकल्पिक उर्जा प्रयोगमा कमी ।<br>• विद्युत ट्रान्सफर्मर हरुको उचित व्यवस्थापन हुन नसक्नु । | • वैकल्पिक उर्जा व्यवस्थापनमा चुनौती रहेको छ । |

### ५.४.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • सोलार बत्तीहरुको अधिकतम प्रयोग गर्न सकिने । | • राष्ट्रिय प्रशारण लाईन जोडि औद्योगिकरण विकास गर्न सकिने । |

### ५.४.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

नवीकरणीय र वैकल्पिक उर्जाको उत्पादन र उपभोगमा वृद्धि गराई वातावरण मैत्री, दिगो भरपर्दो, गुणस्तरीय र स्वच्छ उर्जामा सबैको पहुँच वृद्धि गर्ने ।

**उद्देश्य**

१. ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण-मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा वृद्धि गर्नु ।

२. परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण–मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा बृद्धि गर्नु ।** | |
| **१.१ः** ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरी दिगो र अधिकतम् उपयोगको आधार तयार गर्ने । | १. संघीय स्वरूप अनुसार ऊर्जा क्षेत्रको स्थानीय स्तरमा संस्थागत संरचना तयार गरिनेछ ।<br>२. संगठनात्मक संरचना अनुसार विद्युत जडान गर्ने र मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्तिको व्यवस्था गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>३. विद्युत वितरण लाइनमा उच्च क्षमता तथा गुणस्तरीय ट्रान्फर्मरहरू प्रतिस्थापान गरिनेछ । |
| **१.२ः** उपलब्ध सम्पूर्ण ऊर्जा स्रोतको पहिचान, उत्पादन, वर्तमान तथा भविष्यमा ऊर्जाको माग र आपूर्ति सम्बन्धी डाटाबेस तयार गरी संस्थागत विकासमा जोड दिने । | १. नगरपालिकामा ऊर्जाको स्रोत पहिचान, कुल सम्भाव्य जलविद्युत क्षमता, माग र आपूर्तिको अध्ययन गरिनेछ ।<br>२. नगरपालिकामा उत्पादित ऊर्जा, वर्तमान तथा भविष्यको माग र आपूर्तिको तथ्याङ्क सङ्कलन गरी डाटाबेस तयार गरिनेछ ।<br>३. यस क्षेत्रमा रहेका मुख्य ऊर्जा उत्पादन केन्द्र सम्मको सडक र प्रशारण लाइनको सञ्जाल निर्माण गरिनेछ । |
| **उद्देश्य २ः परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा बृद्धि गर्नु ।** | |
| **२.१ः** ऊर्जाको प्रयोगलई दिगो, भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी बहुउपयोगि बनाउने । | १. ऊर्जाको खपत प्रभावकारी ढङ्गबाट गर्नकालागि विशेष सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. सार्वजनिक संस्था वा स्थानहरू जस्तै, अस्पताल, विद्यालय, धार्मिकस्थल, सडक, पर्यटकय स्थल, आदिमा अधारभूत ऊर्जाको नियमित आपूर्ति गर्न सौर्य ऊर्जा जडान गरिनेछ ।<br>३. विद्युतीय चुलो प्रयोग गर्न सहुलियत ऋण/अनुदानको व्यवस्था गरिनेछ ।<br>४. जलविद्युत, वैकल्पिक ऊर्जाको अधिकतम प्रयोग गरी दैनिक जीवनयापनमा सहजता ल्याउदै परम्परागत ईन्धनको प्रयोग घटाइनेछ।<br>५. वैकल्पिक ऊर्जा क्षेत्रलाई प्रोत्साहन गरिनेछ । |

**प्रमुख कार्यक्रमहरु**

महालक्ष्मी नगरपालिकाको जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ। जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

### ५.४.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

- वैकल्पिक उर्जाको प्रवर्द्धन भएको हुनेछ ।
- भएका जलश्रोतहरुलाई प्रदुषण रहित बनाईएको हुनेछ ।
- सोलार बत्तीहरुको प्रयोग अत्याधिक भएको हुनेछ ।

**तालिका १७ : उर्जा तथा विद्युत नतिजा खाका**

| सि.नं. | सूचक | एकाई | आधार वर्षको अवस्था | आवधिक योजनाको अन्त्यको स्थिति | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|
| १ | जलविद्युत पहुँच भएको घरधुरी | प्रतिशत | - | १०० | |
| २ | वैकल्पिक उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | - | १५ | |

### ५.४.६. अनुमान तथा जोखिम पक्ष

- खोला नालाहरुको उचित व्यवस्थापन गर्न ।
- राजकुलो हरुको अतिक्रमण रोक्न ।

## ५.५.सूचना, सञ्चार तथा प्रविधी

### ५.५.१. पृष्ठभूमि

महालक्ष्मी नगरपालिका सूचना संचार र प्रविधिको क्षेत्रमा राजधानी काठमाण्डौं जतिकै सुविधा सम्पन्न छ । यहाँ विभिन्न कम्पनीका अत्याधुनिक इन्टरनेट सुविधा उपलब्ध भएको हुनाले सूचना तथा सञ्चार क्षेत्रमा व्यापक फड्को मारेको देख्न सकिन्छ । त्यसैगरी फोन सेवा, मोबाइल आदि संचारका साधनको आधुनिक उपयोग भएको देखिन्छ ।

### ५.५.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • दक्ष जनशक्तीको अभाव<br>• पुर्वाधारको अभाव<br>• सूचना प्रवाहमा सबैको पहुँच नहुनु | • पुरानो पुस्तामा जागरुकता नहुनु र नयाँ पुस्तामा सबैले अवसर नपाउनु । |

### ५.५.३ सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • विद्युतीय सेवा प्रणालीको प्रयोग गरी स्मार्ट पालिकाको अवधारणा ल्याउन सकिने ।<br>• सोसियल मिडियको उच्चतम प्रयोग गरि जनतालाई सुसुचित गर्न सकिने ।<br>• सञ्चारको माध्यमबाट पालिकाको पर्यटकीय सम्भावनालाई प्रचार प्रसार गर्न सकिने । | • सार्वजनिक निकायका काम कारबाहीका बारेमा नागरिकलाई जानकारी गराउने सामाजिक सञ्जालको विकास हुँदै जानु<br>• प्रशासनिक लगायत दैनिक कामकाजकालागि आधुनिक सूचना प्रविधिको प्रयोग मार्फत सहज एवम् चुस्त बनाउन सकिने<br>• पर्यटकीय, कला, भाषा तथा संस्कृतीको दृष्टिकोणले महत्त्वपूर्ण स्थलहरूको संरक्षण एवम् प्रवर्द्धन गर्न सकिने<br>• सूचना तथा सञ्चार प्रविधिलाई विद्यमान योजना तथा नीति अनुरूप नगरपालिकालाई सूचना तथा सञ्चार प्रविधि मैत्री बनाउन सकिने |

### ५.५.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सूचना तथा सञ्चार प्रविधिको विकास गर्दै सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आमनागरिकको जीवनस्तलाई सहज बनाउने ।

**ग. उद्देश्य**

१. सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।

**घ. रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ,गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।** | |
| **१.१ः** सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्ने । | १. नगरपालिकाका सबै वडा तथा सार्वजनिक स्थानहरुमा इन्टरनेटको पहुँच सर्वसुलभ बनाइनेछ ।<br>२. सबै कार्यालयका वेवसाइट, इमेल, फेसबुक, भाइबरजस्ता माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनुवाइ हुने व्यवस्था मिलाइनेछ । |

| | |
|---|---|
| | ३. सबै वडाहरूमा डिजिटल सूचना पाटीको व्यवस्था गरी सम्पूर्ण सूचना, क्रियाकलाप तथा गतिविधिहरूका बारेमा सुसूचित हुने अधिकारको सुनिश्चितता गरिनेछ ।<br>४. सार्वजनिक आमसञ्चार माध्यमलाई स्वच्छ, प्रतिस्पर्धी, मर्यादित, उत्तरदायी र व्यवसायिक बनाइनेछ ।<br>५. नगरपालिकाका सम्पूर्ण क्रियाकलापहरूलाई सूचना प्रविधि मैत्री बनाई सबैकालागि सहज एवम् सर्वसुलभ सेवाको सुनिश्चितता गरिनेछ । |
| २.२: सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चितता गर्ने । | १. सञ्चार क्षेत्रकालागि विद्यमान भौतिक संरचनामा आवश्यकता अनुसार थप संरचना विस्तार गरिनेछ ।<br>२. नगरपालिकाका सबै ठाँउमा टेलिफोन सेवाको नेटवर्क उपलब्ध हुन सक्ने गरी आवश्यकता अनुरूप मोबाइल टावरको विस्तार गरिनेछ।<br>३. नगरपालिकाका सबै वडाहरूमा स्थानीय तथा राष्ट्रिय पत्र-पत्रिकाहरूको ताजा खबर नियमित रूपमा पढ्न पाउने व्यवस्था मिलाइनेछ । |

**प्रमुख कार्यक्रमहरु**

महालक्ष्मी नगरपालिकाको सञ्चार सेवा क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ। सञ्चार सेवा तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएकोछ।

### ५.५.५. अपेक्षित उपलब्धिहरु

- आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुँचमा पुगेको हुनेछ।
- नगरपालिकाको सबै वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थानहरुमा इन्टरनेट सुविधा पुगेको हुनेछ।
- सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा उपलब्ध भएको हुनेछ।
- नगरपालिकाका विविध विषयगत क्षेत्रका तथ्याङ्कहरूको संकलन, प्रसोधन, व्यवस्थापन कार्य सम्पन्न भएको हुनेछ।

तालिका १८ : सञ्चार सेवा क्षेत्रका नतिजा खाका

| सि.नं | सूचक | एकाई | आधार वर्षको अवस्था | आवधिक योजनाको अन्त्यको स्थिति | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|
| १ | वडास्तरमा रहेका सबै कार्यालयहरुमा इन्टरनेटको सेवा | वडा संख्या | - | १०० | |
| २ | स्थानीय सरकारबाट हुने सम्पुर्ण सूचना र प्रगतिहरु विद्युतीय माध्यमबाट उपलब्ध | वडा संख्या | - | १० | |
| ३ | नगरपालिकाका विद्यालयहरुमा इन्टरनेटको सेवा पुर्‍याउने | संख्या | - | १४ | |
| ४ | नगरपालिकाका स्वास्थ्य संस्थाहरुमा इन्टरनेटको सेवा पुऱ्याउने | वडा संख्या | - | १० | |
| ५ | नगरपालिकाका सार्वजनिक स्थलहरुमा इन्टरनेटको सेवा पुऱ्याउने | संख्या | | ४० | |

### ५.५.६. अनुमान तथा जोखिम पक्ष

- सूचनाहरुको गोपनियता ।
- सञ्चार तथा प्रविधिको सकारात्मक प्रयोग ।
- गुणस्तरीय सूचना प्रविधिको अवलम्बन ।

# परिच्छेद ६ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

## ६.१. वन तथा जैविक विविधता

### ६.१.१. पृष्ठभूमि

महालक्ष्मी नगरपालिकाको वन जंगलको कुल क्षेत्रफल ६.४२ वर्ग कि.मि. रहेको छ। त्यसमा ५.७ वर्ग कि.मि. क्षेत्रफलमा सामुदायिक वनले ढाकेको छ। यस पालिकामा १२ वटा सामुदायिक वन, १ धार्मिक वन र १ कवुलियती वन रहेको छ। झण्डै १ चौथाई भाग पालिकाको कूल क्षेत्रफलको ओगटेको वन भित्र विभिन्न प्रजातिका रुख विरुवाहरु, त्यसैगरी चराचुरुङ्गी र जीवजन्तु रहेका छन् । जैविक विविधताको उपयोगमा जोड दिई पर्यटकीय व्यवसाय गर्दा आर्थिक क्षेत्र सबल हुने देखिन्छ ।

### ६.१.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • आगलागी<br>• चोरी सिकारी<br>• सडक ट्र्याक खोल्ने<br>• पहिरो<br>• वन क्षेत्र अतिक्रमण | • सल्लाको रुख विस्थापित गर्नु ।<br>• सिमाङ्कन नभएको<br>• नीतिगत व्यवधान हटाउन<br>• पानीको मुहान संरक्षण गर्न । |

### ६.१.३ सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • कृषि वन अवधारणा प्रयोग गरी अम्रिसो, अलैंची, चिया खेती आदि गर्ने ।<br>• जडिबुटि र औषधी जन्य बिरुवाहरु रोप्ने ।<br>• जलश्रोतको संरक्षण गर्न सकिने सम्भावना रहेको ।<br>• पर्यापर्यटनको विकास गर्न सकिने ।<br>• बाँस खेती गरी निर्यात गर्न सकिने । | • रोजगारीको अवसर सिर्जना हुने ।<br>• आर्युवेदिक औषधी उद्योग निर्माण कार्यमा टेवा पुग्ने ।<br>• मौरीपालन गर्न सकिने ।<br>• घुम्न जाने पर्यटकहरुलाई जीव जन्तु तथा पर्यावरणको अवलोकन गराउन सकिने ।<br>• आयस्रोत वृद्धि, विकास निर्माणमा सहयोग हुने । |

## ६.१.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### लक्ष्य

वनको उचित व्यवस्थापन, भूसंरक्षण र जैविक विविधताको संरक्षणका माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार गर्ने ।

### उद्देश्य

- स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन, वन्यजन्तु र जैविक विविधताको संरक्षण गर्नु ।
- वनलाई उत्पादनमुखी बनाउने ।

### रणनीति तथा कार्यनीति

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्बर्द्धन गर्नु।** | |
| **२.१ः** वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यवसायीकरण गर्ने । | १. वनभित्रका ढलेका तथा सुकेका रुखहरू बिक्रीवितरणको व्यवस्था गरिनेछ ।<br>२. काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ ।<br>३. गैरकाष्ठ वन पैदावरको खेती विस्तार तथा बजारीकरण गरिनेछ ।<br>४. जडीबुटी प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ ।<br>५. वन्यजन्तु पालन, प्रजनन तथा व्यवसायीकरणका लागि स्थानीय जनतालाई प्रेरित गरिनेछ ।<br>६. वनजन्य व्यवसायप्रति स्थानीय युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई वनविज्ञान विषयमा अध्ययन गर्न आर्थिक सहयोग गरिनेछ । |
| **१.२ः** समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण गर्ने । | १. स्थानीय जनतालाई वनको महत्त्व र यसका फाइदाबारे जानकारी गराइनेछ ।<br>२. वनको सीमा निर्धारण गरी तारबार गरिनेछ ।<br>३. खाली भूभागमा वृक्षारोपण गरिनेछ ।<br>४. वन नर्सरी स्थापना गरिनेछ ।<br>५. सामुदायिक वनहरूका कार्ययोजना अनुसार वनको संरक्षण गरिनेछ<br>६. स्थानीय जनतालाई फलफूलका विरुवाहरू वितरण गरिनेछ ।<br>७. तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट उपभोक्ता समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ । |

**प्रमुख कार्यक्रमहरु**

महालक्ष्मी नगरपालिकाको वन तथा जैविक विविधता क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनुसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । वन तथा जैविक विविधता क्षेत्र तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### ६.१.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

- स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन भएको हुनेछ ।
- वन्यजन्तु र जैविक विविधताको संरक्षण गरिएको हुनेछ ।
- उपलब्ध जडिबुटिहरुको खोजि, पहिचान र प्रशोधन गरी औद्योगीकरण गरिएको हुनेछ ।

**तालिका १९ : जैविक विविधता संरक्षण क्षेत्रका नतिजा खाका**

| सि.नं | सूचक | एकाई | आधार वर्षको अवस्था | आवधिक योजनाको अन्त्यको स्थिति | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|
| १ | नर्सरी स्थापना | वडा संख्या | - | १० | |
| २ | जडिबुटि प्रशोधन केन्द्र स्थापना | संख्या | - | १ | |

### ६.१.६. अनुमान तथा जोखिम पक्ष

- बढ्दो सहरीकरणको कारण वनजंगल अतिक्रमण हनु सक्ने ।
- वन्यजन्तुहरुको स्थानान्तरण हुन सक्ने ।
- बढ्दो सहरी पर्यटनले वन क्षेत्रमा फोहोमैलाको अत्याधिक जोखिम हुने ।

## ६.२. भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ६.२.१. पृष्ठभूमि

यस नगरपालिकामा मनोहरा र गोदावरी गरी २ वटा नदि, लुभु खोला, फेदी खोला, मुरली खोला, कुड्कु खोला, धमिलो खोला गरी जम्मा ५ वटा खोलाहरु रहेका छन् । वर्षातको समयमा (मनसुनी) पर्ने पानीले खोलाहरुमा अनियन्त्रित तरिकाले पानीको सतह बढेको हुन्छ । पानीको बहाब बढी हुने हुनाले बाढि पहिरो भूक्षय जस्ता प्राकृतिक विपत्ति हरेक वर्ष आइनै रहन्छ । यसका लागि ठाउँठाउँमा तटबन्ध निर्माण गरी जलाधार व्यवस्थापन गर्नुपर्ने हुन्छ । सुख्खा मौसममा पानी सुकेर यी खोलाहरु नालामा परिणत हुन पुग्छन् । अव्यवस्थित तथा अनियन्त्रित बसोबासले गर्दा फोहोर फाल्ने क्षेत्रको रुपमा परिणत भएका खोलाहरु दुषित समेत भएका छन् । १२ महिना पानी बग्न सक्ने बनाउन जलाधार क्षेत्रको संरक्षण गर्नुपर्ने हुन्छ ।

### ६.२.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • सुख्खा पहिरो तथा भूक्षय<br>• अव्यवस्थित नदी कटान, बाढी | • जथाभावि वन कटान रोक्न<br>• बाटो निर्माण व्यवस्थित गर्न |

### ६.२.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • नगरपालिका भित्र रहेका खोलाहरुमा चेक ड्याम निर्माण गरी खानेपानी तथा सिँचाई सुविधाको विकास गर्न सकिने ।<br>• जलाधार व्यवस्थापनको लागि रिचार्ज पोखरी निर्माण गर्न सकिने । | • वातावरणको संरक्षण हुने अवसर भएको ।<br>• वन्यजन्तुहरुको संरक्षण हुने । |

### ६.२.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

बाढि पहिरो नियन्त्रण, पानीको स्रोत वृद्धि, वन्यजन्तुको संरक्षण गर्ने

**उद्देश्य**

१. जलाधार क्षेत्रको समुचित व्यवस्थापन तथा भूसंरक्षण र भिरालो जमिनको स्थिरता कायम गर्ने ।

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: जलाधार क्षेत्रको समुचित व्यवस्थापन तथा भूसंरक्षण र भिरालो जमिनको स्थिरता कायम गर्ने ।** | |
| १.१ स्वस्थ जलाधार, स्वस्थ समुदायको अवधारणलाई आत्मसात् गर्दै जलाधारको संरक्षण प्रवर्द्धनलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने । | १. भूक्षय तथा क्षतिग्रस्त जमिनको पुनरुत्थानका लागि जैविक विधि/बायोइञ्जिनियरिङ लगायतका कम खर्चिला र दीगो प्रविधिहरूको उपयोग र विस्तार गरिनेछ ।<br>२. नगरपालिका तथा स्थानीय समुदाय समेतको सहभागितामा भूमिगत पानीको पुनर्भरणका लागि भूमिगत पानी पुनर्भरण पोखरी (रिचार्ज पोखरी) हरू निर्माण गरिनेछ ।<br>३. भिरालो जमिन र भूक्षयको जोखिम भएका अन्य क्षेत्रमा साल, बाँस, निगालो, अम्रिसो खेती तथा बायो-इञ्जिनियरिङ प्रविधि प्रवर्द्धन गरी पहिरो न्यूनीकरणमा दिगोपना कायम गरिनेछ ।<br>४. भिरालो जमिनमा गरिने खेतीका कारण वार्षिकरूपमा माटो बग्ने समस्या न्यूनीकरण गर्न गह्रा सुधारजस्ता विधिहरू प्रवर्द्धन गरिनेछ ।<br>५. जलाधार तथा भूसंरक्षण सम्बन्धी अन्यत्रका सफल अभ्यासहरूलाई स्थानीय स्तरमा प्रवर्द्धनको प्रयास गरिनेछ । |
| २.२ स्थानीय जलाधार क्षेत्रको व्यवस्थापनमा जल, जमिन र जंगलको एकीकृत व्यवस्थापन पद्धति अवलम्बन गर्न नेतृत्व र सहजीकरण गर्ने । | १. भूक्षय, बाढी, पहिरो, नदी कटान, जल प्रवाह प्रणालीको आधारमा जलाधार क्षेत्रहरूको अध्ययन, पहिचान, वर्गीकरण र प्राथमिकीकरण गरी छनोट गरिएका उप/जलाधार क्षेत्रमा एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालनको पहल गरिनेछ ।<br>२. स्थानीय वन तथा जलाधार क्षेत्रका लागि एक वडा, एक स्रोत व्यक्तिको अवधारणा कार्यान्वयन गर्न डिभिजन वन कार्यालयसँग सहकार्य गरिनेछ ।<br>३. भू तथा जलाधार व्यवस्थापनमा जल, जमीन र जंगलको संरक्षण र उत्पादन वृद्धिमा विशेष जोड दिइनेछ ।<br>४. जलाधार व्यवस्थापनमा महिला, दलितलगायत सबै समुदायिक वर्गको समानुपातिक सहभागिता कायम गरिनेछ ।<br>५. भूसंरक्षण तथा लघु जलाधार व्यवस्थापनलाई एकीकृत गरी सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रमहरु**

महालक्ष्मी नगरपालिकाको भूसंरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनुसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । भूसंरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्र तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### ६.२.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

- भूमिको व्यवस्थापन भएको हुनेछ ।
- खाली ठाँउहरुमा वृक्षारोपण गरिएको हुनेछ ।
- जलउत्पन्न प्रकोपको व्यवस्थापन भएको हुनेछ ।
- खोला तथा नदिहरुमा चेकड्याम निर्माण भई खानेपानी तथा सिंचाईमा टेवा पुगेको हुनेछ ।
- खोला तथा नदि कटानको जोखिम क्षेत्रहरुमा कोरीडोरको निर्माण भएको हुनेछ ।
- भूसंरक्षण तथा वातावरणीय सन्तुलन कायम गरी उपलब्ध वित्तीय स्रोतसाधनको समूचित व्यवस्थापन भएको हुनेछ ।

**तालिका २० : भूसंरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्रका नतिजा खाका**

| सि.नं | सूचक | एकाई | आधार वर्षको अवस्था | आवधिक योजनाको अन्त्यको स्थिति | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|
| १ | कोरीडोर निर्माण | कि.मि | - | १० (तटबन्धन) | |
| २ | जलाधार संरक्षण | संख्या | - | | |

### ६.२.६. अनुमान तथा जोखिम पक्ष

- बाढी, पहिरो तथा भूक्षय जस्ता प्राकृतिक प्रकोप ।
- बढ्दो सहरिकरणले हुन सक्ने जल प्रदुषण ।
- जलचरहरुको बासस्थानमा ह्रास ।

## ६.३. वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.३.१. पृष्ठभूमि

महालक्ष्मी नगरपालिकामा पछिल्लो समयमा देशको विभिन्न भागहरुबाट बसाईसराई गरी आउने मानिसहरुका कारणले घना आवादीको रुपमा विकास हुँदै छ । जनसंख्या वृद्धि हुनासाथ सेवा र सुविधामा पनि वृद्धि गर्नुपर्ने हुन्छ । यदि अनुपातिक रुपले सेवामा वृद्धि नगरे सेवा सुविधा अपुग हुन्छ । यसरी अपुग हुने क्षेत्रमध्य एक क्षेत्र सरसफाई पनि हो । सरसफाई सेवा अपुग भए प्रदुषण बढ्न जान्छ । जल प्रदुषण, वायु प्रदुषण, ध्वनी प्रदुषण आदि स्वच्छ सफा वातावरण बिगार्ने तत्वहरु हुन् । समयमै फोहोरमैला व्यवस्थापन नगरे वातावरणमा असर पर्न जान्छ । यसरी समयमा नै सचेत भई वातावरण बिग्रनबाट जोगाउन पालिकाले महत्वपूर्ण भूमिका खेल्नेपर्ने देखिन्छ ।

### ६.३.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • हरियाली क्षेत्रको कमी ।<br>• घरेलु स्तरमा समेत सरसफाइको पूर्ण व्यवस्थापन हुन नसकेका ।<br>• समुदायमा फोहरमैला व्यवस्थापनको लागि सम्भावित ठाउँ र तिनको प्राविधिक पक्षको विश्लेषण गर्न नसकिएका ।<br>• सार्वजनिक स्थलमा शौचालय तथा फोहरमैला व्यवस्थापन हुन नसक्नु ।<br>• फोहरमैलाको व्यवस्थापनलाई चुस्त र प्रविधिमैत्री बनाउन नसक्नु ।<br>• गरिब, पिछडिएको र उच्च जोखिमयुक्त वर्ग सरसफाइको मूल प्रवाहबाट बाहिर हुनु । | • सरसफाइको दिगो व्यवस्थापनका लागि वित्तीय स्रोतको व्यवस्थापन गर्न नसक्नु ।<br>• घरेलु र सामुदायिक क्षेत्रको सरसफाईको व्यवस्थापनमा समुदायको चासो कम हुनु<br>• प्रदुषकले व्यहोर्छ सिद्धान्त बमोजिम सरसफाईको व्यवस्थापनमा शुल्क निर्धारण गरी समुदाय भित्र फोहोरमैला संकलनको वैज्ञानिक शुल्क निर्धारण गर्नु ।<br>• बस्तीहरूमा शौचालयको सरसफाइमा समेत समस्या हुनु । |

### ६.३.३. सम्भावन तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • पुराना निर्माण भएका सेफ्टी ट्याङ्क सुधार, नयाँ मापदण्ड कडाईका साथ लागु गर्ने ।<br>• कुहिने नकुहिने स्रोतमा छुट्याउने, नगरपालिकाको आफ्नै क्षेत्रमा छुट्याउने कम्पोष्ट बनाउने सम्भावना रहेको ।<br>• सार्वजनिक सम्भावित ठाउँहरुमा वृक्षारोपण गर्ने सम्भावना रहेको ।<br>• विद्युतीय चार्जिङ स्टेशन निर्माण गर्ने सम्भावना रहेको ।<br>• ब्रुमर खरिद गरी सरसफाई गर्न सकिने । | • सरसफाइ र वातावरण बीच सन्तुलन कायम गर्न सकिने<br>• सरसफाइको दिगो विकासको लागि वैकल्पिक वित्तीय स्रोतको व्यवस्थापन गर्न सकिने तथा सरसफाइको अवस्थामा सुधार गरी विभिन्न संक्रामक रोगहरूको प्रभावबाट समुदायका नागरिकहरूलाई बचाउन सकिने |

### ६.३.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

फोहोरमैला व्यवस्थापन गरी सहर बजार देखि नगर सम्म स्वच्छता कायम गरी हरित महालक्ष्मी नगर बनाउने ।

**उद्देश्य**

१. समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।

२. सरसफाइ सुविधाको पहुँचको सुनिश्चितता गर्नु ।

३. वातावरण परीक्षण गरेर मात्र योजना सञ्चालन गर्ने अवधारणा विकास गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।** | |
| **१.१ः** समुदायका घनाबस्ती भएको ठाउँ र सेवा प्रदायक कार्यालय भएका स्थानहरूमा फोहोर सङ्कलनको व्यवस्था गर्ने । | १. समुदायका फोहरमैलालाई जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज गर्ने पूर्वाधारहरू बनाइनेछ ।<br>२. प्रत्येक घनाबस्ती, बजार-उन्मुख ठाउँहरूमा डम्पिङ साइटको व्यवस्था गरी फोहरमैला व्यवस्थापन गरिनेछ ।<br>३. वडाका बस्ती र फोहरमैलाको अनुमानित उत्सर्जनको हिसाबले त्यस्ता ठाउँहरूको अध्ययन गरी विवरण तयार पारिनेछ । |
| **१.२ः** नगरपालिकामा शौचालय तथा सरसफाइको सुनिश्चितता गर्ने । | १. सबै सामुदायिक भवन तथा सार्वजनिक स्थलहरूमा शौचालयको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | २. शहरी शहरन्मुख तथा बजार क्षेत्रमा सरसफाइ सेवाको स्तरबृद्धि गरिनेछ ।<br>३. पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत अपाङ्गमैत्री महिलामैत्री शौचालयको निर्माण गरिनेछ । |
| **उद्देश्य २ः सरसफाइ सुविधाको पहुँचको सुनिश्चितता गर्नु ।** | |
| **२.१ः** सरसफाइको पहुँच भएका प्रत्येक घर धुरीमा क्रमिक रूपमा गुणस्तरीय सरसफाइको पहुँच बृद्धि गर्ने। | १. सार्वजनिक स्थानहरूमा आवश्यकता अनुसार फोहर सङ्कलन गर्ने भाँडोको व्यवस्था गरिनेछ ।<br>२. नगरटोल सरसफाइकोलागि उपभोक्ताहरूबाटै समिति गठन गरी सरसफाइ गरिनेछ ।<br>३. फोहरमैला सङ्कलन र व्यवस्थापनको लागि सामूहिक कोषको व्यवस्था गरी फोहरमैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ । |
| **२.२ः** सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने । | १. लक्षित समुदायमा फोहरको उचित व्यवस्थापनकोलागि जनचेतना सञ्चालन गरिनेछ । |
| **उद्देश्य ३ः वातावरणीय परीक्षण सुनिश्चीत गर्नु ।** | |
| **२.१ः** नगरपालिका भित्र सञ्चालन हुने हरेक विकासका योजनाहरुको मापदण्ड अनुसार वातावरणीय परीक्षण गर्ने । | १. सक्षीप्त वातावरणीय परीक्षण, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरण प्रभाव मुल्याङ्कन गरेरमात्र योजना सञ्चालन गर्ने । |

## प्रमुख कार्यक्रम तथा आयोजना

महालक्ष्मी नगरपालिकाको वातावरण तथा फोहोरमैला व्यवस्थापन क्षेत्र सँग सम्बन्धित अपेक्षित नतिजा प्राप्त गर्न उल्लेखीत रणनीति तथा कार्यनीतिहरुलाई आधारमानी देहायअनुसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ। वातावरण तथा फोहोरमैला व्यवस्थापन क्षेत्र तर्फको प्रमुख कार्यक्रम तथा आयोजना **अनुसूची १** मा प्रस्तुत गरिएको छ।

## ६.३.५. अपेक्षित उपलब्धि

- सफा, स्वच्छ, सुन्दर महालक्ष्मी नगरपालिका बनेको हुनेछ।
- नगरपालिकामा फोहर सङ्कलनको व्यवस्था मिलेको हुनेछ।
- सरसफाइ सुविधा सबैको पहुँचमा भएको हुनेछ।

**तालिका ४.१: जैविक विविधता संरक्षण क्षेत्रका नतिजा खाका**

| सि.नं | सूचक | एकाई | आधार वर्षको अवस्था | आवधिक योजनाको अन्त्यको स्थिति | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|
| १ | फोहोर विशेषगरी प्लाष्टिक संकलन | स्थान | - | ५० | |
| २ | वातावरण सरसफाई सूचना बोर्ड | स्थान | - | ६० | |
| ३ | ल्याण्डफिल साइट | स्थान | - | १ | |

### ६.३.६. अनुमान तथा जोखिम पक्ष

- बढ्दो सहरीकरणले फोहोमैला उत्पादन बढाउने ।
- पूर्णरुपमा प्लाष्टिकको प्रयोग प्रतिबन्ध गर्न ।

## ६.४. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ६.४.१. पृष्ठभूमि

घना आवादी, खाली स्थानको अभाव, सरकारी/सार्वजनिक जमिन र नदिको बहाब क्षेत्रको अतिक्रमण, प्राकृतिक प्रकोप (भुँइचालो, बाढी, पहिरो, आगलागि, आदि) का कारणले विपद् निम्त्याउँछ। यस्तो विपद् पर्दा न्यूनिकरण गर्ने योजना समयमानै पालिकाले बनाउनुपर्ने हुन्छ। त्यस अवस्था आएमा व्यवस्थापन कसरी गर्ने भन्ने सोच समयमै राख्नुपर्ने हुन्छ।

### ६.४.२ समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • तालिम प्राप्त जनशक्तिको कमी<br>• खोज तथा उद्धार सामाग्रीको कमी<br>• जोखिम स्थानहरुको पहिचान र खुल्ल स्थान पहिचान ।<br>• नीति/नियम नभएको<br>• विभिन्न संघसंस्था सँग सहकार्य गर्न नसकिएको । | • बसाँसराईको कारण बढ्दो जनसंख्या नियन्त्रण ।<br>• आगलागिको बेला सबै ठाउँ दमकल पुग्ने सडक क्षमता नहुनु ।<br>• खोला तथा नदिहरुको बहाब नियन्त्रण । |

### ६.४.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|

| | |
|---|---|
| • आवश्यक पूर्वाधार र सामाग्री खरिद गर्न सक्ने सम्भावना रहेको<br>• दक्ष जनशक्तिको व्यवस्था गराई तालिम प्रदान गर्ने सम्भावना हुनु ।<br>• हरित नगरपालिका बनाई जलवायु उत्थानशीलतामा कार्य गर्न सकिने । | • विपद् व्यवस्थापनको लागि कार्य गर्न सक्ने संघ संस्थाहरु हुनु<br>• टोल विकास समिति मार्फत विपद् व्यवस्थापनको कार्य गर्न सकिने ।<br>• विपद् व्यवस्थापन कोष हुनु ।<br>• विपद् व्यवस्थापन ऐन तथा कोष संचालन कार्यविधि<br>• विपद् व्यवस्थापन शाखा/नगर वडा स्तरीय समिति हुनु अवसरहरु हुन् । |

## ६.४.४. उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### लक्ष्य

विकासका पूर्वाधारलाई विपद् प्रतिरोधी तथा सामाजिक एवम् संस्थागत जीवलाई विपद् उत्थानशील र जलवायु अनुकूलित बनाउने ।

### उद्देश्य

नगरपालिकाका विपद् जोखिम न्यूनीकरण तथा विपदे व्यवस्थापनको क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन् :

- सबै प्रकारका प्राकृतिक एवम् मानवीय विपद् तथा महामारीहरूबाट हुनसक्ने आर्थिक, भौतिक, सामाजिक क्षति-नोक्सानी न्यूनीकरण गर्न;
- स्थानीयस्तरमा विपद्का घटनाहरू आइपर्दा तत्काल र प्रभावकारी प्रतिक्रिया जनाउन सक्ने क्षमता विकास गर्ने;

### रणनीति तथा कार्यनीति

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरी समन्वय, सहकार्यको सिद्धान्तमा आधारित रही विपद्को प्रभावकारी पूर्वतयारी गर्ने । | १. आपतकालीन व्यवस्थापन तथा समन्वयलाई प्रभावकारी बनाउन नगरपालिकामा विपद् व्यवस्थापन शाखा स्थापना गरिनेछ ।<br>२. संरचना निर्माण गर्दा भवन निर्माण आचारसंहिता कडाईका साथ कार्यान्वयन गरिनेछ ।<br>३. नगरपालिकामा कार्यरत सम्बन्धित सबै निकायहरुबीच समन्वय गरी पूर्वतयारी र प्रतिकार्यका लागि आवश्यक बजेट |

| | |
|---|---|
| | सुनिश्चित गर्ने तथा कार्यान्वयनमा एकद्धार प्रणाली अवलम्बनत गरिनेछ ।<br>४. नगरपालिका तथा वडास्तरमा आपत्कालीन व्यवस्थापनसँग सम्बन्धित दक्ष जनशक्तिको तयार गरी आपत्कालीन परिचालनका लागि तयारी राखिनेछ । |
| विपद्पूर्व, विपद्को समय र विपद् पश्चातका पूर्वतयारीका क्रियाकलापहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने । | १. वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन गरी तालिम लगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. नगरपालिका स्तरबाट सबै वडामा आपत्कालिन उद्दार सामाग्रीहरु भण्डारण गर्न सहयोग गर्ने र त्यस पश्चात सबै वडाले उक्त उद्दार सामाग्रीहरुको आवश्यकता अनुसार प्रयोग, खपत भएका सामाग्रीहरुको गरिपूर्ति र वार्षिक रुपमा अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ ।<br>३. भौतिक पूर्वाधारको सबलीकरण गरी जोखिम न्यूनीकरण गरिनेछ ।<br>४. विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ । |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अवधारणाहरुलाई विकास व्यवस्थापन प्रक्रियामा मूल प्रवाहीकरण गर्ने । | १. नगरपालिका स्वयम् लगायत निजी र गैरसरकारी क्षेत्रहरूको विपद् उत्थानशील क्षमता वृद्धिका लागि वार्षिक रुपमा नीति र कार्यक्रमहरू तर्जुमा गरिनेछ ।<br>२. विपद्को उच्च जोखिममा रहेका क्षेत्रहरूलाई विपद्पूर्व नै सुरक्षित बनाउने । जस्तो कि पहिरोको उच्च जोखिममा रहेका घरपरिवारलाई समयमा नै स्थानान्तरण गरिनेछ ।<br>३. स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचनाअनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ ।<br>४. आवश्यक पूर्वाधारसहित सामुदायिक विपद् घर निर्माण गरी आवश्यक सामाग्रीहरु भण्डारण गर्ने व्यवस्था मिलाउने । |

**प्रमुख कार्यक्रमहरु**

१. सूचना सङ्कलन, प्रशोधन, विपद् न्यूनीकरण, पूर्व तयारी, पुनर्निर्माणबारे तालिम सञ्चालन

२. ड्याम निर्माण, गल्छि, पहिरो नियन्त्रण, नदि क्षेत्रमा पक्की तटबन्ध निर्माण

३. विपद् व्यवस्थापन कार्यमा प्रयोग हुने आवश्यक भौतिक साधनहरू (प्राथमिक उपचारका साधन, स्ट्रेचर, पर्याप्त राहत सामाग्रीहरू) आदिको व्यवस्था

४. उपयुक्त खाली स्थानहरू पहिचान गरी विपद्का वेला राहत सामग्रीहरू भण्डारण र पीडितहरूलाई आपतकालीन बस्ने संरचनाहरू निर्माण ।

५. विपद् व्यवथापन सम्बन्धी अन्तक्रिया, गोष्ठी, भेला आदि सञ्चालन

६. पालिका स्तरीय विपद् व्यवस्थापन संस्थागत तथा इकाइ स्थापना

७. जलवायु अनुकुलन सम्बन्धमा बहस पैरवी चलाउने ।

### ६.४.५. अपेक्षित उपलब्धि

- विपद् व्यवस्थापन केन्द्रको स्थापना भएको हुनेछ ।
- नगरपालिकामा प्रकोप र विपद् व्यवस्थापन सूचना प्रणालीको स्थापना हुनुको साथै आधुनिक उपकरण, बन्दोवस्ती, प्रविधि र दक्ष जनशक्तीको विकासले मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी महालक्ष्मी नगरपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास भएको हुनेछ ।

**तालिका २१: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता क्षेत्रका नतिजा खाका**

| सि.नं | सूचक | एकाई | आधार वर्षको अवस्था | आवधिक योजनाको अन्त्यको स्थिति | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|
| १ | जलवायु अनुकुलन योजना तयार | संख्या | - | १ | |
| २ | विपद् उद्धार जनशक्ति | स्थान | - | १५ | |
| ३ | विपद् व्यवस्थापन केन्द्र | | - | ५ | |

### ६.४.६. अनुमान तथा जोखिम पक्ष

- बढ्दो सहरीकरण ।
- घना वस्ती ।

# परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र

## ७.१. संस्थागत विकास तथा सुशासन

### ७.१.१. पृष्ठभूमी

महालक्ष्मी नगरपालिकाको यो आवधिक योजना कार्यान्वयन गर्न लगायत सम्पूर्ण विकास निर्माणका कार्यक्रमहरू सही ढङ्गले सञ्चालन गर्न नगरकार्यपालिकालाई तदनुरूपको कानुनी अधिकार, वित्तीय स्रोत साधनको निश्चितता, आफ्नो कार्यक्षेत्र भित्र गुणस्तरीय मानव संसाधनको उपलब्धता र संस्थागत क्षमता सर्वोपरी महत्वका विषय हुन् ।

नेपालको संविधान भाग १७ मा स्थानीय कार्यपालिकाको कार्यसम्पादन सम्बन्धी व्यवस्था छ । धारा २१४ मा स्थानीय नगरपालिका तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानुनको अधीनमा रही नगर कार्यपालिकामा निहित रहने उल्लेख छ । संविधान र अन्य कानुनको अधीनमा रही नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा नगर कार्यपालिकाको हुने कुरा पनि जनाइएको छ । धारा २१८ मा नगर कार्यपालिकाबाट स्वीकृत नियमावली बमोजिम नगर कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन हुने उल्लेख छ भने धारा २१९ मा यसदेखि बाहेक स्थानीय तहको कार्यकारिणी सम्बन्धी अन्य व्यवस्था संविधानको अधीनमा रही संघीय कानुन बमोजिम हुने कुरा स्पष्ट गरिएको छ । संविधानको अनुसूची-८ मा निम्नलिखित विषयहरूमा नगर कार्यपालिकाको अधिकार रहने कुरा जनाइएको छ ।

- नगर प्रहरी,
- सहकारी संस्था,
- एफ. एम सञ्चालन,
- स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर),
- सेवा शुल्क दस्तुर,
- पर्यटन शुल्क,
- विज्ञापन कर,
- व्यवसाय कर,
- भूमिकर (मालपोत),
- दण्ड जरिवाना,
- मनोरञ्जन कर,
- मालपोत सङ्कलन,
- स्थानीय सेवाको व्यवस्थापन,
- स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन,
- स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू,
- आधारभूत र माध्यमिक शिक्षा,

- आधारभूत स्वास्थ्य र सरसफाइ,
- स्थानीय बजार व्यवस्थापन,
- वातावरण संरक्षण र जैविक विविधता,
- स्थानीय सडक,  कृषि सडक,
- सिंचाइ,
- नगर सभा,
- स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन,
- स्थानीय अभिलेख व्यवस्थापन,
- घर जग्गा धनी पुर्जा वितरण,
- कृषि तथा पशुपालन,
- कृषि उत्पादन व्यवस्थापन,
- पशु स्वास्थ्य,
- सहकारी,
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन,
- बेरोजगारको तथ्याङ्क सङ्कलन,
- कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण,
- खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा,
- विपद् व्यवस्थापन,
- जलाधार,
- वन्यजन्तु,
- खानी तथा खनिज पदार्थको संरक्षण, तथा
- भाषा, संस्कृती र ललितकलाको संरक्षण र विकास

नगरपालिकाका यी संविधान प्रदत्त अधिकारहरूको उपभोग बारेको विस्तृत व्याख्या स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको छ। यिनका अतिरिक्त संविधानको अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा पनि अनेकौं विषयहरू समेटिएका छन्। यी सबै व्यवस्थाहरूका अधीनमा रही महालक्ष्मी नगरपालिकाले हालसम्म १५ वटा ऐन, २ वटा नियमावली तथा २१ वटा कार्यविधिहरू र निर्देशिका, मापदण्ड गरि ४१ वटा दस्ताबेज तयार गरेको छ।

### ७.१.२. समस्या तथा चुनौती

| समस्याहरु | चुनौतीहरु |
|---|---|
| • नगरपालिकाको आफ्नै प्रशासनिक भवन नहुँदा सेवा प्रवाहमा कठिनाई ।<br>• पर्याप्त एवम् प्रविधिमैत्री कर्मचारीको अभाव<br>• आवधिक विकास योजना निर्माण हुन नसक्नु<br>• कर्मचारी संगठन तथा व्यवस्थापन हुन नसक्दा कर्मचारी व्यवस्थापन पक्ष जटिल | • उपयुक्त स्थानमा प्रशासनिक भवन निर्माण गरी सेवा प्रवाह गर्नु ।<br>• सेवा प्रवाहका लागि बनेको ऐन, कानुनहरुको कार्यान्वयन गर्नु<br>• सेवाग्राही मैत्री अनलाईन भुक्तानी प्रणालीको विकास गर्नु ।<br>• O&M गरी कर्मचारीहरुमा प्रशासनिक संस्कृतिको विकास गर्नु । |

### ७.१.३. सम्भावना तथा अवसर

| सम्भावनाहरु | अवसरहरु |
|---|---|
| • सेवा सञ्तालन मापदण्ड निर्माण गरी सेवा प्रवाहलाई व्यवस्थित गर्न सकिने ।<br>• राजस्व सुधार कार्ययोजना बनाई अधिकतम राजस्व सङ्कलन एवम् परिचालन गरी नगरपालिकाको विकासमा टेवा पुग्ने ।<br>• क्षमता विकास योजना निर्माण गरी जनप्रतिनिधि एवम् कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्दै आवश्यक क्षेत्रगत जनशक्ति तयार गर्न सकिन्छ ।<br>• सम्पूर्ण वडा कार्यालयहरुमा डिजिटल नागरिक बडापत्रको व्यवस्था गरी सेवा प्रवाहलाई सहज बनाउन सकिने । | • सेवा प्रवाहका आधारभूत संरचना र कार्यप्रणालीको विकास भईसकेको अवस्था भएकोले थप सुधार गर्न सहज ।<br>• नगरपालिका एवम् वडा कार्यालयका अभिलेखहरु एकीकृत गरी सेवा सञ्चालन मापदण्ड बनाउन सकिने ।<br>• आवश्यक ऐन, कानुनको निर्माण भईसकेकोले सोही ऐन कानुका आधारमा क्षेत्रगत/विषयगत व्यवस्थापन गर्न सहज ।<br>• सुशासनका विभिन्न आयाम (राजनीतिक, प्रशासनिक, वित्तिय आदि) का मान्यता अवलम्बन गरी सुशासनयुक्त नमुना नगरपालिका बनाउने अवसर छ । |

### ७.१.४. उपक्षेत्रगत, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

नगरपालिकाको शासन प्रणाली, समावेशी, कार्यमूलक, जनमुखी, परिणाममुखी, पारदर्शी र उत्तरदायी बनाउने ।

**उद्देश्य**

नगरपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- सुशासनका लागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।
- सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।
- सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।
- वित्तीय सुशासन कायम गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः सुशासनकालागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।** | |
| **१.१ः** शासन प्रणाली सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिको तर्जुमा गर्ने । | १. सेवा प्रवाह र सुशासन सम्बन्धी आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरिनेछ ।<br>२. सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिनेछ ।<br>३. सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनगमन प्रणाली सुदृढ गराइनेछ ।<br>४. सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, दण्ड र पुरस्कारलाई प्रणालीबद्ध बनाइनेछ ।<br>५. कार्यसम्पादनलाई वृत्ति विकाससँग घनिष्ठ रूपमा आबद्ध हुने गरी कानुनी व्यवस्था मिलाइनेछ ।<br>६. सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सुव्यवस्थित गरिनेछ । |
| **१.२ः** सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसधारणको पहुँचयोग्य बनाउन स्थानीय शासन पद्धति अनुरूपको प्रशासन संयन्त्रको व्यवस्था गर्ने । | १. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरिनेछ ।<br>२. स्थानीय शासन प्रणाली अनुरूप प्रशासन संयन्त्रको पुनर्संरचना गरिनेछ । |
| **उद्देश्य २ः सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।** | |
| **२.१ः** नगरपालिकाले प्रवाह गर्ने सेवामा अधिकारमुखी पहुँच स्थापना गर्ने । | १. सबै प्रकारका सेवामा सबैको र खास गरी समाजका सीमान्तीकृत र विपन्न समुदायको पहुँच सुनिश्चित गरिनेछ ।<br>२. सेवाग्राहीको माग सापेक्ष, सहभागितामूलक विकास प्रक्रियाको अवलम्बन गरिनेछ ।<br>३. विद्युतीय शासन प्रणालीको व्यापक अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरल बनाइनेछ । |

| | |
|---|---|
| | ४. जनताको गुनासो सिधै अध्यक्षसँग पुग्ने संयन्त्र स्थापित गरी शीघ्र जवाफदेहिता, कारबाही र जानकारीको सुनिश्चितता गरिनेछ ।<br>५. सूचना पविधिको प्रयोग र पहुँच बढाइनेछ । |
| २.२: नगरपालिकाको कार्यसम्पादनलाई उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउने । | १. गुनासो सुनुवाइ संयन्त्र र सूचना अधिकारीको भूमिकालाई प्रभावकारी तुल्याइनेछ ।<br>२. नैतिकता, आचरण र इमान्दारितालाई कार्य संस्कृतिको रूपमा विकास गरी दण्ड र पुरस्कारलाई व्यवस्थित तुल्याइनेछ ।<br>३. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा निगरानी तथा कारबाहीलाई सशक्त बनाउन पालिका स्तरमा कार्यरत सामाजिक संघसस्थाको समन्वय र सहकार्य प्रभावकारी बनाइनेछ ।<br>४. आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिनेछ ।<br>५. बेरूजुलाई सार्वजनिक गरिनुका साथै बेरूजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ ।<br>६. सेवा प्रवाहलाई जनमैत्री र सेवामूलक बनाउन नागरिक बडापत्र राखिनेछ ।<br>७. सार्वजनिक उत्तरदायी संयन्त्रहरू (सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन, आदि)लाई प्रभावकारी र नियमित गराइनेछ ।<br>८. पालिकाको कार्यक्रमगत क्षेत्र र बजेट, कार्ययोजना, अद्यावधिक प्रगति र जनसरोकारका निर्णयहरू वेबसाइटमार्फत नियमित रूपमा सार्वजनिक गरिनेछ ।<br>९. गैरसरकारी संस्था र नागरिक समाजसँग समन्वय र सहकार्यका माध्यमबाट सार्वजनिक उत्तरदायित्व अभिवृद्धिमूलक कार्यसम्पादन गरिनेछ ।<br>१०. कर्मचारीहरूको कार्यसम्पादनलाई विकास कार्यक्रमको नतिजा, सेवा प्रवाहको गुणस्तरीयता, सेवाग्राहीको सन्तुष्टि आदिसँग आवद्ध गरिनेछ । यसकालागि सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण, गुनासो समाधान, सार्वजनिक सुनुवाइ आदिको मापनलाई समेत आधार बनाइनेछ ।<br>११. सेवा प्रदायकप्रति नागरिकहरूको सन्तुष्टीको स्तर मापन र नियमित पृष्ठपोषण लिइनेछ । यसकार्यमा तेस्रो पक्ष मूल्याङ्कन प्रणाली समेतको अवलम्बन गरिनेछ । |

| | |
|---|---|
| २.३ः सार्वजनिक निकायका काम कारबाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउनु । | १. सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको वडापत्र क्रमशः कार्यान्वयन गर्न गराउन सार्वजनिक निकायलाई उत्प्रेरित गरिनेछ ।<br>२. जनगुनासोको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग गरिनेछ ।<br>३. अत्यावश्यक सार्वजनिक सेवाको पहुँचमा कठिनाइ भोगिरहेको जनतालाई सेवा पुऱ्याउन एकीकृत घुम्ती सेवालाई व्यापक र प्रभावकारी बनाइनेछ । |
| **उद्देश्य ३ः सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।** | |
| **३.१ः** जनशक्ति विकास गर्ने । | १. पालिकाकालागि आवश्यक पर्ने दक्ष जनशक्तिको विकास र उपयोगकालागि एकीकृत जनशक्ति विकास योजना तयार गरिनेछ ।<br>२. वार्षिक बजेटको निश्चित प्रतिशत तालिम तथा क्षमता विकास र आवश्यक अनुसन्धानकालागि विनियोजन गरिनेछ ।<br>३. पालिकाका जनप्रतिनिधि र कर्मचारीको आवश्यकता र माग अनसार अभिमुखीकरण तालिम र क्षमता विकासकालागि आधुनिक प्रविधि युक्त तालिम प्रतिष्ठानको स्थापना गरिनेछ । |
| **३.२ः** अन्तर्सरकार समन्वयलाई प्रभावकारी बनाउने । | १. संघीय र प्रदेशसरकारसँग नियमित सम्पर्क र समन्वय स्थापित गरिनेछ ।<br>२. पालिकाको विगतका दस्तावेज, आयोजना दस्तावेज र प्रतिवेदनहरूलाई आफ्नो पोर्टल (वेब-साइट) मा राखिनेछ ।<br>३. पालिकाको कार्य सम्पादन र प्रतिवेदन प्रणालीमा प्रदेश स्तरमै एकरूपता आउने गरी प्रदेश सरकारको सहयोग र समन्वयमा सफ्टवेयरको व्यवस्थापन गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।<br>४. पालिकास्तरीय विकास समस्या समाधान समिति गठन तथा कार्यविधि निर्माण गरी समस्या समाधान तथा सहजिकरण संयन्त्रको रूपमा विकास गरिनेछ । |
| **उद्देश्य ४ः वित्तीय सुशासन कायम गर्नु ।** | |
| **४.१ः** सार्वजनिक आय—व्यय र खरीद प्रक्रियालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १. नगरपालिका तथा वडा कार्यालयहरूको वार्षिक खरीद योजना तयार गरिनेछ ।<br>२. संस्थागत पुनर्संरचना र सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण प्रवर्द्धन गरिनेछ ।<br>३. कानुन बमोजिम समयमै खर्च नगरी आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न र उपलब्ध स्रोत र साधनको उचित प्रयोग गर्न आर्थिक वर्षको अन्तिम तीन महिनामा वार्षिक कार्यक्रम संशोधन |

| | |
|---|---|
| | गर्ने र विनियोजन बजेट अत्याधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउन उपयुक्त नीति अवलम्वन गरिनेछ ।<br>४. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ । |
| ४.३ः आन्तरिक नियन्त्रण र लेखापरीक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउने । | १. वित्तीय आँकडालाई वस्तुपरक बनाउन तथा अद्यावधिक गर्न सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण गरी विस्तार गरिनेछ ।<br>२. बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुको साथै लेखा उत्तरदायी अधिकारीलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण बनाइनेछ । |

**प्रमुख कार्यक्रम तथा आयोजना**

१. सेवाप्रवाह, संस्थागत विकासजस्ता पक्षमा क्रमश आधुनिकीकरण गर्दै जान संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।

२. जनप्रतिनिधी तथा कर्मचारीहरुलाई क्षमता विकास तालिम प्रदान गरिनेछ।

३. जनप्रतिनिधीहरुलाई स्थानिय सरकार संचालन ऐन, २०७४ अनुसार गर्नुपर्ने कार्यहरुबारे ३ दिने आवासिय तालिम प्रदान गरिनेछ।

४. तेश्रो वर्ष पुनः स्थानीय तहको अधिकार र जनप्रतिनिधीहरुको काम, कर्तव्य र अधिकार सम्बन्धि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।

### ७.१.५. अपेक्षित उपलब्धि तथा नतिजा खाका

- नगरपालिकाबाट हुने गरेका सेवाप्रवाह छिटोछरितो भई जनतालाई लाभ पुग्नेछ।
- सेवाप्रवाहमा विद्युतीय प्रविधिको प्रयोग भएको हुनेछ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि भएको हुनेछ।

**तालिका २२ : जैविक विविधता संरक्षण क्षेत्रका नतिजा खाका**

| सि.नं | सूचक | एकाई | आधार वर्षको अवस्था | आवधिक योजनाको अन्त्यको स्थिति | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|
| १ | राजश्व प्रणालीमा सुधार | संख्या | - | सबै कार्यालय | |
| २ | नागरिक बडापत्र | संख्या | - | सबै कार्यालय | |
| ३ | सेवा प्रवाह छिटो छरितो | संख्या | - | सबै कार्यालय | |
| ४ | सेवा प्रवाहमा संस्थागत दक्षता अभिवृद्धि | संख्या | | सबै कार्यालय | |

### ७.१.६. अनुमान तथा जोखिम पक्ष

- विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्दा सबै उमेर समुह तथा क्षेत्रलाई सहजता नहुन सक्छ।
- सेवाकालिन अवधिमा कर्मचारीहरु छिट्टै सरुवा हुने छैनन्।

# परिच्छेद ८ : कार्यान्वयन व्यवस्था

## ८.१. पृष्ठभूमी

पन्ध्रौं योजनाको राष्ट्रिय लक्ष्य हासिल गर्न बागमती प्रदेश सरकारले निर्माण गर्ने लक्ष्यका साथ प्रदेशको प्रथम पञ्चवर्षीय योजना तर्जुमा गरेको छ। योजनाबद्ध विकासकालागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यवहारिक कार्यनीतिसहितको योजना आवश्यक पर्दछ। त्यसैले महालक्ष्मी नगरपालिकाले पनि पन्ध्रौं योजना तथा बागमती प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका आधारमा ती योजनाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ती प्रदेशको योजना निर्माणलाई मार्गनिर्देश गर्न नीति तथा योजना आयोगले “बागमती प्रदेशको स्थिति पत्र, २०७६” प्रकाशमा ल्याइसकेको छ। स्थितिपत्रले सुझाएका विभिन्न सवालहरू र विभिन्न सरोकारवाला संघसंस्था तथा व्यक्तिहरूको सुझाव समेत समेटी प्रदेश सरकारको पहिलो पञ्चवर्षीय योजना प्रकाशनमा ल्याएको छ र सोहि आधारमा महालक्ष्मी नगरपालिकाको पञ्चवर्षीय आवधिक योजना तयार पारिएको छ। योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र पालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ।

## ८.२. संस्थागत व्यवस्था तथा मानव संसाधन योजना

### ८.२.१. कार्यालय, जनशक्ति तथा सेवा व्यवस्थापन

**सोच**

सुविधायुक्त कार्यालय र सक्षम जनशक्तिमार्फत गाँउ प्रशासनलाई जनमैत्री र प्रतिस्पर्धी बनाउने।

**प्रमुख लक्ष्य**

- नगरपालिका प्रशासन सञ्चालनका लागि दरबन्दी अनुसारको पूर्ण जनशक्ति व्यवस्थापन गर्ने।
- सेवा कार्यालयहरु एकीकृत भवनबाट प्रदान गर्ने गरी व्यवस्थापन गर्ने।

**उद्देश्य**

- पूर्ण र सक्षम जनशक्तिको माध्यमबाट जनताका सेवाहरु सरल र प्रभावकारी रुपमा प्रदान गर्ने।
- नागरिकहरुको सोच, गुनासो, सुझाव तथा वडा कार्यालयका सूचनाहरु प्रशासनलाई सहज प्राप्त हुने व्यवस्था मिलाउने।

**रणनीति तथा कार्यनीति**

- वडा कार्यालयहरुको भवन निर्माण गर्दा एकीकृत सेवा प्रवाह गर्ने गरी निर्माण गर्ने।
- न.पा. को कार्यविभाजन नियमावलीको पुर्ण रुपमा परिपालना, अनुगमण तथा मुल्याङ्कन गर्ने।

- कर्मचारी प्रशासनलाई पर्याप्त, सक्षम र प्रभावकारी बनाउन सांगठनिक संरचना अनुसारको कर्मचारी आपूर्ति गर्न विशेष योजना बनाइ लागु गर्ने ।
- कर्मचारीहरुको क्षमता विकास तथा वृत्ति विकासमा विशेष योजनाहरु लागु गर्ने ।
- जनप्रतिनिधिलाई विषयगत कार्य विभाजन गरी जिम्मेवारी तोक्ने र सो को क्षमता विकासका लागि तालिम प्रशिक्षण भ्रमण लगायतका अवसरहरु प्रदान गर्ने ।
- गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने ।
- निश्चित विधि विकास गरी सार्वजनिक सेवाको सन्तुष्टी मापन गर्ने ।

**प्रमुख नतीजा**

- न.पा. को विषयगत समिति तथा शाखाहरु प्रभावकारी रुपमा सञ्चालन भएको हुनेछ ।
- आगामी २ वर्षभित्र पालिका तथा सबै वडा कार्यालयहरुको सुविधायुक्त भवन व्यवस्थापन भइसक्नेछ ।

**प्रमुख कार्यक्रमहरु**

- कर्मचारी व्यवस्थापन
- सेवा व्यवस्थापन
- कार्यालय व्यवस्थापन
- क्षमता विकास कार्यक्रम
- तहगत सम्बन्ध तथा समन्वय

## ८.२.२. सूचना प्रविधि तथा प्रशासकीय सुशासन

**सोच**

आधुनिक सूचना प्रविधिसहितको प्रशासकीय सुशासन विकास गर्ने ।

**प्रमुख लक्ष्य**

सुशासनका सूचकहरुमा आधारित प्रशासकीय सुशासन प्रणाली विकास गर्ने ।

**उद्देश्य**

सार्वजनिक प्रशासनलाई स्वच्छ, परिणाममुखी, जवाफदेही र पारदर्शी बनाई सार्वजनिक सेवाप्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउने ।

**रणनीति तथा कार्यनीति**

- प्राविधिकहरुले गर्ने लगत ईस्टिमेटहरुमा सूचना प्रविधिको प्रयोग गर्ने ।
- न.पा. को प्रोफाइललाई वार्षिक रुपमा अद्यावधिक गर्ने ।
- कम्तीमा वार्षिक रुपमा सेवाको गुणस्तर मापन गर्ने ।
- क्षमता विकास तथा अभिमुखिकरण तालिम दिने ।

- समिति तथा शाखाहरुलाई सक्षम र प्रतिस्पर्धी बनाउने ।

**प्रमुख नतीजा**

- डिजिटल प्रशासनिक सेवा सञ्चालन हुनेछ ।
- नगरपालिकाको वेबसाइट समय समयमा अद्यावधिक भएको हुनेछ ।
- नगरपालिकाको प्रोफाइल वार्षिक अद्यावधिक हुनेछ ।
- नियमित तथा चौमासिक सूचना प्रवाहको संयन्त्र क्रियाशील हुनेछ ।

**प्रमुख कार्यक्रमहरु**

- सुचना तथा प्रविधि विस्तार
- प्रशासनिक व्यवस्थापन

### ८.२.३. पारदर्शिता र जवाफदेहिता

**सोच**

पारदर्शी, जवाफदेही र जनविश्वासी नगरपालिका विकास गर्ने ।

**प्रमुख लक्ष्य**

वार्षिक लेखाजोखामा नगरपालिकाले पारदर्शिता र जवाफदेहिताका सूचकहरुको उत्कृष्ट स्तर हासिल गर्ने ।

**उद्देश्य**

- उत्कृष्ट सेवामार्फत नगरपालिकालाई सक्षम र जनउत्तरदायी बनाउने ।

**रणनीति तथा कार्यनीति**

- वडा तथा विषयगत कार्यालय र हरेक योजनाहरुको सार्वजनिक सुनुवाई तथा सार्वजनिक परिक्षण अनिवार्य रुपमा गर्ने गराउने साथै ठुला आयोजनाहरुको सूचना बोर्ड राख्ने ।
- वार्षिक योजनाहरुको नियमित समिक्षा चौमासिक रुपमा गर्ने ।
- रणनीतिक योजनाको मध्यावधि समिक्षा दोस्रो र चौथो वर्षमा गर्ने ।
- रणनितिक योजनाको अन्तिम मूल्याङ्कन पाँचौ वर्षमा गर्ने ।
- प्राकृतिक श्रोत तथा वित्त आयोगले प्रदेश तथा स्थानीय तहबीच राजश्वको बाँडफाड गर्ने
- आधार अनुसार (जनसंख्या तथा जनसंख्यिक विवरण, क्षेत्रफल, मानव विकास सुचकाङ्क, खर्चको
- आवश्यकता, राजश्व संकलनमा गरेको प्रयास, पुर्वाधार विकास, विशेष अवस्था आदि ) बजेट विनियोजन गर्ने ।

**प्रमुख नतीजा**

- कार्यविधिले निर्धारण गरेअनुसारको लक्ष्यमा सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण तथा नियमित अनुगमन सम्पन्न हुनेछ ।

**प्रमुख कार्यक्रमहरु**

- सार्वजनीक सुनुवाई तथा सामाजीक परिक्षण
- योजना, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन
- लेखापरीक्षण
- सन्तुष्टी मापन

### ८.२.४. सामुदायिक तथा गैरसरकारी संस्था व्यवस्थापन

**सोच**

सामुदायिक तथा गैरसरकारी संस्था परिचालनमार्फत आर्थिक-सामाजिक रूपान्तरणमा योगदान पुर्याउने ।

**प्रमुख लक्ष्य**

सामुदायिक गैरसरकारी संस्थाहरुको स्रोतमार्फत आर्थिक समृद्धिका नमुना कार्यक्रमहरु सञ्चालन गर्ने ।

**उद्देश्य**

- सामुदायिक तथा गैरसरकारी संस्थाहरुलाई सामाजिक सचेतीकरण तथा आर्थिक समृद्धि प्राप्तिका लागि परिचालन गर्ने ।
- स्थानीय समूहको कोषलाई एकीकृत गरी दिगो व्यवस्थापन गर्ने ।
- गैससहरुको प्रभावकारी परिचालन गर्ने ।

**रणनीति तथा कार्यनीति**

- गा. पा. को आवधिक लक्ष्यमा सघाउ पुग्नेगरी संस्थाको दीर्घकालीन योजना बनाउन प्रेरित गर्ने ।
- सबैखाले संस्थालाई आफ्नो विषयगत क्षेत्रमा विशिष्ट पहिचान र दक्षता अभिवृद्धि गर्ने ।
- गरीबी निवारण कोष ग्रामिण स्वालम्बन कोष र युवा स्वारोजगार कोषहरुबाट संचालित अनुदान र ऋणको कार्यक्रमहरु समन्वयात्मक रुपमा सञ्चालन गर्ने ।

**प्रमुख नतीजा**

- उद्देश्य, कार्यक्रम र दक्षताको आधारमा एकद्धार प्रणालीमार्फत गैर सरकारी संस्थाहरु परिचालन हुनेछन् ।
- विशिष्ठिकृत सेवामार्फत गैसस क्षेत्रको लगानी पारदर्शी, प्रभावकारी र नतीजामुखी बन्नेछ ।
- लक्षित वर्ग तथा समुदायको सशक्तिकरण र मूलप्रवाहीकरणमा विशेष सहयोग पुग्नेछ ।

**प्रमुख कार्यक्रमहरु**

- सामाजिक संस्था व्यवस्थापन
- गैसस साझेदार

## ८.३. विषयक्षेत्र अनुसार अनुमानित बजेट

नगरपालिकाको आवधिक क्षेत्रगत विकासका कार्यक्रमहरुलाई मुख्य ३४ वटा शीर्षकहरुमा विभाजन गरिएको छ । मुख्यतया पाचँवटा शिर्षकहरु गरी कूल रकम रु ७ अर्ब २१ करोड ०७ लाख ६५ हजार रुपैंया बारबरको योजना तथा कार्यक्रमहरु प्रस्ताव गरिएको छ। उक्त प्रस्तावित कूल रकम र विषयगत क्षेत्रका योजना तथा कार्यक्रमहरुको एकमुष्ठ विवरण तल चित्रमा देखाईएको छ। कूल योजना मद्दये सबै भन्दा धेरै करिब ४४ प्रतिशत योजना तथा कार्यक्रमहरु पूर्वाधार विकास क्षेत्र तर्फ रहेको छ भने सबै भन्दा न्यून योजना तथा कार्यक्रमहरु संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फको रहेको छ।




चित्र: क्षेत्रगत आवाधिक लगानी

### ८.३.१. योजनाहरुको प्राथमिकीकरणका आधार

स्थाानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४/३ बमोजिम निम्न आधारहरुमा वडा तथा वस्तीबाट आएका योजनाहरुको प्रामथमिकीकरण गरिएको छ।

- आर्थिक विकास र गरिबी निवारणमा प्रत्येक्ष योगदान पुऱ्याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने (ठूला आयोजनाहरुको हकमा बढिमा ३ वर्ष भित्र सम्पन्न हुने,
- राजस्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिताा अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,

- दिगो, विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने,
- समुदायलाई विपद् तथा जलवायु परिवर्तन उत्थानशिल (Resilience) बनाउने,
- स्थान विशेषको संस्कृती र पहिचान प्रवर्द्धन गर्ने,
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु,

**तालिका २३ : महालक्ष्मी नगरपालिकाको आवधिक क्षेत्रगत बजेटको क्षेत्रगत खर्च अनुमान (बजेट रु. लाखमा)**

| सि.न | क्षेत्र | अनुमानीत लागत | पाँच वर्षको प्रस्ताव | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | | | आ.व २०७९/८० | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | जम्मा |
| १ | आर्थिक विकास क्षेत्र | ७९५०४११२९ | १४३१०७४०३.२ | १५९००८२२५.८ | १५९००८२२५.८ | १५९००८२२५.८ | १७४९०९०४८.४ | ७९५०४११२९ |
| २ | सामाजिक विकास क्षेत्र | २६५५२९११२९ | ४७७९५२४०३.२ | ५३१०५८२२५.८ | ५३१०५८२२५.८ | ५३१०५८२२५.८ | ५८४१६४०४८.४ | २६५५२९११२९ |
| ३ | पूर्वाधार विकास क्षेत्र | ३१८५५५७२५८ | ५७३४००३०६.४ | ६३७११४५१.६ | ६३७११४५१.६ | ६३७११४५१.६ | ७००८२२५९६.८ | ३१८५५५७२५८ |
| ४ | वातावरण तथा विपद व्यवस्थापन क्षेत्र | ४७१८७६१२९ | ८४९३७७०३.२२ | ९४३७५२२५.८ | ९४३७५२२५.८ | ९४३७५२२५.८ | १०३८१२७४८.४ | ४७१८७६१२९ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १०३०००००० | १८५४०००० | २०६००००० | २०६००००० | २०६००००० | २२६६०००० | १०३०००००० |
| **जम्मा** | | **७२१०७६५६४५** | **१२९७९३७८१६** | **१४४२१५३१२९** | **१४४२१५३१२९** | **१४४२१५३१२९** | **१५८६३६८४४२** | **७२१०७६५६४५** |
| **जम्मा प्रस्तावित पुजींगत खर्च** | | | **१४६२६८१३७८** | **१४७०८६२९८८** | **१४६२९२९८०५** | **१४३४४१७९७६** | **१३७९८७३४९९** | **७२१०७६५६४५** |

तालिका २४ : महालक्ष्मी नगरपालिकाको मुख्य कार्यक्रम र कार्यतालिका र वजेट अनुमान (बजेट रु. लाखमा)

| उद्देस्य नम्बर (१) | कार्यक्रम तथा आयोजना (२) | योजना (५) | अनुमानित श्रोत र बार्षिक रकम (रु. हजारमा) | | | | | | प्रति एकाई लागत (१२) | जिम्मेवारी (१३) | स्थानगत तथा कार्यक्रम विवरण (१४) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | जम्मा | | | |
| | **आर्थिक क्षेत्र जम्मा लागत** | | | | | | | ७९५०४१ | | | |
| | १.कृषि तथा पशुपालन | १४ | | | | | | २७०७०० | | | |
| | २.सिंचाई | ९ | | | | | | ४५००० | | | |
| | ३.पर्यटन, सस्कृति तथा सम्पदा | १६ | | | | | | २५८२५० | | | |
| | ४. उद्योग, व्यापार,व्यवसाय तथा आपूर्ति | ३ | | | | | | ५५००० | | | |
| | ५. रोजगारीको अवस्था , सामाजिक सुरक्षा | ४ | | | | | | ६६२५० | | | |

| उद्देस्य नम्बर (१) | कार्यक्रम तथा आयोजना (२) | आधार बर्षको अवस्था (४) | योजनाको कुल लक्ष्य (५) | अनुमानित श्रोत र बार्षिक रकम (रु. हजारमा) | प्रति एकाई लागत (१२) | जिम्मेवारी (१३) | स्थानगत तथा कार्यक्रम विवरण (१४) |
|---|---|---|---|---|---|---|---|

| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामाजिक क्षेत्र जम्मा लागत | | | | | | | | २६५५२९१ | | | |
| | १ . स्वास्थ्य सस्था | | १० | | | | | | १६९५००० | | | |
| | २ . शैक्षिक सस्था | | १४ | | | | | | २७४५०० | | | |
| | ३ . खानेपानी तथा सरसफाई आयोजना | | १५ | | | | | | १९२७७५० | | | |
| | ४ . महिला तथा बालबालिका | | ४ | | | | | | ५७०० | | | |
| | ५. युवा तथा खेलकुद | | ९ | | | | | | १७८००० | | | |

| उद्देस्य नम्बर (१) | कार्यक्रम तथा आयोजना (२) | आधार बर्षको अवस्था (४) | योजनाको कुल लक्ष्य (५) | अनुमानित श्रोत र बार्षिक रकम (रु. हजारमा) | प्रति एकाई लागत (१२) | जिम्मेवारी (१३) | स्थानगत तथा कार्यक्रम विवरण (१४) |
|---|---|---|---|---|---|---|---|

| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | **जम्मा** | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **पूर्वाधार क्षेत्र जम्मा लागत** | | | | | | | | ३१८५५५७ | | | |
| | १.वस्ती, आवास, भवन, तथा सार्वजनिक निर्माण | | १० | | | | | | ३२०००० | | | |
| | २. सडक तथा यातायात | | ५९ | | | | | | १९३११५० | | | |
| | ३. जल श्रोत बिध्युत तथा बैकल्पिक उर्जा | | ७ | | | | | | ७४९००० | | | |
| | ४. सूचना, संचार तथा प्रबिधि | | ४ | | | | | | ५७२५ | | | |

| उद्देस्य नम्बर (१) | कार्यक्रम तथा आयोजना (२) | आधार बर्षको अवस्था (४) | योजनाको (५) | अनुमानित श्रोत र बार्षिक रकम (रु. हजारमा) | | | | | | प्रति एकाई लागत (१२) | जिम्मेवारी (१३) | स्थानगत तथा कार्यक्रम विवरण (१४) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२ /८३ | ०८३/८४ | ०८४/८५ | जम्मा | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **वातावरण क्षेत्र जम्मा लागत** | | | | | | | | ४७१८७६ | | | |
| | १.वन तथा जैविक बिबिधता | | ९ | | | | | | ६६९१० | | | |
| | २. भू सम्रक्षन् तथा जलाधार व्यवस्थापन | | ७ | | | | | | ४८३७५ | | | |
| | ३.वातावरण तथा फोहोरमैला व्यवस्थापन | | ६ | | | | | | ६८५०० | | | |
| | ४. विपद, जोखिम न्यूनीकरण र बेबस्थापन तथा जलबायु उत्थानासिलाता | | ५ | | | | | | १८८२५० | | | |

| उद्देस्य नम्बर (१) | कार्यक्रम तथा आयोजना (२) | आधार बर्षको अवस्था (४) | योजनाको कुल लक्ष्य (५) | अनुमानित श्रोत र बार्षिक रकम (रु. हजारमा) | | | | | | प्रति एकाई लागत (१२) | जिम्मेवारी (१३) | स्थानगत तथा कार्यक्रम विवरण (१४) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | जम्मा | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **सुशासन क्षेत्र जम्मा लागत** | | | | | | | | १०३००० | | | |
| | १.सेवा प्रवाह तथा सुशासन | | ८ | | | | | | ११५०० | | | |
| | २.मानव संसाधन तथा संस्थागत क्षमता विकास | | ४ | | | | | | ७७५० | | | |
| | ३.तथ्याङ्क प्रणाली | | ५ | | | | | | २१२५० | | | |
| | ४.वित्तीय सुशासन | | ४ | | | | | | ४२५०० | | | |

## ८.४. स्रोत अनुमान तथा प्रक्षेपण

माथिका वृद्धिदर अनुमान र महालक्ष्मी नगरपालिकाको लागि गत आ.व. २०७५।७६ तथा २०७६।७७ मा यस नगरपालिकालाई प्राप्त बजेट समेतको अनुमानको आधार आगामी ५ वर्षको आम्दानी तथा खर्च प्रक्षेपण गरिएको छ। आय प्रक्षेपण गर्दा खुद विकास कार्यमा लगानी गर्न उपयोग हुन सक्ने बजेट तथा कार्यक्रमको शिर्षकहरुलाई मात्र समावेश गरिएको छ। नगरपालिकाको कर्मचारी व्यवस्थापन, तलब भत्ता, जेष्ठ नागरिक भत्ता जस्ता राज्यका अनिवार्य दायित्वका रकमहरु जसरी आँउछ त्यसरी नै खर्च हुने हुँदा यसमा समावेश गरिएको छैन। यसर्थ बजेट कार्यक्रम प्रक्षेपण गर्दा वित्तिय समानीकरण अनुदान र शशर्त अनुदान (संघिय तथा प्रादेशिक) लाई आयको प्रमुख स्रोत मानीएको छ भने आन्तरिक आम्दानी तथा राजश्व बाँडफाँडको आयलाई नगरपालिकाको चालु तथा प्रशासनिक खर्च हुने मानी प्रक्षेपण गरिएको छ। सो को आधारमा नगरपालिकाको आ.व. २०७८/०७९ देखि २०८२/०८३ सम्मको कुल आम्दानी बजेट रु. ४ अबई ३४ करोड ५ लाख ३८ हजारको प्रक्षेपण गरिएको छ। यो रकम संघिय र प्रदेशले साविकमा दिँदै आएको शशर्त, वित्तिय समानीकरण तथा राजश्व बाँडफाँडबाट प्राप्त हुन सक्ने अनुमानित बजेट बाहेकको थप नपुग बजेट हो। यसका लागि थप दातृ निकाय, विशेष कोषको लागि प्रदेश र संघमा कार्यक्रम पेश गर्ने, नीजिक्षेत्र तथा सहकारी संस्था परिचालन गर्ने, प्राकृतिक श्रोतबाट आन्तरिक आय बढाउने जस्ता उपायहरु अवलम्बन गर्ने छ। यसको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

### ८.४.१. कानुनी आधार

नेपालको संविधानको धारा ५९ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने नीति तथा योजना बनाउने र त्यसको कार्यान्वयन गर्ने सम्बन्धमा संवैधानिक व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चान ऐन २०७४ को दफा २४ ले स्थानिय निकायको आफ्नो अधिकारक्षेत्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था समेत गरेको छ। संविधानको उक्त व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन अनुसार महालक्ष्मी नगरपालिकाको लागि ५ वर्षे रणनीतिक योजना कार्यान्वयन गर्न निम्न कानुनी आधारहरु लिइएको छः

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- अन्तर-सरकारी वित्त व्यवस्थापन सम्बन्धी ऐन २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४
- संघीय आर्थिक कार्यविधि ऐन २०७५
- विकास सहायता नीति २०७१
- सार्वजनिक खरिद ऐन २०६३
- वार्षिक विकास कार्यक्रम तथा बजेट (मध्यमकालीन खर्च संरचना समेत) तर्जुमासम्बन्धी मार्गदर्शन २०७४

### ८.४.२. श्रोत अनुमानका क्षेत्रहरु

नेपालको संविधान २०७२ को दफा ६० ले राजश्व श्रोतको बाँडफाँड हुने व्यवस्था गरेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को परिच्छेद ४ दफा ८,९,१० र ११ बमोजिम यस महालक्ष्मी नगरपालिकालाई प्राप्त हुनसक्ने आर्थिक श्रोतहरु निम्न तालिकामा प्रस्तुत गरिएको छः

**तालिका २५ : नगरपालिकालाई प्राप्त हुने बजेटको स्रोत तथा शीर्षकहरुको विवरण**

| सि.न. | श्रोत | शीर्षकहरु |
|---|---|---|
| १ | नेपाल सरकार | वित्तीय समानिकरण, सशर्त, विशेष र समपूरक अनुदान |
| २ | प्रदेश सरकार | वित्तीय समानिकरण, सशर्त, विशेष र समपूरक अनुदान |
| ३ | राजस्व बाँडफाँड | मूल्य अभिबृदि कर, आन्तरिक उत्पादनमा लागेको अन्तशुल्कको रकम, प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँडबाट प्राप्त रकम |
| ४ | आन्तरिक आम्दानी | एकीकृत सम्पत्ति कर, घर बहाल कर, व्यवसाय कर, सेवा शुल्क, दस्तुर, गैर कर आदि |
| ५ | अन्तर स्थानीय तह लगानी | फोहोर प्रशोधन केन्द्र निर्माण बजेट आदि |
| ६ | वैदेशिक स्रोत | नेपाल सरकारबाट स्वीकृति प्राप्त कार्यक्रमका रकमहरु |
| ७ | जनसहभागिता | विकास निर्माणमा उपभोक्ताबाट सङ्कलित रकम |
| ८ | आन्तरिक ऋण | आयोगको मापदण्ड बमोजिम स्वदेशी वित्तीय संस्थाबाट लिएको ऋण |

### ८.४.३. वृद्धिदर अनुमानको आधार

विगत पाँच वर्ष यताको कुल बजेटको आकारसँगै स्थानीय तहमा विनियोजन हुने बजेटको अंश निरन्तर वृद्धि भइरहेको छ । महालक्ष्मी नगरपालिकाको आगामी आ.व.को लागि अनुमानित आय तथा व्यय तयार गर्नका लागि विगत पाँच वर्षमा भएको कुल बजेटको बढोत्तरी तथा कुल बजेटमध्ये स्थानीय तहमा भएको बजेटको अंशमा भएको बढोत्तरीलाई आधार मानी हाल विनियोजित बजेट तथा खर्चमा सरदर १५ प्रतिशत वृद्धि गरी अनुमान गरिएको छ । वृद्धिदर अनुमानको आधारका लागि विगत पाँच वर्षको कुल बजेट तथा स्थानिय तहमा विनियोजन भएको अंशको तुलनात्मक विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छः ।

क. कुल राष्ट्रिय बजेटको वृद्धिदर

तालिका २६ : बजेट वार्षिक वृद्धिदरको आधार

| आ.व. | कुल राष्ट्रिय बजेट रु लाखमा | पछिल्लो आ.व.मा भएको वृद्धि रु लाखमा | वृद्धि प्रतिशत |
|---|---|---|---|
| २०७३/७४ | १०५१०००० | | |
| २०७४/७५ | १२७९०००० | २२८०००० | २१.७ |
| २०७५/७६ | १३१५१६०० | ३६१६०० | २.८ |
| २०७६/७७ | १५३२०००० | २१६८४०० | १६.५ |
| २०७७/७८ | १४७००००० | -६२०००० | -४.० |

ख. कुल बजेटमध्ये स्थानीय तहको बजेटमा वृद्धि दर

तालिका २७ : स्थानीय तहको बजेट वृद्धिदरको आधार

| आ.व. | बजेट रु लाखमा | पछिल्लो आ.व.मा भएको वृद्धि रु | वृद्धि प्रतिशत |
|---|---|---|---|
| २०७४/७५ | ४४२२.६१ | | |
| २०७५/७६ | ४७५३ | ३३०.३९ | ७.५ |
| २०७६/७७ | ५६९७.१८ | ९४४.१८ | १९.९ |
| २०७७/७८ | ६६०७.५ | ९१० | १६.० |
| २०७८/७९ | ७२१८ | ६११ | ९.२४ |
| २०७९/८० | ७८८५ | ६६७ | ९.२४ |
| २०८०/८१ | ८६१४ | ७२९ | ९.२४ |
| २०८१/८२ | ९४१० | ७९६ | ९.२४ |
| २०८२/८३ | १०२७९ | ८६९ | ९.२४ |
| जम्मा (७८/७९-८२/८३) | ४३४०५ | | |

## तालिका २८ : महालक्ष्मी नगरपालिकाको आवधिक आम्दानी बजेट अनुमान (बजेट रु. लाखमा)

| सि.न | आम्दानी विवरण | पाँच वर्षको प्रस्ताव | | | | | कुल |
|---|---|---|---|---|---|---|---|
| | | आ.व २०७९/८० | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | जम्मा |
| १ | वित्तिय समानिकरण अनुदान (संघ) | २०७२४०००० | २२७९६४००० | २५०७६०४०० | २७५८३६४४० | ३०३४२००८४ | १२६५२२०९२४ |
| २ | राजश्व बाँडफाँड (संघ) | ८८०५७२०० | ९६८६२९२० | १०६५४९२१२ | ११७२०४१३३.२ | १२८९२४५४६.५ | ५३७५९८०११.७ |
| ३ | वित्तिय समानिकरण अनुदान (प्रदेश) | १८१७६४०० | १९९९४०४० | २१९९३४४४ | २४१९२७८८.४ | २६६१२०६७.२४ | ११०९६८७३९.६ |
| ४ | राजश्व बाँडफाँड (प्रदेश) | ३०२८१४७२७.९ | ३३३०९६२००.७ | ३६६४०५८२०.७ | ४०३०४६४०२.८ | ४४३३५१०४३.१ | १८४८७१४१९५ |
| ५ | सर्शत अनुदान (संघ) | २३७७२०००० | २४९६०६००० | २६२०८६३०० | २७५१९०६१५ | २८८९५०१४५.८ | १३१३५५३०६१ |
| ६ | आन्तरिक आम्दानी (राजश्व) | १११८४४९५०० | ११७४३७१९७५ | १२३३०९०५७४ | १२९४७४५१०२ | १३५९४८२३५८ | ६१८०१३९५०९ |
| ७ | सघंबाट प्राप्त समपुरक अनुदान | ४४९९०००० | ४९४८९००० | ५४४३७९०० | ५९८८१६९० | ६५८६९८५९ | २७४६६८४४९ |
| ८ | प्रदेशबाट प्राप्त समपुरक अनुदान | ३२७४८१०० | ३६०२२९१० | ३९६२५२०१ | ४३५८७७२१.१ | ४७९४६४९३.२१ | १९९९३०४२५.३ |
| ९ | सर्शत अनुदान (प्रदेश) | १८३५१९०० | १९२६९४९५ | २०२३२९६९.७५ | २१२४४६१८.२४ | २२३०६८४९.१५ | १०१४०५८३२.१ |
| १० | संघबाट विशेष अनुदान | १२६५०००० | १३९१५००० | १५३०६५०० | १६८३७१५० | १८५२०८६५ | ७७२२९५१५ |
| ११ | प्रदेशबाट विशेष अनुदान | ३६२२५०० | ३८०३६२५ | ३९९३८०६.२५ | ४१९३४९६.५६३ | ४४०३१७१.३९१ | २००१६५९९.२ |
| १२ | वचत (अल्या रकम) | | | | | | ० |
| १३ | अन्य क्षेत्र (जनसहभागीता समेत) | ४६४३६२५० | ४८७५८०६२.५ | ५११९५९६५.६३ | ५३७५५७६३.९१ | ५६४४३५५२.१ | २५६५८९५९४.१ |
| | **जम्मा** | **२१३१२५६५७८** | **२२७३१५३२२८** | **२४२५६७८०९३** | **२५८९७१५९२२** | **२७६६२३१०३४** | **१२१८६०३४८५५** |

**खर्च तर्फः**
त्यसै गरी खर्च तर्फ चालु शिर्षकमा खर्चको सिमालाई नबढाई औसत रुपमा आम्दानीको प्रक्षेपित वृद्धि जस्तै चालु खर्चलाई पनि औसत १७ प्रतिशतको वृद्धि हुने अनुमान गरिएको छ । यसरी आगामी पाचँ आर्थिक वर्षकोलागि औसत २० प्रतिशतले हुने विृद्धिको आधारमा कूल चालु खर्च रकम रु ४ अर्ब ९७ करोड ५२ लाख खर्च प्रस्तावित गरिएको छ । पुजींगत खर्च तर्फ भने आगामी ५ वर्षको लागि रकम रु ७ अर्ब २१ करोड ०७ लाख प्रस्तावित गरिएको छ । विस्तृत विवरण तल तालिकममा पेश गरिएको छ ।

**तालिका २९ : महालक्ष्मी नगरपालिका आवधिक खर्च बजेट**

| सि.न | व्यय | पाँच वर्षको प्रस्ताव | | | | | कुल |
|---|---|---|---|---|---|---|---|
| | | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ | आ.व २०८३/८४ | आ.व २०८४/८५ | जम्मा |
| १ | चालु खर्च | ६६८५७५२०० | ८०२२९०२४० | ९६२७४८२८८ | ११५५२९७९४६ | १३८६३५७५३५ | ४९७५२६९२०८ |
| २ | पुजींगत खर्च | १४६२६८१३७८ | १४७०८६२९८८ | १४६२९२९८०५ | १४३४४१७९७६ | १३७९८७३४९९ | ७२१०७६५६४६ |

## ८.५. स्रोत परिचालन रणनीति

वित्तीय व्यवस्थापन तथा बजेट परिचालनलाई प्रभावकारी बनाउन न.पा. ले निम्न प्रक्रियाहरु अपनाउने छः

**क.** ऐन, नियम तथा कार्यविधिहरुको परिपालन निम्न ऐन नियम तथा कार्यविधिहरुको आधारमा वित्तीय प्रणालीलाई व्यवस्थापन गर्नेछ :

- नेपालको संविधान २०७२,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
- नगरपालिका विकास योजना २०७७।७८,
- नगरपालिकाको वार्षिक नीति तथा बजेट
- वार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमासम्बन्धी मार्गदर्शन २०७४
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४
- सार्वजनिक खरीद ऐन २०६३
- सार्वजनिक खरीद नियमावली २०७५

**ख. लेखा व्यवस्थापन तथा बजेट अनुगमन**
कानुनले तोके बमोजिम र रणनीतिक योजनाले परिकल्पना गरे बमोजिमको वित्तीय व्यवस्थापनका लागि गा. पा. ले आवश्यक कर्मचारी व्यवस्थापन वित्तीय व्यवस्थापन नीति तथा संयन्त्र र विद्युतीय प्रविधिलगायतका प्रणालीहरु व्यवस्थापन गर्नेछ ।

**ग. पारदर्शिता र जवाफदेहिता**
आर्थिक पारदर्शिता र जवाफदेहिताका लागि गा. पा. का योजना, प्रगति तथा अनुगमन प्रतिवेदनहरु वेभसाइटमा राख्ने, जनगुनासाहरु लिन र जवाफ दिन सकिने किसिमका एप्लिकेसनको पहुँच विस्तार गर्ने, वार्षिक प्रकाशन गर्ने, मिडिया अनुगमन गराउने तथा आमञ्चार संवाद कार्यक्रमहरु राख्ने योजनाहरु लागु कार्यान्वयन गर्नेछ ।

### ८.५.१. योजना प्रक्रिया

संघ, प्रदेश र स्थानीय तहले तयार गरेका नीति, कार्यक्रम तथा योजनाहरुको अतिरिक्त यो रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि योजना, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, अभिलेख प्रणाली र सिकाइ प्रक्रियालाई यस खण्डमा व्यवस्था गरिएको छ । यी व्यवस्थाहरु संघीय तथा प्रादेशिक ऐन, नियमहरु र नगरपालिकाले तय गरेको नीति, ऐन तथा नियमावलीहरुको आधारमा कार्यान्वयन हुनेछ । गा. पा. को वार्षिक योजना प्रक्रियालाई स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ले मार्गदर्शन गर्नेछ । उक्त मार्गदर्शनभित्र रही निम्नअनुसार योजना तर्जुमा हुनेछः

#### क. योजना छनौटका तह

- संघ संस्था तहः संघ संस्थाका योजनाहरु संकलन गर्ने ।
- वस्ती तहः वस्तीस्तरको योजना संकलन गर्ने ।
- वडा तहः वडा तहको योजना संकलन गर्ने ।
- गाँउ कार्यपालिका तहः गाँउस्तरीय योजनाहरु छनौट गर्ने ।
- गाँउसभा तहः कार्यपालिकाले पेश गरेका योजनाहरुको अन्तिम छनौट गर्ने ।

विभिन्न तहमा योजना छनौट गर्दा दिग्दर्शनले तोकेको प्राथमिकताका आधारहरु र संघ, प्रदेश तथा स्थानीय तहबीच तालमेल मिलाउनुपर्ने विषयमा ध्यान दिइनेछ ।

#### ख. योजना तर्जुमा समितिहरु

- विषयगत समितिः विषयगत योजनाहरु तयार गर्ने ।
- स्थानीय राजस्व परामर्श समितिः राजस्व योजनाका लागि परामर्श दिने ।
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिः आयस्रोत अनुमान गरी विनियोजन रकम निर्धारण गर्ने ।
- बजेट तथा कार्यक्रम तर्जुमा समितिः विस्तृत कार्यक्रम तथा बजेट तयार गर्ने ।

#### ग. बजेट तयारी तथा अख्तियारी चरण

- बजेटको पूर्वतयारीः पौष मसान्तभित्र ।
- संघबाट बजेट सीमा प्राप्त गर्नेः फागुन मसान्तभित्र ।
- प्रदेशबाट बजेट सीमा प्राप्त गर्नेः चैत मसान्तभित्र ।
- कार्यपालिकामा वार्षिक बजेट तथा कार्यक्रम मस्यौदा पेशः असार ५ गतेभित्र ।
- गाँउ/गाँउसभामा पेशः असार १० गतेभित्र ।
- गाँउ/गाँउसभाबाट अन्तिम स्वीकृतिः असार मसान्तभित्र ।
- बजेट प्रकाशनः साउन १५ गतेभित्र ।
- अध्यक्ष/प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नेः सभाबाट पारित भएको ७ दिनभित्र ।
- प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित विभागरशाखा तथा वडालाई कार्यान्वयनको अख्तियारी दिनेः आफूले अख्तियारी पाएको १५ दिनभित्र ।

#### घ. वार्षिक योजनामा रणनीतिक योजना समावेश गर्ने प्रक्रिया

वार्षिक योजना तयार गर्दा रणनीतिक योजनाले तय गरेका लक्ष्य, उद्देश्य, रणनीति तथा वडागत वार्षिक कार्यक्रमहरुलाई समावेश गर्नुपर्नेछ । यसरी प्रस्ताव गरिएका योजनाहरु हरेक तहगत योजना तर्जुमा

प्रक्रियामा प्रस्तुत गर्नुपर्नेछ । मूलभूत उद्देश्य, लक्ष्य, नतीजा र रणनीति तथा कार्यनीतिहरुमा खास असर नपर्ने गरी स्थानीय क्रियाकलापहरुमा औचित्यतासहित सामान्य हेरफेर गर्न सकिनेछ । यसरी योजना बनाउँदा सबै सरोकारवालाहरुलाई जानकारी,सहभागिता र सहमतिको आधारमा तयार गर्नुपर्नेछ । यी प्रक्रियाहरु बैठकको रेकडबाट पुष्टि गर्नुपर्नेछ ।

## ८.६. आवधिक योजना कार्यन्वयन

### पृष्ठभूमि

समृद्ध महालक्ष्मी निर्माण गर्न बनेका योजनाहरूको सफल कार्यान्वयनकालागि तीन तहका सरकारहरू बीच मात्र नभई पालिका भित्रैका सबै वडा कार्यालयहरू तथा विभिन्न सरकारी कार्यालयहरू बीच समन्वय एवम् सहकार्य अत्यावस्यक हुन्छ । नेपालको संविधानको धारा २३२ मा तीन तहका सरकारहरूको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने उल्लेख गरेको छ । त्यसैगरी अनुसूची ५ मा नेपाल सरकारले सम्पादन गर्ने एकल अधिकार क्षेत्र भित्रका कार्यहरू, अनुसूची ६ मा प्रदेश सरकारले सम्पादन गर्ने कार्यहरू, अनुसूची ७ मा संघ र प्रदेशले साझा रूपमा सम्पादन गर्ने कार्यहरू, अनुसूची ८ मा स्थानीय तहका एकल अधिकार क्षेत्र भित्रका कार्यहरू र अनुसूची ९ मा तीन तहका सरकारले सम्पादन गर्ने साझा अधिकारका कार्यहरू उल्लेख गरिएको छ । देशमा संघीयताको अभ्यास प्रारम्भ भए पश्चात् तीन तहमा (संघ, प्रदेश र स्थानीय तह) सरकार गठन भई क्रियाशील भएका छन् । तीन तहका सरकारले कार्यान्वयन गर्ने एकल अधिकार क्षेत्रका कार्यहरूमा प्रष्टता भए तापनि साझा अधिकार भित्रका कार्यहरू कार्यान्वयन गर्ने कार्यहरूमा प्रष्टता आएको छैन । तसर्थ तीन तहका सरकारले प्रभावकारी काम सम्पादन गर्न आपसी सामन्जस्य, समन्वय र सहकार्य आवश्यक पर्दछ । प्रष्टता नभएका कार्यहरू आपसी सहकार्य र समन्वयमा सम्पादन गरी जनतालाई सरकारको उपस्थिति र अनुभूति गराउन सकिन्छ ।

### प्रमुख समस्या

स्थानीय तहका क्षेत्राधिकारहरू मोटामोटी रूपमा मात्र उल्लेख गरिएको र तोकेर नछुट्याइएको हुँदा कार्य सम्पादन गर्न केही अस्पष्टताहरू रहेको । कार्य विस्तृतीकरणमा केही व्याख्या गरिएको भए तापनि व्याख्या नभएका कैयौं सबालहरू रहेको । कार्यान्वयन चरणमा ती कार्यहरू दोहोरिने, एक अर्काको क्षेत्र अतिक्रमण हुने । तीन तहका सरकारले कार्यन्वयन गर्ने आयोजनाहरूको हालसम्म वर्गीकरण नभएको । योजना तर्जुमा तथा कार्यान्वयनमा थप समस्या पैदा गरेको ।

### चुनौती र अवसर

तीन तहका सरकारले कार्यान्वयन गर्ने आयोजनाहरूको वर्गीकरण गरी कार्य प्रष्टता गर्नु । प्राथमिकतामा परेका आयोजनाहरू कार्यान्वयनकोलागि स्रोत व्यवस्थापन गर्नु । आयोजना कार्यान्वनमा प्रभावकरिता ल्याउनु ।

आयोजनाहरूको वर्गीकरण गरी कार्य प्रष्टता ल्याउन आयोजना वर्गीकरण सम्बन्धी छलफलले नीति निर्माताको ध्यान आकर्षण गर्नु । संघीयता कार्यान्वयनकोलागि कार्यतालिका निर्माण हुनु ।

### दीर्घकालीन सोच

“सबै तहका सरोकारवाला सरकारहरू तथा सरकारी निकायसँग सहअस्तित्व सहितको सहकार्य“

### लक्ष्य

सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा समृद्धि हासिल गर्ने ।

### उद्देश्य

१. आयोजना पहिचान, बजेट विनियोजन तथा निर्माणमा सबै तहका सरोकारवाला सरकारहरू तथा सरकारी निकायसँग समन्वय एवम् सहकार्य गर्नु ।

**रणनीति तथा कार्यनीति**

<table>
<tr><th>रणनीति</th><th>कार्यनीति</th></tr>
<tr><td colspan="2">उद्देश्य १ः आयोजना पहिचान, बजेट विनियोजन तथा निर्माणमा सबै तहका सरोकारवाला सरकारहरू तथा सरकारी निकायसँग समन्वय एवम् सहकार्य गर्नु ।</td></tr>
<tr><td>१.१ः तीन तहका सरकारको कार्यक्षेत्र र क्षेत्राधिकार प्रष्ट गर्न आयोजनाहरूको वर्गीकरण गर्न प्रदेश सरकारसँग सहकार्य गर्ने ।</td><td>१. ठूला र रणनीतिक आयोजनाहरूकोलागि आवश्यक स्रोत बहुपक्षीय समन्वय र सहकार्य मार्फत् व्यवस्था गरिनेछ ।<br>२. रणनीतिक महत्त्वका ठूला आयोजनाहरू संघीय तथा प्रदेश सरकारसँगको सहकार्य र समन्वयमा पहिचान, विकास र कार्यान्वयन गरिनेछ ।<br>३. जनतामा सेवाप्रवाह गर्ने साना आयोजनाहरूको पहिचान, विकास र कार्यान्वयन गर्न स्थानीय सरोकारवालाहरूसँग सहकार्य गरिनेछ ।</td></tr>
</table>

**क. कार्यान्वयन योजना**

वार्षिक योजना तयार गर्दा कार्यपालिका बैठकमा कार्यान्वयन योजनाको मुख्य विषयहरु समावेश गरिनेछ । कार्यान्वयन योजनामा कार्यक्रम, बजेट, साझेदार, लाभग्राही, जिम्मेवारी, मुख्य नतीजा र समयतालिका उल्लेख हुनेछ । सो को आधारमा सम्बन्धित कार्यान्वयन निकायले विस्तृत कार्ययोजना बनाइ कार्यान्वयन गर्नेछ ।

**ख.कार्यान्वयन संयन्त्र**

विशेष योजनाबाहेक अल्पकालीन तथा दीर्घकालीन योजना कार्यान्वयनका लागि स्थायी प्रकृतिको निम्न संरचनाले योजना कार्यान्वयन गर्नेछः

- गा. पा. स्तरीय योजना तथा अनुगमन समितिः जनप्रतिनिधि तथा प्रमुख कर्मचारी सम्मिलित समिति ।
- गा. पा. स्तरीय योजना कार्यान्वयन समितिः विषयगत महाशाखा/शाखाका प्रमुखहरुको समिति ।
- विषयगत समितिः जनप्रतिनधिहरुको गा. पा. स्तरीय विषयगत समिति ।
- वडास्तरीय योजना तथा अनुगमन समिति ।
- विषयविज्ञ तथा परामर्श समिति ।

**ग. कार्यान्वयन विधि**

माथिको संयन्त्रले योजना कार्यान्वयनलाई व्यवस्थित गर्न निम्न विधिहरु अवलम्बन गर्नेछः

- कार्ययोजना विस्तृतीकरणः कार्यक्रम,बजेट, कार्यविधि, समय, जिम्मेवारी, नतीजाहरुको विस्तृत विवरण ।

- लागत इस्टिमेट तथा डिजाइन तयारी र स्वीकृति
- खरिद विधि छनोट
- योजना पेश, सम्झौता र कार्यादेश

- कार्यान्वयन, अनुगमन तथा सुपरिवेक्षण
- प्रतिवेदन तथा मूल्याङ्कन
- योजना फरफारक

## ८.७. अनुगमन तथा मूल्याङ्कन योजना

### पृष्ठभूमि

अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ। नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सुनिश्चितताालागि अनुगमन तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणकालागि मूल्याङ्कनको आवश्यकता पर्दछ। विकास आयोजनाहरूबाट, निर्धारित समयावधि भित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था हुनुपर्दछ। अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ, यसको मुख्य उद्देश्य चालु परियोजनाको प्रगति र ढिलासुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिंडाउनु हो।

### प्रमुख समस्या

कर्मचारीहरूको स्थायित्व नहुनु, आवश्यक तथ्याङ्क र सूचनाहरू उपलव्ध र व्यवस्थित नहुनु। सीमित बजेट, तथ्याङ्कको कमजोर आधारहरू, संस्थागत संरचनाहरू व्यवस्थित नहुनु। पर्याप्त जनशक्ति र भौतिक संरचना नहुनु।

### चुनौती र अवसर

सफलतापूर्वक अनुगमन तथा मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु। अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गर्नु।

नतिजामूलक तथ्यहरूको पहिचान गरी आयोजनामा समावेश गर्नु।

अनुगमन तथा मूल्याङ्कन बारे संस्थागत धारण बन्नु। अनुगमन तथा मूल्याङ्कन कार्यकोलागि संगठन संरचना निर्माण गर्दा महत्त्व दिनु।

### दीर्घकालीन सोच

"प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणलीको विकास"

### लक्ष्य

नतिजामूखी अनुगमन तथा मूल्याङ्कन प्रणलीलाई विकास निर्माण तथा व्यवस्थापनमा संस्थागत एवम् स्थापित गर्ने

### उद्देश्य

१. योजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु।

२. अनुगमन तथा मूल्याङ्कन संरचनाको निर्माण तथा नीतिगत व्यवस्था गर्नु।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: योजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु ।** | |
| **१.१:** जनशक्तिको क्षमता अभिवृद्धि गर्ने । | १. अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा काम गर्ने सबै जनशक्तिलाई बलियो साझेदारीको निर्माण, M&E Matrix, Project Performance Information System (PPIS) Software, M&E data को प्रयोग, अभिलेख व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिनेछ । |
| **१.२:** अनुगमन तथा मूल्याङ्कन निर्देशिका बनाई तहगत रूपमा अनुगमन संयन्त्र विकास गर्ने । | १. अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनको प्रयोगबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. हरेक वडाले महिनाको एकपटक र कार्यपालिकाले चौमासिक रूपमा कार्यक्रम तथा आयोजनाको कार्यान्वयन प्रगति अनुगमन गर्ने व्यवस्था गरिनेछ । |
| **१.३:** आयोजनाहरूको हरेक पक्षलाई आधार मानी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने । | १. सार्वजनिक नीति, पञ्चवर्षीय योजना, आर्थिक नीति तथा कार्यक्रम, बजेट तथा आयोजनाको दस्तावेज र अन्तर्राष्ट्रिय प्रतिवद्धताको अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।<br>२. हरेक आयोजनाको समयमा अनुगमन तथा मूल्याङ्कन विश्लेषणको आधारमा योजना तर्जुमा र कार्यान्वयनलाई परिणाममुखी र प्रभावकारी बनाइनेछ । |
| **उद्देश्य २: अनुगमन तथा मूल्याङ्कन संरचनाको निर्माण तथा नीतिगत व्यवस्था गर्नु ।** | |
| **२.१:** अनुगमन तथा मूल्याङ्कनकोलागि स्पस्ट नीति बनाई लागु गर्ने । | १. अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन पुनरावलोकन गरी प्रभावकारी ढङ्गबाट कार्यान्वयन गरिनेछ । |
| **२.२:** अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । | १. आयोजनागत अनुगमन तथा मूल्याङ्कन शाखालाई प्रभावकारी बनाइनेछ । |
| **२.३:** योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनलाई यथार्थपरक र परिणामुखी बनाउने । | १. दिगो विकास लक्ष्यका सूचकहरूको प्रगतिलाई अनुगमन तथा मूल्याङ्कनमा एकीकृत गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. आयोजनाहरूको आवश्यक अनुगमन र मूल्याङ्कन
२. निर्देशिका तथा अन्य सामग्रीको विकास
३. अनुगमन तथा मूल्याङ्कन मापदण्ड बनाई कार्यान्वयन
४. अनुगमन तथा मूल्याङ्कन योजना तर्जुमा
५. सूचकहरूको निर्माण

**अपेक्षित उपलब्धि**

आयोजना अनुगमन र मूल्याङ्कनकोलागि छुट्टाछुटै निर्देशिका बनेको हुनेछ । हरेको आयोजनाकोलागि अनुगमन तथा मूल्याङ्कनका सूचकहरू बनेका हुनेछन् । सूचकहरूको आधारमा आयोजनाहरूको मूल्याङ्कन गरिएको हुनेछ । विकासकोलागि छुट्याइएको बजेटको निश्चित प्रतिशत अनुगमन तथा मूल्याङ्कनकोलागि छुट्याइएको हुनेछ । अनुगमन तथा मूल्याङ्कनबाट निस्केका परिणामहरू र सिफारिसहरूलाई योजना तर्जुमा समावेश गरिएको हुनेछ ।

### ८.७.१. अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

आवधिक योजनाले निर्धारित गरेको लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफलहरु हाँसिल उन्मुख भए नभएको निगरानी गर्न र लक्ष्य तथा उद्देश्य प्राप्तिको लेखाजोखा गर्न अनुगमन तथा मूल्याङ्कन प्रणालीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । आवधिक योजनाको कार्यन्वयनका लागि वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा र कार्यन्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गरी योजनाले निर्धारण गरेका लक्ष्य, असर र प्रतिफल हासिल गर्ने दिशातर्फ भएको प्रगति आवधिक रुपमा मापन गर्नुपर्दछ ।
यसका लागि योजना कार्यान्वयनका दौरान आइपर्ने समस्याहरुको समाधान एवम् गरिएको लगानी तथा स्रोतसाधनको प्रवाह आशातीत ढङ्गबाट भए नभएको जानकारी समेत प्राप्त गर्नुपर्ने हुन्छ । तसर्थ नगरपालिकाको आवधिक योजनाको आधारमा वार्षिक योजना तर्जुमा गरी सोको कार्यान्वयनको लागि वार्षिक कार्यान्वयन कार्यतालिका समेत तयार गर्नुपर्दछ । यसरी तयार भएको कार्यान्वयन कार्यतालिकामा अनुगमन तथा मूल्याङ्कनका कार्यहरुसमेत निर्दिष्ट गर्ने एवम् सो अनुसार अनुगमन गर्ने र उद्देश्य प्राप्तिको अवस्था लेखाजोखा गर्न मूल्याङ्कन गर्ने कार्यप्रणाली स्थाापित गर्नुपर्दछ ।

### ८.७.२. अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

स्थानीय आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गर्नुपर्दछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ र यस कार्यमा वार्षिक विकास कार्यक्रमको अनुगमन, सुपरीवेक्षण र प्रतिवेदनको लागि गठित अनुगमन तथा सुपरीवेक्षण समितिलाई परिचालन गर्नुपर्नेछ । आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनमा संलग्न हुने निकायहरुको निम्न हुनसक्दछन्:

- नगर कार्यपालिका
- जिल्ला समन्वय समिति

### ८.७.३. अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

वार्षिक योजना अनुगमनका लागि स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ तोकेबाहेक वार्षिक तथा आवधिक योजनाको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि निम्न विधिहरु अवलम्बन गरिनेछ:

**क. अनुगमन तथा मूल्याङ्कनका चरणहरु**

▪ योजना चरण : यस चरणका रणनीतिक योजना तथा आवधिक कार्यक्रमका सूचीहरु वार्षिक योजनाभित्र के,कति समावेश भए भन्ने पक्ष यकिन गरिनेछ ।

■ कार्यान्वयन चरण : यस चरणमा योजनाको गति अनुगमन (Track monitoring) चौमासिक रुपमा गरिनेछ । यसमा मुख्यतयाः योजनाहरुको प्रगति अपेक्षित नतीजा र आवधिक लक्ष्य प्राप्तितिर उन्मुख भए नभएको यकिन गरिनेछ ।

■ कार्यसम्पन्न चरण : यस चरणमा योजनाको उद्देश्य, विधि, बजेट र समयभित्र तोकिएको नतीजा हासिल भए नभएको यकिन गरिनेछ ।

■ प्रभाव मूल्याङ्कन चरण : रणनीतिक योजनाले प्राथमिकतामा राखेका गौरव आयोजनामध्येका विषयगत, स्थानगत, लाभग्राही र बजेटअनुसार केही योजनाहरुको प्रभाव मूल्याङ्कन गरिनेछ । यस अन्तर्गत कार्यक्रमले जीवनस्तर सुधारमा ल्याएको परिवर्तनबारे लेखाजोखा गरिनेछ ।

**ख. अनुगमन तथा मूल्याङ्कन विधि**

१. कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिले आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गर्नेछ ।

२. गा. पा. ले १ करोड बढी लागतका योजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराउनेछ ।

३. रणनीतिक योजनाको प्रभाव थाहा पाउन,योजनाले लक्ष राखेका लाभग्राहीहरु लाभान्वित भए नभएको एकीन गर्न ,आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण लिन,योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न बहुसरोकारवाला निकायहरुको सहभागितामा तीन वर्षपछि प्रभाव मूल्याङ्कनको व्यवस्था गर्नेछ । यस्ता प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरुको जानकारीको लागि सार्वजनिक समेत गर्ने छ ।

४. अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्नेछ ।

५. अनुगमनका लागि निम्न विधिहरु प्रयोग गरिनेछः

- स्थलगत अवलोकन,
- सरोकारवालाहरुसँग छलफल,
- नागरिक समाजका सँस्थाहरु परिचालन,
- मिडिया अनुगमन
- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण
- वेब साइट, मोबाइल एप्स् तथा सूचना पाटीमा प्रकाशन

## सन्दर्भ सामाग्री


- स्थानिय सरकार सञ्चालन ऐन २०७४
- नेपालको संविधान, २०७२
- केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०६८
- महालक्ष्मी नगरपालिकाको पार्श्व चित्र
- नापी विभाग, टोपोग्राफिक नक्शाहरु, १९९२
- महालक्ष्मी नगरपालिकाको आर्थिक प्रतिवेदन, २०७५
- नगरपालिका तथा नगरपालिकाको संक्षिप्त परिचय पुस्तिका, २०७४
- Geographical Coding of States, Districts and Local units : NPC/CBS, 2017
- NEPAL Multidimensional Poverty Index, 2018: National Planning Commission
- A study on Foreign Aid Mobilization in Federal Nepal, Dec. 2017: Ministry of Finance
- नेपालको पन्ध्रौ आवधिक विकास योजना (२०७६/७७-२०८०/८१)
- सहस्राब्दी विकास लक्ष्य
- सार्वजनिक खरिद ऐन,२०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- आर्थिक वर्ष २०७६/०७७को बजेट वक्तव्य, २०७७: अर्थ मन्त्रालय
- राजस्व परामर्श समितिको प्रतिवेदन,२०७४: अर्थ मन्त्रालय
- अन्तर सरकारी वित्तीय हस्तान्तरण, आर्थिक वर्ष २०७५२०७६: अर्थ मन्त्रालय २०७५
- कार्य सञ्चालन निर्देशिका, २०७३: अर्थ मन्त्रालय
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४
- आर्थिक वर्ष २०७५२०७६ का लागि प्रदेश सरकारबाट स्थानीय तहमा हुने सवारी साधन
- कर बाँडफाँटम्बन्धी सिफारिस, २०७५: राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
- आर्थिक सर्वेक्षण २०७४ र ०७५: अर्थ मन्त्रालय
- दिगो विकास लक्ष्य २०३०: राष्ट्रिय योजना आयोग २०७३

# अनुसूची-१ कार्यक्रम खाका

| उद्देस्य नम्बर (१) | कार्यक्रम तथा आयोजना (२) | एकाई (३) | आधार बर्षको अवस्था (४) | योजनाको कुल लक्ष्य (५) | अनुमानित श्रोत र बार्षिक रकम (रु. हजारमा) | | | | | | प्रति एकाई लागत (१२) | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेश,नेपाल सरकार) (१३) | स्थानगत तथा कार्यक्रम विवरण (१४) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८०/८१ | ०८१/८२ | ०८२ /८३ | ०८३/८४ | ०८४/८५ | जम्मा | | | |
| | १.कृषि तथा पशुपालन | | | | | | | | | | | | |
| 1.1 | चिस्यान केन्द्रको(500MT) निर्माण गर्ने | संख्या | ० | १ | १५०० | १०५०० | | | | 12000 | १२००० | संघिय सरकार | वडा न ९ |
| 1.2 | कृषि घर निर्माण (तरकारी संकलन तथा वितरण केन्द्र तथा बिउ भण्डार) | संख्या | ० | ४ | १५००० | १५००० | | | | 30000 | ७५०० | आफै | वडा न ६,८,९,१० |
| 1.3 | पालिकाको कृषि नीति तयार गर्ने | पटक | ० | १ | १००० | | | | | 1000 | १००० | आफै | सबै वडा |
| 1.4 | टनेल निर्माण कार्यक्रम | संख्या | ० | ४००० | २०००० | २०००० | २०००० | २०००० | २०००० | 100000 | २५ | आफै | वडा न ६,८,९,१० |
| 1.5 | एक घर एक कौसी खेतीको लागि तालिम तथा बिरुवा वितरण कार्यक्रम | घरधुरी | ० | ८००० | १६००० | १६००० | १६००० | १६००० | १६००० | 80000 | १० | आफै | वडा न १,२,३,४,५ |
| 1.6 | लुभु बजार व्यवस्थापन (तरकारी,फलफुललाई देवीस्थान र बद्शाला साहीटोल) | संख्या | ० | १ | | ५००० | | | | 5000 | ५००० | प्रदेश सरकार | लुभु वडा न ९ |
| 1.7 | गोदवोरी कोरिडोर क्षेत्रमा बजार व्यवस्थापन | संख्या | ० | १ | | | ५००० | | | 5000 | ५००० | प्रदेश सरकार | वडा न ५ |
| 1.8 | कर्मनासा खोला हाट बजार व्यवस्थापन | संख्या | ० | १ | | | | ५००० | | 5000 | ५००० | प्रदेश सरकार | वडा न १ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1.9 | फेदीखोला,लाकुरी भन्ज्यांग, र भीमसेन डांडा क्षेत्रमा बजार निर्माण | संख्या | ० | ३ | | ३५०० | ३५०० | ३५०० | | 10500 | ३५०० | संघिय सरकार | वडा न १० |
| 1.10 | तरकारी खेति पकेट क्षेत्र निर्धारण तथा अनुदान | क्षेत्र | 0 | 8 | | 700 | 700 | 700 | 700 | 2800 | 350 | आफै | वडा न ६, ८,९,१० |
| 1.11 | फलफुल पकेट क्षेत्र निर्धारण तथा अनुदान (कृषक समूह) ( कागती, केरा, अम्बा) | क्षेत्र | ० | ४ | | १४०० | | | | 1400 | ३५० | आफै | वडा न ,९,१० |
| 1.12 | गाइ पालन पकेट क्षेत्र निर्धारण तथा अनुदान ( समूहगत) | क्षेत्र | 0 | 20 | 2000 | 2000 | 2000 | 2000 | 2000 | 10000 | 500 | आफै | वडा न ६,८ ,९,१० |
| 1.13 | कुखुरा तथा कालिज पालन क्षेत्र निर्धारण तथा अनुदान ( समूहगत) | क्षेत्र | 0 | 10 | | | 2500 | 2500 | | 5000 | 500 | आफै | वडा न ९,१० |
| 1.14 | माछा पालन क्षेत्र निर्धारण तथा अनुदान ( समूहगत) | क्षेत्र | 0 | 6 | | | | 3000 | | 3000 | 500 | आफै | वडा न ६, ८,९,१० |
| | **जम्मा** | | | | **55500** | **74100** | **49700** | **52700** | **38700** | **270700** | | | |
| | २.सिंचाई | | | | | | | | | | | | |
| 2.1 | एकीकृत लामाटार सिंचाई आयोजना | किमी | ० | १ | 2000 | | | | | 2000 | २००० | आफै | वडा न ९ |
| 2.2 | मानेदोभान फेदी खोला सिंचाई आयोजना निर्माण | किमी | ० | २ | 4000 | | | | | 4000 | २००० | प्रदेश सरकार | वडा न १० |
| 2.3 | गोदवोरी खोलामा ३ कि.मी. सम्म राजकुलो निर्माण गर्ने | किमी | ० | ३ | | | 6000 | | | 6000 | २००० | प्रदेश सरकार | वडा न ६ |
| 2.4 | गोदवोरी नदिबाट सिंचाईको योजना | किमी | ० | १.५ | | | | | 3000 | 3000 | २००० | आफै | वडा न ७ |
